सबका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

ग्राफी

संचेतना द्वैमासिक

पूर्णाङ्क ४५ माघ-फागुन २०५९ (Feb. 2003)

बन्द हुनुपर्छ सधैंका लागि

नेपालीले नेपालीलाई मार्न

मूल्य रु. १०/-

सरकार-माओवादी युद्धविराम : प्रस्तावित आचारसंहिता

नेपालमा नेकपा (माओवादी) द्वारा सञ्चालित 'जनयुद्ध' तथा 'जनयुद्ध' दमन गर्ने सिलसिलामा श्री ५ को सरकारद्वारा अवलम्बन गरिएका नीति एवम् शैलीका कारण व्यापक जनधनको क्षति भएको तथा गम्भीर रूपमा मानवअधिकारको हनन तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको उल्लंघन भएको तथ्यलाई हृदयंगम गर्दै, जनताको ससम्मान शान्तिपूर्वक बाँच्न पाउने आधारभूत मानवअधिकारको अनिवार्य संरक्षणको यथार्थलाई मनन गर्दै, श्री ५ को सरकार र नेकपा (माओवादी) बीच शान्तिपूर्ण माध्यमद्वारा वर्तमान आन्तरिक हिंसात्मक युद्धको निकासका निमित्त घोषित "युद्धविराम" को सतर्कताकासाथ स्वागत गर्दै, आन्तरिक सशस्त्र संघर्षको शान्ति-सम्वादद्वारा दीर्घकालीन समाधान खोज्ने विगत वर्षमा भएका विभिन्न चरणका असफल वार्ताहरूको प्रतिफलस्वरूप हिंसामा भएको बढोत्तरीलाई पुनः स्मरण गर्दै, विगतमा "युद्धविराम" को अवस्थामा "युद्धविराम"-को उपयुक्त परिभाषाको अभावमा वार्तामा संलग्न पक्षहरूले के-कस्ता क्रियाकलापहरू अवलम्बन गर्न हुने वा नहुने भन्ने किटान नभएको र एक पक्षले अर्को पक्षलाई वार्ताको वातावरण विथोलेको भनी निरन्तर दोषारोपण गरिएको तथ्यलाई गम्भिरताकासाथ स्मरण गर्दै, आन्तरिक सशस्त्र संघर्षको शान्तिपूर्ण अवतरणको एक मात्र विकल्प सम्वाद नै भएको तथा हिंसाको निरन्तरताले प्रतिहिंसाको श्रृंखला बढाउने सत्यलाई महसुस गर्दै, वर्तमान परिवेशमा श्री ५ को सरकार तथा नेकपा (माओवादी) बीच संयुक्त रूपमा 'युद्धविराम' को घोषणा भई शान्ति वार्ता प्रतिनिधिसमेत चयन भइरहेको सन्दर्भमा काठमाण्डौमा आयोजित मानवअधिकारवादीहरूको एक भेलाले सम्बन्धित दुबै पक्षबाट 'युद्ध विराम' तथा शान्ति वार्ताको वर्तमान परिप्रेक्ष्यमा परिपालना गरिनुपर्ने निम्न लिखित आचारसंहिता प्रस्ताव गरेको छ।

श्री ५ को सरकार पक्षबाट पालना गरिनु पर्ने	नेकपा (माओवादी) पक्षबाट पालना गरिनु पर्ने	दुबै पक्षबाट पालना गरिनु पर्ने
१. शान्ति वार्ताको निमित्त सरकारी पक्षको आधिकारिक प्रतिनिधित्व अविलम्ब सार्वजनिक गरिनु पर्ने।	१. औद्योगिक प्रतिष्ठान, गैरसरकारी संस्था, पसल, निजी निवास वा व्यक्ति कहीं कतैबाट पनि जबरजस्ती चन्दा संकलन गर्न नहुने।	१. प्रत्येक अर्को चरणको वार्ताप्रति सहमति भएपछि युद्धविरामको अवधि पनि सोही अनुसार स्वतः थपिएको मानिनु पर्ने।
२. वार्ता चलिरहेको अवस्थामा माओवादी भएको आधारमा वा अन्य कुनै वहानामा कसैलाई पनि आस्थाका आधारमा गिरफ्तार गर्न नहुने।	२. जनकार्वाहीका नाममा कसैलाई पनि अपहरण गर्न नहुने तथा आफ्नो अनुकूलताका निम्ति कसैलाई पनि आतंकित तथा भयग्रस्त तुल्याउन नहुने।	२. युद्धविरामको अवधिमा दुबै पक्षले एक आपसमा र आमनागरिक समेतमा संत्रास एवम् उत्तेजना फैलिने गरी सशस्त्र शक्तिको परिचालन, प्रदर्शन र प्रयोग गर्न नहुने।
३. आतंककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण गर्न बनेको ऐन, २०५८ अविलम्ब खारेजी गर्नु पर्ने।	३. सर्वसाधारणको प्रत्यक्ष सरोकारका निकायहरूमा आक्रमण गर्ने तथा क्षति पुऱ्याउने जस्ता काम कार्वाहीहरू तत्काल बन्द गरिनु पर्ने।	३. युद्धविरामलाई शक्ति संचयको अवसरको रूपमा दुरूपयोग गर्न नहुने।
४. शान्तिपूर्ण रूपमा सभा सम्मेलन गर्नेलगायत् अन्य सविधानप्रदत्त मौलिक अधिकारको उपयोग गर्न वाधा व्यवधान खडा गर्न नहुने।	४. शिक्षण संस्थाहरूमा कुनै पनि किसिमको जबरजस्ती गरी शिक्षक, विद्यार्थी तथा अविभावकहरूलाई आतंकित तथा भयग्रस्त तुल्याउन नहुने तथा शैक्षिक वातावरण खल्बल्याउन नहुने।	४. युद्धविरामलाई विना शर्त निरन्तरता प्रदान गरी शान्ति सम्वादको निमित्त पारदर्शितापूर्ण आचार संहिता तयार गर्ने।
५. राजनीतिक आस्थाका आधारमा पक्राउ गरी बेपत्ता पारिएकाहरूलाई सार्वजनिक गरिनु पर्ने तथा आस्थाका बन्दीहरूलाई रिहा गर्नु पर्ने।	५. बाल सैन्य अविलम्ब मुक्त गरिनु पर्ने।	५. दुबै पक्षद्वारा सञ्चारका सबै माध्यमलाई शान्तिवार्ताको वातावरणमा प्रतिकूल हुनेगरी प्रयोग गर्न नहुने।
६. विभिन्न वहानामा आस्थाका बन्दीहरू उपर लगाइएका झुट्टा मुद्दाहरू खारेजी गर्नु पर्ने तथा रिहा गरिएका बन्दीहरूलाई पुनः पक्राउ गर्न नहुने।	६. अपहरित या कब्जामा लिइएका भनिएका सम्पूर्ण व्यक्तिहरूको अवस्था सार्वजनिक गरी उनीहरूलाई मुक्त गर्नु पर्ने।	६. प्रस्तावित शान्ति सम्वादको सम्पूर्ण प्रक्रियामा महिला, बालबालिका, जनजाति तथा दलितहरूको अर्थपूर्ण प्रतिनिधित्व तथा सहभागिता सुनिश्चित गरिनु पर्ने।
७. वार्तामा सहभागी हुने सरकारी प्रतिनिधिलगायत् सरकार पक्षका कुनै पनि व्यक्तिहरूले वार्ताको भावना विपरीत अभिव्यक्ति गर्न नहुने।	७. आस्थाको आधारमा राजनीतिक दलका गतिविधिहरू उपर कुनै बन्देज लगाउने या जबरजस्ती भय सृजना गर्न नहुने।	७. युद्धविरामको स्थायित्व तथा शान्ति सम्वादको सहजताको निमित्त विभिन्न राजनीतिक दलहरू, मानवअधिकारकर्मीहरू र नागरिक समाजको अनिवार्य प्रतिनिधित्व सुनिश्चित गरिनु पर्ने।
८. माओवादी समस्यासँग सम्बन्धित कुनै पनि प्रयोजनको निम्ति सुरक्षा बलको प्रयोग गर्न नहुने।	८. प्रस्तुत आचारसंहिता नेकपा (माओवादी) का सबै तहका नेता तथा कार्यकर्ताहरूद्वारा पालना गर्न गराउनका निम्ति पार्टीको केन्द्रीय तहबाटै सार्वजनिक सूचना जारी गरिनु पर्ने।	८. मानवअधिकार तथा मानवीय कानूनहरूको अनिवार्य पालना गरिनु पर्ने।
९. शान्ति वार्ताको चरणमा द्वन्द्व पीडित समुदायको लागि व्यापक स्तरको पुनर्स्थापना र उद्धारको कार्यक्रम सञ्चालन गर्नुपर्ने।		९. मानवअधिकार तथा मानवीय कानूनहरूको गम्भीर उल्लंघनकारीहरू एवं मानवताविरूद्धको अपराधमा संलग्न दोषीहरूलाई जवाफदेही बनाउनु पर्ने।
		१०. अशान्तिका कारण, विगतमा त्यसको समाधान गर्न नसक्नुका कारण र भविष्यमा समस्याको दीर्घकालीन समाधान गर्न अपनाउनु पर्ने उपायको बारेमा आधारभूत तहका जनताको सुझावलाई केन्द्रभागमा राखी नेपाल अधिराज्यको संविधान २०४७ द्वारा प्रदत्त सम्पूर्ण मौलिक हकअधिकारमा कटौती नहुने गरी नागरिक एजेण्डा तय गर्नु पर्ने।

पर्यवेक्षण: उपर्युक्त आचारसंहितामा उल्लेखित बुँ[illegible]को परिपालन भए/नभएको विषयमा मानवअधिकार समुदाय[illegible] नियमित पर्यवेक्षण गर्नेछ।

मानवका लागि मानवअधिकार
मानवअधिकार लागि उपयुक्त संस्कृति

प्राची

संचेतना द्वैमासिक

वर्ष ११, पूर्णाङ्क ४५, माघ-फागुन २०५९

संस्थापक
सुशील-प्रकाश

सल्लाहकार
सुबोधराज प्याकुरेल
कुन्दन अर्याल

सम्पादक
प्रकाश झवाली

आवरण / ले-आउट
गोविन्द त्रिपाठी

फोटो
विमलचन्द्र शर्मा, इन्सेक
एबीसी स्टुडियो

व्यवस्थापन
सैलेश शर्मा

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
द्वारा प्रकाशित

पत्र मञ्जुषा : २७२६ काठमाण्डौ
टेलिफोन- २७८७७०
फ्याक्स- २७०५५१
इमेल : insec@wlink.com.np
वेभसाइट : www.insec.org.np

मुद्रक
नवयुग सहकारी छापाखाना
मदननगर, बल्खु, काठमाण्डौ
फोन : २७५६९७

नेपालीले नेपालीलाई मार्न बन्द हुनुपर्छ

६

अदालतको अवहेलना

१६

कृष्णमोहन श्रेष्ठको हत्या

३१

- विश्वव्यापीकरण, जेण्डर र हाम्रो परिवेश /२२
- स्थलगत अध्ययन किन र कसरी ? /२५
- यातना क्षतिपूर्ति सम्बन्धी कानूनमा सुधारको आवश्यकता /२७
- नेपालमा आधारभूत मानवअधिकारको अवस्था /२९

नियमित स्तम्भहरु

- लेन्सबाट २
- कार्टून र मानवअधिकार २
- आफ्नै इतिहास ४
- क्रिया-प्रतिक्रिया ४
- महासचिवको पातो ५
- अधिकार अनुगमन १९
- विविध ३३
- कथा ३४
- कविता ३४
- तथ्यांकमा नेपाल ३५
- पुस्तक परिचय ३७
- छिस्स ३७
- इन्टरनेटमा मानवअधिकार ३८
- प्राची-वार्ता ३९

Digitized By : Bimal Chandra Sharma

लेन्सबाट

घटनास्थलमा श्रद्धासुमन : २६ जनवरी २००३ (१२ माघ ०५९) मा ललितपुरको बागडोलमा सशस्त्र प्रहरी बलका महानिरीक्षक कृष्णमोहन श्रेष्ठ, उहाँकी श्रीमती नुडुप श्रेष्ठ तथा अंगरक्षक सूर्य रेग्मीको हत्या भएको स्थानमा रगतका टाटाहरु र त्यसमाथि शुभचिन्तकहरुले श्रद्धाञ्जलीस्वरुप चढाएका फूल तथा शोकपत्रहरु। इन्सेटमा कृष्णमोहन श्रेष्ठको फोटो ।

– विमलचन्द्र शर्मा

कार्टून २ मानवअधिकार

अदालतले बन्दी रिहाईका लागि आदेश दिएता पनि प्रहरीले पुनः गिरफ्तार गर्ने घटनाहरु भएका छन्।

५ माघ ०५९ को कान्तिपुर दैनिकमा छापिएको कार्टून

दिगो शान्तिको कामना

- माओवादी "जनयुद्ध" घोषणा भएको सात वर्ष पुग्न १५ दिन बाँकी छँदा, सरकार-माओवादीबीच अघिल्लो वार्ता भंग भएको १४ महिना ७ दिनपछि, देशमा संकटकालीन स्थितिको घोषणा भएको १ वर्ष २ महिना ४ दिन र संकटकाल समाप्त भएको ५ महिना २ दिन बित्दा तथा शाही घोषणा भएको ४ महिना पुग्न ३ दिन बाँकी छँदा दुवै पक्षबाट युद्धविरामको घोषणा गरियो। यी मितिले हामीलाई एकपटक विगत सातवर्षे हत्याहिंसाका क्रममा भएका महत्वपूर्ण घटना स्मरण गराउँछन्।

  ०५९ माघ १५ गते सरकार र माओवादी दुवैतर्फबाट युद्धविरामको घोषणा भयो। यसले नेपाली जनतामा आशाको नयाँ संचार प्रदान गरेको छ। हत्या-हिंसाको चपेटाबाट मुलुकले मुक्ति पाउनु पर्दछ भन्ने आम नेपाली जनताको आकांक्षामा अब कुनै पनि पक्षबाट कुठाराघात हुनु हुँदैन। यद्यपि, यसबीचका प्रकृयागत सवालहरू शंकारहित छैनन्। अर्कातर्फ, सरकारी पक्षबाट गैरकानूनी गिरफ्तारीका घटनाहरू दोहोरिएका छन्। माओवादीका तर्फबाट हत्या र अपहरणका घटना पूर्णरूपमा रोकिएका छैनन्। यसबाट युद्धविरामका न्यूनतम मापदण्ड पालनमा दुवै पक्ष इमान्दार नदेखिएको स्पष्ट हुन्छ।

  मानवअधिकार समुदायबाट दुवै पक्षले आचारसंहिता निर्माण गरी त्यसको पूर्णपालना हुनुपर्ने आवाज उठ्दै आएको छ। गत वर्षको युद्धविराम, ३ चरणमा सम्पन्न वार्ता र एकतर्फी भंग गरिएको घटनाले सबैलाई वार्ताका निश्चित प्रकृयाहरूमा गंभीर हुन शिक्षा दिएको छ। यसतर्फ उदासीन हुने हो भने देशले पुनः त्यस्तै पीडा भोग्नुपर्ने स्थिति नआउला भन्न सकिँदैन। गत वर्ष वार्ता भंग भएपछि देशले सबैभन्दा बढी दुःखद परिस्थिति भोग्नुपरेको तथ्य सबैले मनन गर्नुपर्छ। जनतालाई केन्द्रमा राखेर, उनीहरूकै बीचबाट शान्ति प्रकृयाको शुरूवात हुनुपर्छ। वार्ता प्रकृयाको पारदर्शीता अर्को महत्वपूर्ण सवाल हो। जबसम्म पारदर्शिता कायम हुँदैन, तबसम्म शंका गर्नुपर्ने ठाउँ नरहला भन्न सकिदैन। यसप्रति पनि दुवै पक्ष गम्भीर हुनु जरूरी छ।
- अदालतको आदेश सरकारीतर्फबाट उल्लंघनका घटना पटक-पटक भएका छन्। देशको सर्वोच्च न्यायिक निकाय सर्वोच्च अदालतको आदेश परिपालना गर्नुपर्नेमा रिहा भएका बन्दीहरूलाई पुनः गिरफ्तार गरी बेपत्ता पार्ने र अर्को मुद्दा लगाएर थुनामा राख्ने कार्यहरू भइरहेका छन्। यसबाट मानवअधिकार र कानूनी शासनको उपहास भएको छ। विभिन्न अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेजहरूको समेत पक्षराष्ट्र भइसकेको अवस्थामा न्यायपालिकाको आदेश उल्लंघन गरिनुले मानवअधिकारको परिपालनामा राज्यपक्षको प्रतिबद्धतामाथि नै प्रश्न चिन्ह खडा भएको छ।
- माओवादीहरूले सशस्त्र प्रहरीबलका महानिरीक्षक कृष्णमोहन श्रेष्ठ, उहाँकी श्रीमती नुडुप श्रेष्ठ र अंगरक्षक सूर्य रेग्मीको हत्या गरे। प्रहरीको छानबिन समितिले माओवादीहरूद्वारा उक्त हत्या गरिएको तथ्य पत्ता लगाएको सार्वजनिक भएको छ। युद्धरत अवस्थामा नरहेका, निःशस्त्र व्यक्तिमाथि गरिएको जघन्य आक्रमणले जेनेभा महासन्धिको भावनालाई कुल्चिएको छ। माओवादी नेता डा. बाबुराम भट्टराईले कृष्णमोहनको हत्या राज्यपक्षलाई वार्तामा आउन वाध्य तुल्याउने कारणहरूमध्ये एक भएको कुरा घुमाउरो तरिकाले लेखमार्फत् सार्वजनिक गरेका छन्। तर, माओवादी पक्षले अझै पनि हत्याबारे आफ्नो स्पष्ट धारणा सार्वजनिक गरेको छैन। कुनै पनि तर्कले हत्याको औचित्य स्थापित गर्न भने किमार्थ सकिँदैन।
- विश्वभरका श्रमिक महिलाहरूको प्रेरणाको दिन, आठ मार्च नजिकिएको छ। आफ्ना अधिकारका लागि संगठित ढंगले अगाडि बढ्न यसले सबै महिलामा सन्देश संचार गर्नुपर्छ। हत्याहिंसाका कारण दोहोरो मारमा परेका नेपाली महिला स्वयं जागृत नहुँदासम्म अधिकारवहाली सम्भव छैन। अधिकारप्राप्तिका लागि संगठित अभियान संचालन गर्न आठ मार्चले प्रेरणा प्रदान गरोस्। अनिमात्र दिवस मनाउनुको सार्थकता हुन्छ। दिगो शान्तिको कामनासहित।

आफ्नै इतिहास

"..... बहुसंख्यक मानिसको भलाइका लागि आफ्नो सबभन्दा प्रिय कुरो जीवनलाई नै उत्सर्ग गर्ने बहादुरहरूलाई समाजले सबभन्दा सम्मानित शब्दले विभुषित गर्दछ- शहीद। आफू जलेर कालरात्रीमा उज्यालो छर्छन्, शहीदहरू। त्यसैले नयाँ पिंढी महान् शहादत्वप्रति नतमस्तक हुने गर्दछन्। शहीद सप्ताह वा शहीद दिवसमा अन्य कुनै औपचारिक समारोह आदिमा शहीदप्रति श्रद्धाञ्जली चढाइन्छ, शहादत्वका बयान पनि गाइन्छ। तर, जीवनकाल भर ढोंग र प्रचारवाजीका विरूद्ध लड्ने शहीदहरूप्रतिको साँचो श्रद्धाञ्जली उनीहरूको सपनालाई मूर्त रूप दिन अघि बढ्नु नै हो। ..... मानवअधिकारका उल्लंघनकर्ताहरूलाई यथोचित सजाय नदिइकन मानवअधिकारको संरक्षण र सम्मान गर्ने परिपाटी बस्न सक्दैन। त्यस कुराको अभावमा मानवअधिकार का लागि उपयुक्त संस्कृतिको स्थापना पनि गर्न सकिदैन। देशको यस्तो परिप्रेक्ष्यमा, शहीद सप्ताहको अवसरमा मानवअधिकारको सम्बर्द्धन र सम्मान गर्न चाहने मानिसहरूले प्रण गर्नुपरेको छ- यस्तै अप्ठ्याराहरूका बीच पनि हामी निरन्तर मानवीय संवेदनायुक्त सुन्दर समाज स्थापना गर्ने शहीदको सपना बोकेर अघि बढिरहने छौं। शहीद सप्ताहले यही सन्देश दिएको छ।"

– प्राची, पुस-माघ, ०४९ बाट

क्रिया – प्रतिक्रिया

सर्वप्रथम प्राचीको पूर्णांक ४३, असोज-कार्तिक अंकदेखि यो पत्रिकाको पुरानो शैलीलाई बदलेर केही परिमार्जनसहित नयाँ ढाँचामा प्रकाशित गर्नुभएकोमा साधुवाद। अघिल्लै अंकको बारेमा प्रतिक्रिया पठाउने इच्छा भए पनि समय अभाव भएका कारण सकिएन र यो मंसिर-पुस अंक पढेपछि प्रतिक्रिया पठाएको छु।

प्राचीमा समेटिएका विषयवस्तु राष्ट्र, राष्ट्रियता र नेपाली जनताका सरोकारका विषय हुन्छन्। यो अंकले प्रेस जगतले खेल्नुपर्ने पारदर्शी, जवाफदेही र इमान्दार भूमिकाप्रति गम्भीर रूपमा लक्षित गरेको पाएँ। एकजना पत्रकारको लापरवाहीले कति संकट निम्त्याउँछ र प्रेसको स्थानलाई कहाँ पुऱ्याउँछ भन्ने गुदी निर्मलमणि अधिकारीको लेखमा पाएँ। दमननाथ ढुंगानाको स्वतन्त्र विश्लेषण, हालको पत्रकारितामा देखिएको सत्य, तथ्य वर्णन हो भन्न लजाइरहनु पर्दैन। यस अंकमा समेटिएका सबै विषयवस्तुहरू पठनीय, ज्ञानवर्द्धक, विश्लेषणात्मक र रोचक छन्। "बढ्दै गएको नृशंसता"मार्फत् कृष्ण गौतमले नेपालीहरूको वर्तमान पीडालाई अक्षरश: उतारेकोमा धेरै धन्यवाद। आत्माराम शर्माको कथाले हामी प्रगतिशील युवाहरूको मन छोएको छ। भूपि शेरचनको कविताको मिठो सान्दर्भिकतालाई औंल्याउन सम्पादन समूह सफल छ। लेन्सवाट, छिस्स, कार्टून र मानवअधिकार, आफ्नै इतिहास, पुस्तक परिचय र इन्टरनेटमा मानवअधिकार स्तम्भ साह्रै राम्रा छन्। यिनको निरन्तरताको आशा राख्दछु। प्राची क्वीज उपयोगी छ। अनि, यो अंकमा प्रस्तुत डा. दुर्गा पोखेलको अन्तर्वार्ता साँच्चै नै रोचक र समसामयिक छ।

महासचिवको पातोमा महासचिव सुवोधराज प्याकुरेल राम्ररी जम्नुभएको छ। तर, त्यो विचार हाम्रो देशको सरकार र माओवादी विद्रोहलाई "कागलाई बेल पाक्यो हर्ष न विस्मात" भइदिन्छ। मानवअधिकार शिक्षा कार्यक्रम रेडियो नेपालवाट शनिबार ८:३० मा प्रशारण हुन्छ भनेर प्राचीमा सूचना दिइएको छ तर कार्यक्रम ८:३५ मा प्रशारण हुन्छ। त्यसकारण यो सूचनालाई वदल्नुपर्ने हो कि ? अन्तमा, पत्रिका अझ गुणात्मक वनोस् भन्ने शुभकामना।

– नानिबाबु घिमिरे, अध्यक्ष
मानवअधिकार शिक्षा रेडियो श्रोता क्लब, सिर्थौली-२, सिन्धुली

सरकार र माओवादीको यथार्थतालाई विशेष ग्राह्यता दिई जनयुद्ध शुरू भएयताका क्रुर र आतंकका यथार्थ घटना, विचार विश्लेषणलाई समावेश गरी तयार पारिएको मानवअधिकारको लागि संघर्षशील पत्रिका प्राचीको मंसिर-पुस अंक समयमै पढ्न पाएँ। यस अंकको समय सान्दर्भिक लेख- नायिका श्रीषा कार्की आत्महत्या प्रकरणमा पत्रकारिता र कलाकारिताको खोजमूलक लेख, "ओझेलमा परेको भोकविरूद्धको अधिकार" जस्ता सामग्री मलाई अति नै मन पऱ्यो। "बढ्दै गएको नृशंसता" शीर्षकको लेखले आँखाबाट आँसु नै झाऱ्यो। मानवअधिकारको रक्षा गर्ने तथा सत्य, तथ्य जानकारीलाई प्रकाशमा ल्याइने सामग्री, त्यसैगरी प्राची क्वीज आदिले यसलाई झनै रोचक वनाएको छ। यसलाई स्तरीय बनाउन प्रत्येक अंकमा मानवीय विषय समेटिएका १-२ वटा कविता र श्रोता क्लवका मुख्य-मुख्य गतिविधिलाई समावेश गरे अझ सुनमा सुगन्ध थपिने थियो।

– शिवप्रसाद गजुरेल, अध्यक्ष,
जनजागरण मानवअधिकार शिक्षा रेडियो श्रोता क्लब, जिलिङ-८, नलगाउँ, नुवाकोट

प्राचीको यो अंक कस्तो लाग्यो?

हामीलाई सल्लाह, सुझाव

र

प्रतिक्रिया लेख्न नबिर्सनुहोस् ।

पत्राचारका लांगि हाम्रो ठेगाना :
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
पो.ब.नं. २७२६, काठमाण्डौ, नेपाल। फोन : २७८७७०, फ्याक्स : २७०५५१

वार्तामा नागरिक एजेण्डा

सुबोधराज प्याकुरेल

श्री ५ को सरकार र नेकपा (माओवादी) बीच युद्धविरामको घोषणापश्चात् हाम्रो देशमा नयाँ खाले उत्साह पलाएको छ। कतिपय राजनीतिक पक्षबाट वार्ताको प्रकृया र युद्धस्थगनको विषयलाई लिएर शंका पनि प्रकट गरिएको छ। आमरूपमा शान्ति प्रकृयाको पुन: थालना गर्ने नयाँ अवसर किन उजागर भयो त ?

१. द्वन्द्वमा सामेल सबै पक्ष कमजोर भएका छन्।
२. आधारभूत तहका जनताले शान्तिका लागि जनदवाव बढाएका छन्।
३. अन्तर्राष्ट्रिय तहमा हिंसा-आतंकको विरूद्ध ऐक्यबद्धता र सहयोग बढेको छ।

एक्काइशौं शताब्दीको नेपालको राजतन्त्र स्वर्गीय राजा वीरेन्द्रको लोकप्रियताको न्यूनतम प्रस्थानविन्दु (Bottom Line) मानेर चल्न चाहन्छ। राजा वीरेन्द्रको ऐतिहासिक परिचयको सार भनेको जनइच्छा र जनदवावलाई बुझ्नु र स्वीकार गर्नु हो।

जनताको नाममा जनतालाई ढाल वनाएर राजनीति गर्ने सबै राजनीतिक दलहरू कमजोर भए। भर्खरै सम्पन्न एमालेको महाधिवेशनले पनि "आवश्यक परे संविधान सभामा जाने" भन्न सकेन। "सबै द्वार खुल्ला राख्ने" भन्यो। अर्थात् तालमेल-लेनदेन-खासखुस वा सटिक जे गर्न पनि पाउने एकाधिकार नेतालाई दिएर कार्यकर्ताले आङ तन्क्याए। नेपाली काँग्रेसका सभापतिको अनेक अर्थ लाग्ने भनाइको ओइरो छ। सबै पार्टीले आगामी सरकारमा आफ्नो "हैसियत" मात्र खोजेका छन्। माओवादीलाई लाग्छ- त्याग र वलिदानका कारण जनता उसको पक्षमा छन्। संविधानको विकल्प शक्ति भएका नाताले आमूल परिवर्तन चाहने सबैले उसलाई समर्थन गर्छन्। खुकुलो परिस्थिति निर्माण हुनासाथ सामरिक संरक्षणमा हुर्किएको माओवादीप्रतिको जनसमर्थन प्रभावशाली जनपरिचालनको हुण्डरी वन्न सक्छ भन्ने उसलाई लागेको छ।

यो वेलामा जनतालाई केन्द्र भागमा राखेर समाधानका एजेण्डा तय गर्न सकिन्छ कि सकिन्न ? जनयुद्धमा सामेल भएकाले स्थायी शान्तिका लागि युद्धमा लडेका हुन्। अनन्त हिंसा कसैको पनि चाहना होइन। हिजोको अशान्तिका कारणहरूको उपचार नगरिकन शान्तिको स्थापना गर्न सकिन्न। मूल कारणहरूको उपचार नगर्ने हो भने तिनै कारणले अर्को कुनै नाम र वहानामा फेरि हिंसा चर्कन सक्छ। हिंसा, आतंक र लुटपाटमा आधारित रहेर वाँच्न सक्नेहरूको संख्या हजारौंमा पुगिसकेको छ।

वलिया जनताको समर्थनमा अर्थात् चेतनशील, संघर्षशील, व्यवहार कुशल र धैर्यवान जनताको समर्थनमा वलियो हुने राजनीति अवसानको चरणमा छ। हरेक राजनीतिक दलहरूमा केही नेताहरूले सबै ठीक, वेठीकको ठेक्का लिएका छन्। सबै विचार, पेशा, क्षेत्र र फाँटका मानिसहरूको क्षमताको कदर गर्नु र तिनको प्रतिभालाई राष्ट्रिय हितमा लगाउन सक्नु, राजनीतिक दलहरूको मुख्य काम हो। त्यसैले राजनीतिक दललाई संगठनहरूको संगठन, माउ संगठन भनिन्छ। आ-आफ्नो संगठनका सदस्यलाई मात्र माउले चल्ला छोपेजस्तो संरक्षण गर्ने दण्डहीनताको रोगले राजनीतिक दलहरू ग्रस्त छन्।

जनताको आवश्यकता र अपेक्षाको सम्मान गर्ने कुराले वर्तमान समस्याको निकास दिन्छ। संविधानसभा अथवा संविधान संशोधन अथवा अरू कुनै विकल्प प्रस्तुत गर्नेले जनताको आवश्यकता र अपेक्षाको कसीमा आफ्ना प्रस्तावहरूको औचित्य सावित गर्नुपर्ने हुन्छ। यिनै विकल्पको परिदृश्यमा निर्वाचन प्रणालीको कुरा, देशको राजनीतिक, प्रशासकीय विभाजनको कुरा पनि आउला। जातीय, लिंगीय समानता आदिका कुरा पनि आउलान्। मुख्य कुरा शान्तिको वातावरण निर्माण गर्नु नै हो। शान्ति कुनै अमूर्त विषय होइन। सबैखाले समस्या समाधानमा जनताको पहुँच पुऱ्याउनका लागि शान्ति चाहिएको हो। र, यो जनताको पहुँचका लागि राजनीतिक दलहरू निमित्त र केवल निमित्त मात्र हुन्। यिनै कुराको चेत नभएर अथवा चेतना भएता पनि सटिक र सरल अभिव्यक्ति नभएर, अथवा चेतना तथा अभिव्यक्ति भए पनि तदनुरूपको व्यवहार गर्न नसकेर राजनीतिक दलहरू पाखा परेका हुन्।

झगडामा प्रयुक्त भएका र भविष्यमा प्रयुक्त हुनसक्ने हतियार र मानिसको व्यवस्थापन, शान्तिवार्ताकै समानान्तर पुनर्स्थापन र उद्धार, आधारभूत आवश्यकताका सुविधाहरूको तत्काल मर्मत, सम्हार र सञ्चालन जस्ता कुराहरूले जनताको विश्वास बढाउन मद्दत गर्दछ। त्यसका साथै राज्य र माओवादीले सर्वसाधारणसँग गर्ने व्यवहारको तौरतरिकाले जनतामा आशा पलाउने, नपलाउने कुराको निर्क्यौल गर्दछ।

राजनीतिक दलहरू सबै यथार्थमा कमजोर छन्, त्यसकारण चुनाव पर सार्दै जनताको नाममा खबरदारी विनाको शासन नगरियोस्।

जनताउपर अमानवीय, गैरकानूनी ढंगले ज्यादति गरिएको छ। राजनीतिक आवरणमा त्यो पीडाको अभिलेख मेटाउने काम नहोस्।

नागरिक समाजले भोलीको दिनमा नागरिक एजेण्डालाई राजनीतिक निकासको लागि वार्ताको टेवुलमा दर्विलो ढंगले राख्न सकोस्।

अवको शान्तिको प्रयासको न्यूनतम प्रस्थान विन्दु (Bottom Line) नेपाल अधिराज्यको संविधान २०४७ द्वारा प्रदत्त जनताका अधिकारको विस्तार रहोस्।

नयाँ संविधान अथवा संशोधित संविधान तय नहुञ्जेल राज्यका निर्देशक सिद्धान्तको कसीमा सरकारको मूल्यांकन गर्ने परिपाटीमा जनता जनार्दनको ध्यान जाओस्।

स्थायी शान्ति प्रयासको पूर्व सन्ध्यामा हार्दिक शुभकामना।

"झगडामा प्रयुक्त भएका र भविष्यमा प्रयुक्त हुनसक्ने हतियार र मानिसको व्यवस्थापन, शान्तिवार्ताकै समानान्तर पुनर्स्थापन र उद्धार, आधारभूत आवश्यकताका सुविधाहरूको तत्काल मर्मत, सम्हार र सञ्चालन जस्ता कुराहरूले जनताको विश्वास बढाउन मद्दत गर्दछ। त्यसका साथै राज्य र माओवादीले सर्वसाधारणसँग गर्ने व्यवहारको तौरतरिकाले जनतामा आशा पलाउने, नपलाउने कुराको निर्क्यौल गर्दछ।"

बन्द हुनुपर्छ सधैंका लागि नेपालीले नेपालीलाई मार्न

लेखनाथ भण्डारी

माओवादी र सरकारले ०५९ माघ १५ गते युद्धविरामको घोषणा गरेपछि अहिले आम नेपालीले केही राहत अनुभव गरेका छन्। हत्याहिंसाको सात वर्ष अवधिमा भोग्नुपरेको पीडाबाट केही मुक्ति पाएका छन्। दैनिक हत्याहिंसाका समाचार सुन्नु नपरेकाले आनन्दित छन्। शान्ति स्थापनाका लागि युद्धविराम पहिलो कडी हो। यसलाई कायम राख्दै वार्ताका माध्यमबाट दिगो शान्ति कायम गर्नुपर्छ भन्ने नेपाली जनताको चाहना छ।

नारायणसिंह पुन

"नागरिक समाज, राष्ट्रिय मानव अधिकार आयोग र मानवअधिकार संस्थाहरूले वार्तालाई परिणाममुखी बनाउनका लागि स्पष्ट आचारसंहिता तयार गर्नुपर्ने, मानवअधिकारको विषयलाई निःशर्त पालना गर्नुपर्ने, सुक्ष्म अनुगमनलाई प्राथमिकता दिनुपर्ने लगायत्का विषयमा जोड दिँदै आएका छन्।"

"नेपाली समाजका सदियौं पुराना सबै प्रकारका शोषण, दमन र उत्पीडनको सधैंको लागि अन्त्य गर्ने" घोषणा गर्दै नेकपा (माओवादी) ले विद्यमान संरचना (राज्यसत्ता) का विरूद्ध शुरू गरेको सशस्त्र "जनयुद्ध" सात वर्ष पुग्नुभन्दा १५ दिन अघि दोश्रो पटक युद्धविराम घोषणा गरेको छ। युद्धविरामका सम्वन्धमा ०५९ माघ १५ गते नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डद्वारा प्रकाशित वक्तव्यमा भनिएको छ- "देशमा विद्यमान गृहयुद्धको स्थितिलाई वार्ताको माध्यमबाट सकारात्मक र अग्रगामी राजनीतिक निकासद्वारा समाधान गर्न हाम्रो पार्टी तयार रहँदै आएको र सत्तापक्षबाट वार्ता प्रकृया अगाडि वढाउन हाम्रा विरूद्धको कथित आतंककारीको आरोप, टाउकाको मूल्य र रेड कर्नर नोटिस फिर्ता लिने तथा युद्धविराम गर्ने निर्णयलाई सकारात्मक अर्थमा लिँदै तत्काल युद्धविरामसहित वार्ता प्रकृयामा सहभागी हुने घोषणा गर्दछ।" यसअघि ०५९ माघ १४ गते बसेको मन्त्रिपरिषदको बैठकले पनि सरकारको वार्ताद्वारा माओवादी समस्या समाधान गर्ने नीति रहिआएको र नेकपा (माओवादी) बाट पनि पहल भएको तथा दुवैतर्फबाट युद्धविराम गर्न पनि समझदारी भएको उल्लेख गर्दै विगतमा माओवादी विरूद्ध गरिएका सरकारी निर्णयहरू फिर्ता लिएको थियो।

वर्षौंदेखि चल्दै आएको हिंसा प्रतिहिंसाबाट पीडित देश र जनतालाई ढिलै भए पनि उक्त घोषणाले सान्त्वना प्राप्त भएको छ। हजारौंको संख्यामा नेपाली जनताले ज्यान गुमाइरहेको, त्यत्तिकै संख्यामा घाइते, अपांग, अनाथ, टुहुरा, विधवा, गाउँघरबाट पलायन हुन वाध्य आदिको संख्या वढिरहेको तथा देशले अरबौं मूल्य वराबरको क्षति व्यहोरिरहेको अवस्थामा "युद्धविराम" को घोषणालाई मात्र पनि शान्तिकामी सम्पूर्ण विश्व जनमत र पीडित जनसमुदायले महत्वपूर्ण उपलब्धिका रूपमा लिएका छन्। यसको स्वागत गर्दै दीर्घकालीन शान्ति स्थापनाका लागि सबैले कामना गरेका छन्। युद्धविरामको घोषणालाई पारदर्शी रूपमा सार्वजनिक नगरिएको महसुस गरिरहेका प्रमुख राजनीतिक पार्टीहरूले पारदर्शीता एवम् सर्वपक्षीय र सर्वदलीय सहमतिका आधारमा अगाडि बढ्नुपर्ने कुरामा जोड दिएका छन्।

डेढ वर्ष पहिले, ०५८ साउन ८ गते गरिएको युद्धविरामको परिणाम, देशमा शान्ति, स्थिरता र अहिंसाको जुन कल्पना गरिएको थियो, त्यसको ठिक उल्टो झनै भयावह स्थितिको सामना गर्नुपर्‍यो। विगतका साढे पाँच वर्षमा पनि सामना गर्नु नपरेको क्षति, गत डेढ वर्षको समयमा मात्र व्यहोर्नुपर्‍यो। त्यही पीडाले आक्रान्त सर्वसाधारण जनता युद्धविरामको घोषणापछि झनै भयावह स्थितिको सामना गर्नु पर्ने त होइन भन्ने सन्त्रासमा छन्। उनीहरूको आतंकित जनजीवनमा अझै पनि शान्तिको सहज अनुभूति हुन सकेको छैन। विद्यमान भय र अविश्वासको कहाली लाग्दो वादल अझै हटिसकेको छैन।



डा बाबुराम भट्टराई

कृष्णबहादुर महरा



दिनानाथ शर्मा

बिथोलिएको वार्ता

"जनयुद्ध" शुरू भएदेखि मात्र होइन, त्योभन्दा पहिले देखि नै देशका जल्दाबल्दा समस्या समाधानप्रति सम्बन्धित पक्षबीच वार्ताको माध्यमबाट उपयुक्त निकास निकालिनु पर्नेमा कसैको विवाद थिएन। "जनयुद्ध" शुरू भएपछि पनि नागरिक समाजका प्रतिनिधिहरूले वार्ताको माध्यमबाटै द्वन्द्वको समाधान हुनुपर्छ भनेर आवाज उठाउँदै आइरहेका थिए।

एक अध्ययनका अनुसार सन् १९८९-१९९६ बीच भएका विश्वका १ सय १ वटा युद्धहरूमध्ये ९५ वटा युद्धहरू राज्यभित्रैका विभिन्न समूहहरूमा भएका थिए। युद्धहरूको त्यही श्रृंखलाका रूपमा नेकपा (माओवादी) ले शुरू गरेको "जनयुद्ध" पनि थियो। विश्वका त्यस्ता आन्तरिक द्वन्द्वहरू वार्ताकै माध्यमबाट समाधान हुँदै गइरहेको अनुभवले पनि ०५७ सालको शुरूदेखि नेपालमा पनि वार्ताको विषयलाई लिएर निकै चर्चा र बहस शुरू भएको हो। ०५८ साउन ८ गते शेरबहादुर देउवाले प्रधानमन्त्री पदभारको सपथग्रहण नलिँदै माओवादीसँग युद्धविरामको घोषणा गर्नुभएको थियो। प्रधानमन्त्री देउवाको सो घोषणा लगत्तै नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डले पनि युद्धविरामको घोषणा गर्नुभएको थियो।

गत वर्षको युद्धविरामपछि ०५८ भदौ १४ गते ललितपुरको गोदावरीमा पहिलो वार्ता भएको थियो भने भदौ २८ र २९ गते बर्दियाको ठाकुरद्वारामा दोश्रो र कार्तिक २८ गते पुनः गोदावरीमा तेश्रो वार्ता सम्पन्न भएको थियो। तर, यी तीन वटै वार्तामा सरकार र माओवादी सन्तोषजनक रूपमा प्रस्तुत नभएको वा विषयको संवेदनशीलताप्रति गम्भीर नभएको महसुस आमरूपमा गरिएको थियो। तेश्रो चरणको वार्तामा पुगेर नेकपा (माओवादी) ले "जनयुद्ध" को नाममा लक्षित प्रमुख मुद्दा र सबैका लागि टाउको दुखाईको विषयका रूपमा रहेको तर त्यसअघिका वार्ताहरूमा उठाईँदै आएको गणतन्त्रको मागलाई वार्ताको एजेण्डाबाट हटाई संविधान सभाको मागलाई प्रमुखताका साथ उठाएको थियो। त्यस लचकतावाट देशका सबै पक्षले समस्याको शान्तिपूर्ण समाधानका लागि माओवादीको अग्रसरतालाई निकै महत्वपूर्ण उपलब्धि मानेका थिए। तर, चौथो चरणको वार्ताका लागि उपयुक्त वातावरण बनाउने तथा मिति र स्थान तोक्ने विषयमा तयारी भइरहेकै अवस्थामा नेकपा (माओवादी) ले ०५८ मंसिर ८ गते वार्ता भंग गर्ने एकपक्षीय घोषणा गरेर दाङस्थित सैनिक ब्यारेकमाथि आक्रमण गरेको थियो।

चार महिना लामो युद्धविराम भंग भएको एकतर्फी घोषणा तथा दाङ, स्याङ्जा, सोलुखुम्बु आदि जिल्लामा नेकपा (माओवादी) ले गरेको भीषण आक्रमणपछि वार्ताले ल्याएको शान्तिको आशामा एकाएक तुषारापात भएको थियो। नेपाली काँग्रेसको बैठकले माओवादीलाई आतंककारी घोषणा गर्दै देशमा संकटकाल लागू गरी सेना परिचालन गर्न सरकारलाई निर्देशन दिएको थियो। अन्ततः सरकारले ०५८ मंसिर ११ गते देशमा संकटकालको घोषणा गर्दै माओवादीको दमनका निम्ति सेनालाई देशव्यापीरूपमा उतारेको थियो।

शान्ति प्रकृयाका लागि भएको युद्धविराम र वार्ता एकाएक भंग हुनुमा तत्कालिन प्रधानमन्त्री देउवा तथा नेपाली काँग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाबीच सरकारको काम कारवाहीलाई मूल्यांकन गर्ने सवालमा व्यक्त अस्वस्थ अभिव्यक्तिहरूलाई पनि केही हदसम्म जिम्मेवार मान्न सकिन्छ। त्यस्तै अमेरिकामा भएको ११ सेप्टेम्बरको आक्रमणका विषयलाई लिएर उहाँहरूले राष्ट्रिय-अन्तर्राष्ट्रिय आतंकवादलाई दमनबाटै समाप्त गर्नुपर्ने जस्ता अभिव्यक्ति दिनु भएबाट पनि सरकारले विश्वासयोग्य वातावरण कायम गर्न सक्ने। माओवादीले गणतन्त्रको मागलाई समेत स्थगित गरिसकेको अवस्थामा उनीहरूलाई वार्ताको टेबलमा आउनैपर्ने परिस्थिति निर्माण गर्न नसक्नु सरकारकै कमजोरी थियो। अर्कातर्फ, माओवादीहरूले कुनै असहमतिको आधार नराखी एकाएक वार्ता भंग गरी हिंसात्मक कारवाहीमा उत्रनु समस्याको शान्तिपूर्ण निकासप्रतिको बेवास्ता थियो। तर, वार्ता शुरू गर्नुअघि विकल्पहरू समेत राखिएको समझदारी वा आचारसंहिता तयार नहुनुले पनि उक्त स्थिति उत्पन्न भएको मान्न सकिन्छ। त्यस समयमा युद्धविरामको औचित्य र शान्ति प्रकृयालाई नै माओवादीले चुनौति दिएको र मध्यस्थकर्ताको उपेक्षा गरेको थियो। किनकी, उनीहरूले आफ्नो असहमतिलाई मध्यस्थकर्तामार्फत् पनि सार्वजनिक गर्नुपर्थ्यो।

संकटकाल घोषणापछिको परिणाम

संकटकालको घोषणा र समस्या समाधानमा परेको प्रभावका सम्बन्धमा सबै क्षेत्रको आ-आफ्नै मूल्यांकन, तर्क र विश्लेषण हुनसक्छ। तर, संकटकालका नाममा देशले विगत १४ महिनामा चुकाएको मूल्य "जनयुद्ध" का नाममा सात वर्षमा भएको सम्पूर्ण क्षतिभन्दा दोब्बर बढी रहेको छ। गत वर्ष युद्धविरामको घोषणा र वार्ता प्रकृया शुरू भएपछि जनताले शान्ति स्थापना हुने जुन अपेक्षा गरेका थिए, युद्धविराम भंग र संकटकाल घोषणापछिको परिणामले यसपटकको युद्धविरामप्रति पनि आम नागरिक आस्वस्थ हुन सकिरहेका छैनन्।

संकटकालको घोषणाका लागि ०५८ मंसिर ११ गते मन्त्रिपरिषद्को बैठकले नेकपा (माओवादी) लाई "आतंककारी" भएको ठहर गर्दै संविधानको धारा ११५ (१) अनुसार देशभर संकटकाल घोषणा गर्न राजालाई सिफारिस गरेको थियो। राजाबाट सोही दिन देशभर संकटकालीन अवस्थाको आदेशसहित प्रचलित केही संविधानप्रदत्त नागरिकका मौलिक हक निलम्बन गरिएको थियो। त्यसैगरी राजाबाट सोही मितिमा "आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश ०५८" पनि जारी गरिएको थियो। सो अध्यादेशलाई संसदद्वारा अनुमोदन गरी ०५८ चैत २८ गते श्री ५ बाट लालमोहर सदर गरी २ वर्षका लागि सक्रिय गराइएको थियो।

संकटकालको घोषणासँगै जारी ऐनको आडमा देशमा सक्रिय सुरक्षाफौजका कारवाहीमा साढे ५ हजारभन्दा बढी मानिस मारिएका छन्। ठूलो संख्यामा गैरकानूनी गिरफ्तारी र यातनाका घटना पनि दोहोरिएको कुरा अध्ययनहरूमा जनाइएको छ। एमनेष्टी इन्टरनेशनलको प्रतिवेदनमा संकटकालको समयमा सुरक्षाफौजको कारवाहीमा मुठभेडमा मारिएका भनिएकाहरूमध्ये आधाभन्दा बढी गैरन्यायिक हत्याका घटना भएको उल्लेख छ। त्यस्तै नेकपा

सरकारी घोषणा

श्री ५ को सरकारको वार्ताद्वारा माओवादी समस्या समाधान गर्ने नीति रहिआएको र नेकपा (माओवादी) बाट पनि यस सम्बन्धमा पहल भएको तथा दुवै तर्फबाट युद्धविराम गर्न पनि समझदारी भएको हुनाले नेकपा (माओवादी) लाई आतंककारी भनी गरिएको घोषणा, उनीहरूको गिरफ्तारीको लागि जारी गरिएको रेड कर्नर नोटिस तथा कसै-कसैले टाउकाको मूल्य तोकिएको भन्ने गरेको केही माओवादी नेताहरूलाई पत्रपत्र गर्न सुरक्ष दिने तथा नियन्त्रणमा लिई सुरक्षाकर्मीलाई बुझाउने व्यक्तिलाई पुरस्कार दिने गरी भएको पूर्व निर्णयहरू फिर्ता लिने निर्णय गरेको छ।

अगाडि वार्ता गरी राजनीतिक निकासको वातावरण पहिल्याउनका लागि आवास तथा भौतिक योजना मन्त्री श्री नारायणसिंह पुनलाई संयोजक तोकिएको छ।

माओवादी घोषणा

देशमा विद्यमान गृहयुद्धको स्थितिलाई वार्ताको माध्यमबाट सकारात्मक र अग्रगामी राजनैतिक निकासद्वारा समाधान गर्न हामी पार्टी तयार रहँदै आएको कुरा सर्वविदित छ। वार्ताको वातावरण तयार पार्न हामीले केही न्यूनतम शर्तहरू सार्वजनिक गर्दै आएका थियौं। यसै सन्दर्भमा हिजो सत्तापक्षबाट वार्ता प्रक्रिया अगाडि बढाउन हामा विरुद्धको कथित आतंककारीको आरोप टाउकाको मूल्य र रेडकर्नर नोटिस फिर्ता लिने तथा युद्धविराम गर्ने निर्णय गरिएको जानकारी प्राप्त भयो। सत्तापक्षको सो निर्णयलाई सकारात्मक अर्थमा लिंदै पार्टी यसै वक्तव्यमार्फत् तत्काल युद्धविरामसहित वार्ता प्रक्रियामा सहभागी हुने घोषणा गर्दछ। सहभैं यो घोषणालाई कार्यान्वयन गर्न सिंगो पार्टी पंक्ति जनमुक्ति सेनाका तमाम क्रान्तिकारी योद्धाहरू तथा नयाँ जनसत्ताका सबै अंगका साथै आम जनसमुदायसाग पार्टी हार्दिक अनुरोध गर्दछ र पार्टीका आम नीति एवम् न्यूनतम कार्यनीति, गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधान सभाका पक्षमा संगठनात्मक र शान्तिपूर्ण जनपरिचालनका कामहरूलाई निरन्तर अगाडि बढाउनसमेत अनुरोध गरिन्छ।

(माओवादी) द्वारा पनि वर्ग दुश्मनका नाममा ८ सयभन्दा बढी निहत्था सर्वसाधारण नागरिकको हत्या गरिएको एमनेष्टीको प्रतिवेदनमा जनाइएको छ।

सरकारले नेकपा (माओवादी) लाई आतंककारीको घोषणा गरी ऐन जारी गरेपछि सर्वसाधारण नागरिकले पनि संविधानप्रदत्त आफ्ना अहरणीय हक, अधिकार प्रयोग गर्न पाएनन्। मुठभेड भनिएका घटनाहरूको निष्पक्ष एवम् स्वतन्त्र छानबिन गरी पुष्टियोग्य तथ्य प्रमाणहरू पत्ता लगाउनका लागि कसैबाट आवश्यक पहल गरिएन भने सरकारले त्यसको लागि उपयुक्त वातावरण पनि तयार गरेन। राष्ट्रिय मानव अधिकार आयोग र मानवअधिकार संस्थाहरूको अध्ययनमा पनि मानवअधिकार उल्लंघनका घटनाहरू प्रशस्त दोहोरिएको कुरा विभिन्न घटनाका सन्दर्भमा प्रकाशित प्रतिवेदनहरूमा समय-समयमा सार्वजनिक भएका छन्।

संकटकालमा मानवीय क्षति

संकटकालको समय ०५८ मंसिर ११ देखि ०५९ भदौ १३ गतेसम्म मात्र रहेता पनि युद्धविरामको दुईतर्फी घोषणा नभएका दिनसम्म सुरक्षाफौजको सक्रिय परिचालन जारी नै थियो। इन्सेकका अनुसार, औपचारिक रूपमा संकटकाल जारी रहेको समयमा राज्यपक्षबाट ३ हजार १ सय २५ जना र माओवादी पक्षबाट ७ सय २१ गरी ३ हजार ८ सय ४६ जना मारिएका थिए। तर, संकटकाल औपचारिक रूपमा समाप्त भएपछि पनि जारी सुरक्षाफौजको कारवाहीबाट युद्धविरामको दिनसम्म आइपुग्दा थप एक हजारभन्दा बढी व्यक्ति मारिए। यसरी गत वर्षको युद्धविराम भंग भई संकटकाल घोषणा भएदेखि दोश्रोपटक युद्धविराम घोषणा गरिएको दिन ०५९ माघ १५ गतेसम्म दुवैतर्फबाट गरी ५ हजार ६ सय ७ व्यक्ति मारिएका छन्।

संकटकालको समयमा मात्र भएको मानवीय क्षतिको उक्त विवरणमा मारिनेहरूमा नै थप १ हजार व्यक्तिलाई मारिएपछि माओवादीले नै बेपत्ता पारेको हुनसक्ने शाही नेपाली सेनाको अनुमान छ। यस समयमा घाइते, अपांग, गाउँघर छोड्न वाध्य हुनेहरू, चन्दा दिन नसक्नेलगायत्का कारण यातना सहनेहरू, सिन्दुर पुछ्न वाध्य विधवाहरू, टुहुरा आदिको यकिन तथ्यांक कसैसँग पनि छैन।

मारिएका र घाइते भएकाहरूबाहेक संकटकालको सबैभन्दा ठूलो मानवीय क्षति आतंकको सन्त्रासबाट पीडित जनसमुदाय, परिवार, आफन्त र आश्रितको संख्या पनि अनुमान वाहिर छ। त्यस्तै विदेश पलायन हुनेहरू र र आन्तरिक शरणार्थीको संख्या पनि कम छैन।

संकटकालमा भौतिक क्षति

"जनयुद्ध" को सात वर्षे अवधिमा मानवीय क्षतिसँगै देशका भौतिक संरचनाहरूमा पनि ठूलो परिमाणमा क्षति पुगेको छ। त्यसरी क्षति पुऱ्याइएका भौतिक संरचनामा दूरसंचार, विद्युत, गाविस भवन, विकास निर्माणका अन्य भौतिक संरचना (पुल, खानेपानी, बैंक, सरकारी कार्यालय आदि) रहेका छन्। यस अवधिमा क्षति पुऱ्याइएका भौतिक संरचना तथा सरकारी सम्पत्तिको क्षतिको पूर्ण विवरण तयार नहुन सक्ला तर देशभरिका ४ सय ८१ वटा हुलाक कार्यालयहरूमाथि भएको आक्रमणवाट २ करोड ९ लाख रूपैयाँ बराबरको क्षति भएको

क्षतिपूर्ति दिइयोस् कि गोली हानियोस्

दाङ/ पीडितहरु रोइरहेका थिए। त्यो रुवाइ देखेर आयोजक, अतिथि तथा सञ्चारकर्मी कसैले मन थाम्न सकेनन्। सबैका आँखा रसाइरहेका थिए। कतिपय त आँसुका भेल नै बगाइरहेका देखिन्थे। उनीहरु जुनसुकै पक्षबाट पीडित हुनुपरे पनि कथा-व्यथा उस्तै-उस्तै थिए, दर्द एउटै थियो। आफ्ना प्रियजनहरुलाई सधैंका लागि गुमाउनुपर्दाको चोट व्यक्त गर्न भाषा फरक भए पनि हृदयको क्रन्दन एउटै थियो।

युद्धपीडित महिलाहरुको विभुवननगरमा ०५९ माघ २८ गते भएको सार्वजनिक सुनुवाईमा त्यस्तो दृश्य देखिएको थियो। मानवीय संवेदना मर्दै गएको भनिने यो समयमा कार्यक्रममा उर्लेको संवेदनाले सबैलाई द्रविभूत पारेको थियो।

कार्यक्रममा राज्यद्वारा र माओवादीद्वारा मारिएकाहरुको करिब ५० जना आश्रित महिलाहरुको उपस्थिति थियो। आयोजकहरुले उनीहरुलाई बेग्लाबेग्लै दुई समूहमा राखेर आलोपालो गरी आफ्नो भोगाइ बताउन लगाएका थिए। तर, त्यहाँ उनीहरुबीच आपत्ति, आक्रोश थिएन। सबैको स्वर एउटै थियो- जो मरे पनि नेपालीकै छोराछोरी हुन्। सबैले कामना गरे हामी त जहाज डुब्यो, अब जुनसुकै पक्षको भए पनि कुनै नेपालीले हामीले झस्तो पीडा भोग्नु नपरोस्।

०५६ असोज ५ गते माओवादीद्वारा मारिएका प्रहरी शोभाराज चन्दकी श्रीमती कमला चन्दले आँसुको भेलसँगै भनिन्- "अब कसैलाई मेरो पतिजस्तो मर्न नपरोस्, मेरो दुःख र पीडा सायद मेरो मृत्युसँगै समाप्त होला, तर युद्धविरामको घोषणाले मलाई रातमा उज्यालो छाएजस्तो भएको छ।"

माओवादीबाट आफ्ना परिवारजन गुमाएका सुरक्षा निकायका परिवारजनको कथन थियो- "हामा परिवारजन जागिरका लागि मात्र काम गरिरहेकाले उनीहरुलाई मार्नुको औचित्य थिएन।" राज्यद्वारा मारिएका परिवारजनहरुको दुःखेसो थियो- "बिना आधार मारियो, आतंककारीको बिल्ला भिराइयो।" पीडाकै बीचमा उनीहरु सामूहिक आक्रोश पनि पोख्दै थिए- "जयाभावी मान्छे मार्ने तर क्षतिपूर्ति नदिनु घोर अन्याय हो।"

संकटकाल घोषणाको लगत्तै ०५८ मंसिर १३ गते दाङ बर्दीमा सेनाद्वारा एउटै स्थलमा मारिएका ११ जना थारु किसानमध्ये एक सोगलाल चौधरीकी श्रीमती पुष्पाले भनिन्- "मेरो लोग्ने अरुसंग दाई गरिरहेका थिए, एकासि सेनाले आएर गोली ठोक्यो, हामीसँग एक बित्ता जग्गा छैन, सरकारले हामीलाई क्षतिपूर्ति दिनुपर्यो, होइन भने हामी सबैलाई मारिदिनुपर्यो।"

सोही घटनामा आफ्नो बाबु गुमाएकी प्रमिला चौधरीले भनिन्- "हामी घोर पीडामा दिन बिताइरहेका छौं, बाबु मारिएपछि भाइलाई स्कूलबाट छुटायौं।" हिक्कासँगै उनको स्वरमा आक्रोश पनि सुनिन्थ्यो- "जयाभावी मार्दै साधारण जनतालाई आतंककारी भन्न पाइन्छ ?"

सार्वजनि सुनुवाइमा बोल्दै सल्यान शीतलपाटीमा ०५८ फागुन ९ गते माओवादीद्वारा दाजु गुमाएकी गोमती बस्नेतले भनिन्- "जता मर्ने पनि गरिबै हुन्, युद्धविराम भएको छ, अब सधैंका लागि शान्ति होस्, मैलेजस्तै कसैले पनि दाजुभाइ गुमाउनु नपरोस्।"

दुवै पक्षबाट पीडित सबै महिलाहरुको सबभन्दा ठूलो चासो आफ्ना बच्चाहरुको भविष्यप्रति थियो। तीमध्ये कतिपय महिलाहरु आफ्नो श्रीमान् मारिँदा गर्भवती थिए। गत मंसिर १८ गते लक्ष्मीपुर गाविस-३ बेलुवामा सुरक्षाफौजबाट मारिएका शरद चौधरीकी श्रीमती फिरी चौधरी आफ्नो अठ्ठाइस दिनको बच्चा लिएर कार्यक्रममा उपस्थित थिइन्। आँसुको धारा बगाउँदै उनले थारु भाषामा भनिन्- "पेट्ठे (बाली भित्र्याएपछि थारु जातिले मनाउने चाड) खान निस्केका मेरा श्रीमान्को हत्या गरियो, म बिरामी भइरहन्छु, घरमा केही छैन, म के गरी बाँचुं, यो बच्चालाई कसरी बचाऊँ ?" जीवनमा पहिलो पटक कुनै सभामा बोलिरहेकी फिरीले प्रश्न गरिन्- "मेरो लोग्नेलाई बिनाकारण मार्ने सरकारले हामीलाई पाल्नु पर्दछ कि पर्दैन ?"

दुवैतर्फ व्यापक रुपमा निर्दोष गरिब र आर्थिक, सामाजिक रुपले पछाडि परेकाहरुले नै हिंसा र प्रतिहिंसा सहनुपरेको तर दुवै तर्फका माथिल्ला तहकाले मोज गरेको बताउँदै ०५८ पुसमा लमहीमा मारिएका प्रहरी निरीक्षक पदम अधिकारीकी श्रीमती रेखा अधिकारीले भनिन्- "मान्छेले मान्छेलाई मारेर कहिल्यै समस्याको समाधान हुँदैन।"

- सुशील गौतम

(०५९ माघ २९ गतेको नेपाल समाचारपत्र दैनिकबाट)

लामिछाने पनि देखा पर्नुभएको छ। उहाँहरू अहिले सहजकर्ताका रूपमा सक्रिय रहनु भएको छ। उहाँहरूले वार्ता स्थायी शान्तिमा परिणत हुने विश्वास व्यक्त गर्दै सरकारी व्यवहारप्रति आशंका व्यक्त गर्नुभएको छ। त्यसैगरी माओवादी नेताद्वय कृष्णबहादुर महरा र दिनानाथ शर्माले गत वर्षको वार्तामा सहजकर्ता बन्नुभएका पद्मरत्न तुलाधर र दमननाथ ढुंगानालाई यसपटक पनि सहजकर्ता बनिदिन आग्रह गरेको सार्वजनिक भएको छ।

लामो समयदेखि शान्तिवार्ताका लागि आवश्यक पहल गर्दै आएका मानवअधिकार संस्था र तिनका प्रतिनिधिहरूमा भने अहिलेको माओवादी तथा सरकारी व्यवहारले केही अन्यौल सृजना गरिदिएको छ। युद्धविरामको घोषणा एकाएक भएको अनुभूति भए पनि त्यसको पृष्ठभूमी भने त्यति सजिलो नभएको मानवअधिकार क्षेत्रका प्रतिनिधिहरूको दाबी छ। गत माघमा सम्पन्न एक सार्वजनिक कार्यक्रममा सरकार-माओवादी वार्ता पुरानै प्रकृयाको थालनी भएको बताइएको थियो। कार्यक्रममा माओवादीको आग्रहमा राजाको संलग्नतामा युद्धविराम भएको तथा यस बीचमा ३ सय पटकभन्दा धेरै पटक माओवादी सूत्रसँग र ६ पटक माओवादीका उच्च नेताहरूसँग सम्पर्क भएको पनि उल्लेख गरिएको थियो। मानवअधिकारकर्मीहरू पद्मरत्न तुलाधर, मल्ल के सुन्दर, दमननाथ ढुंगाना, सिन्धुनाथ प्याकुरेल, वीरेन्द्रकेशरी पोखरेललगायत्को सहभागितामा सम्पन्न कार्यक्रममा प्रधानमन्त्रीको तहबाट युद्धविराम भएको होइन भन्दै युद्धविराम र वार्तालाई सत्तापक्ष र विद्रोहीका बीचको मात्र जिम्मामा छोड्न नहुने कुरामा जोड दिइएको थियो।

युद्धविराम, वार्ता र सहजकर्ता वा

.... हामी शुरुमा नै के कुरा स्मरण गराउन चाहन्छौं भने युद्धविराम भनेको युद्धको अन्त्य होइन र अहिले नै अनावश्यक ढंगले फुर्कनु वा सशंकित हुनु अन्तिम परिणामको निम्ति घातक र प्रत्युत्पादकसमेत हुनसक्छ। ..... निश्चित रुपमा शान्तिवार्ताको थालनीको निम्ति दुवै पक्षबाट न्यूनतम विश्वसनीय वातावरण सृजना गर्नु र वार्ता अवधिभरको आचरण विधि (कोड अफ कन्डक्ट) तय गर्नु जरुरी तथा उपयोगी हुन्छ। खासगरी पुरानो सत्तापक्षले आफ्नो कब्जामा लिएर बेपत्ता पारेका हजारौं जनाको स्थिति स्पष्ट नपारी, युद्धबन्दी बनाएर राखेका अरु हजारौंलाई रिहा नगरी, कथित आतंकवादी तथा विध्वंसात्मक (कार्य नियन्त्रण) ऐन खारेज नगरी, शाही सेना र अन्य सशस्त्र बललाई ब्यारेकभित्र फिर्ता नबोलाई, सार्वजनिक सञ्चारमाध्यमहरुमा दुवैतर्फको समान पहुँच स्थापित नगरी र यस्तै अन्य सम्बन्धित कार्य नगरी शान्तिवार्ता थालनीको उपयुक्त र विश्वसनीय बातावरण बन्दैन। .....

(०५९ माघ २५ गतेको अन्नपूर्णपोष्ट दैनिकमा प्रकाशित माओवादी नेता डा. बाबुराम भट्टराईको लेखबाट)

मध्यस्थकर्ताका सम्बन्धमा चर्चा र विवाद भइरहेकै अवस्थामा माओवादीका नेता डा. बाबुराम भट्टराईले पछिल्लो एक अन्तरवार्तामा त्यस सम्बन्धमा तिखो टिप्पणी गर्नुभएको छ। उहाँको टिप्पणी छ- "कतिपय व्यक्तिहरूले स्वघोषित रूपमा सहजकर्ता भएको दावी गर्दै उच्छृंखल हरकत गरिरहेको देखेर हामी पनि हैरान र लज्जित भएका छौं। ती व्यक्तिहरू एजेण्ट, प्रोभोकेटर हुन् कि पटमुर्ख मात्र हुन्, छानबिनको विषय बनेको छ। परन्तु वार्ता प्रकृयालाई सार्थक ढंगले अगाडि बढाउन निष्पक्ष, गम्भीर र सक्षम सहजकर्ताहरूको आवश्यकता रहन्छ।" उहाँको सो टिप्पणी कसप्रति लक्षित गरिएको हो स्पष्ट त छैन, तर सोही क्रममा उहाँले वार्ता प्रकृयामा विवादरहित भूमिका निर्वाह गर्ने पद्मरत्न तुलाधर, दमननाथ ढुंगाना जस्ता व्यक्तिहरू र अन्य केही पार्टीका नेताहरूसमेत राम्रो हुनसक्ने तथा त्यस सम्बन्धमा आफ्नो पार्टी टुंगोमा पुगिनसकेको उल्लेख गर्नु भएको छ। यही फागुन ८ गते सरकारी वार्ता टोलीका संयोजक मन्त्री पुनले नेकपा (माओवादी) बाट प्रस्तावित सहजकर्ता तुलाधर र ढुंगानाको नामलाई सरकारले स्वीकार गरिसकेको कुरा बताउनुभएको छ।

युद्धविरामपछि नेकपा (माओवादी) का तर्फबाट डा. बाबुराम भट्टराईको संयोजकत्वमा ५ सदस्यीय वार्ता टोली सार्वजनिक गरिएको छ। त्यसो त गत मंसिर १७ गते नै माओवादीले वार्ताका लागि डा. बाबुराम भट्टराईले नेतृत्व गर्ने खुलासा गरिसकेको हो। अहिले घोषित अन्य सदस्यहरूमा कृष्णबहादुर महरा, मातृका यादव, देव गुरूङ र रामबहादुर थापा (बादल) रहनु भएको छ। तर, माओवादीले वार्ताको पूर्व तयारीका लागि महराको नेतृत्वमा दिनानाथ शर्मा रहेको दुई सदस्यीय समिति पनि घोषणा गरेको छ। सरकारले हालसम्म वार्ता टोलीका संयोजक मन्त्री पुनबाहेक अन्य सदस्य तोकेको छैन। तर, मन्त्री पुन लगायत्का अन्य केही मन्त्रीहरूले माओवादीसँगको वार्ता जारी रहेको र माओवादी नेतासँग सम्पर्क भइरहेको कुरा भने दोहोऱ्याउँदै आउनुभएको छ। माओवादी वार्ता टोलीका सदस्यद्वय राजधानी आइसकेका भए पनि उनीहरू सार्वजनिक भएका छैनन्।

वार्ताका शर्त र प्राथमिकता

दिगो शान्ति र स्थायी युद्धविरामका लागि वार्ता शुरू गर्नुअघि केही शर्त, आचारसंहिता र प्राथमिकताहरू तोकिनु पर्नेमा सबै पक्षको एकमत छ। तर, एकातिर ती आधारहरू कसले र कसरी तयार गर्ने भन्ने सम्बन्धमा कुनै ठोस निष्कर्ष वा निर्णय भइसकेको छैन भने अर्कातिर वार्ता प्रकृया जारी रहेको अभिव्यक्ति सरकारी पक्षबाट नै आइरहेको छ।

राजनीतिक पार्टीहरूमध्ये नेपाली काँग्रेसले संसद पुनर्स्थापनाको माग राख्दै आचारसंहिता, पारदर्शीता र सबै राजनीतिक पार्टीहरूको सक्रिय सहभागिता वा भूमिकाको पक्षमा जोड दिएको छ।

एमनेष्टी इन्टरनेशनल नेपाल

समूहहरुको राष्ट्रिय बैठक

(एघारौं राष्ट्रिय साधारण सभा)

२४-२५ माघ ०५९ द्वारा पारित प्रस्ताव

युद्धविरामको घोषणा भएको सन्दर्भमा यो सभा श्री ५ को सरकार, नेकपा (माओवादी) र अन्य सबै राजनीतिक दलहरुलाई आगामी शान्तिवार्तामा मानवअधिकारलाई उच्च प्राथमिकता दिई वार्ता गर्न आव्हान गर्दछ।

यो सभा श्री ५ को सरकार र नेकपा (माओवादी) नेतृत्वलाई यथाशीघ्र थप हत्या, बेपत्ता पारिने घटना, यातना तथा अपहरण जस्ता कार्यलाई रोक्न तथा पुनरावृत्ति हुन नदिन व्यवहारिक उपायहरु छलफलमा ल्याउन र तिनलाई अपनाउन आग्रह गर्दछ।

यो सभा श्री ५ को सरकार र नेकपा (माओवादी) तथा सम्बद्ध पक्षसँग निम्नलिखित कार्यहरु गर्नका लागि जोडदार आग्रह गर्दछ:-

१. अन्तर्राष्ट्रिय अनुगमनकर्ता समेत समावेश भएको अधिकारसम्पन्न सर्वसम्मत मानवअधिकार अनुगमन टोली गठन गरियोस्।
२. जनयुद्धका दौरान भएका मानवअधिकार ज्यादतीका उजुरीहरुमाथि आधिकारिक छानबिन गरी पीडितपक्ष वा तिनका परिवारलाई उपयुक्त क्षतिपूर्ति दिलाउन सक्ने अधिकारसम्पन्न छानबिन समिति गठन गरियोस्।
३. आतंककारी तथा विध्वंसात्मक गतिविधि नियन्त्रण ऐन अन्तर्गत पक्राउ परेका बन्दीहरुका मुद्दालाई निष्पक्ष पुनरावलोकन गरी आपराधिक गतिविधिमा संलग्न भएको प्रमाण फेला नपरेकाहरुलाई रिहा गरियोस्।
४. नेकपा (माओवादी) ले सैनिकको रुपमा भर्ती गरेका बालबालिकाहरुलाई यथाशीघ्र घर फर्काउन तथा तिनलाई समाजमा पुनर्स्थापना गर्नका लागि कार्यक्रम ल्याइयोस्।

नेपाली काँग्रेसका वरिष्ठ नेता तथा बुद्धिजीवीका रूपमा परिचित नरहरि आचार्यले संविधान सभा निःशर्त एजेण्डा बन्नुपर्ने र त्यसका लागि संसद पुनर्स्थापना लगायत्का मागले प्रभाव नपार्ने कुरामा अडान लिइरहनु भएको छ।

नेकपा (एमाले) ले सर्वदलीय र सर्वपक्षीय सरकारको पक्षमा आफ्नो पार्टीको प्राथमिकता रहँदारहँदै पनि दिगो शान्ति तथा मुलुकका विद्यमान समस्या समाधानका लागि "सबै द्वार खुल्ला राख्ने" निर्णय गरेको छ। एमालेले उपर्युक्त निकासका लागि ०४६ सालको उपलब्धिको रक्षाका साथै नेपाली काँग्रेसले प्राथमिकता दिएको संसद पुनर्स्थापनाप्रति

पनि सहमति जनाएको छ।

गोलमेच सम्मेलन, संविधान सभा र अन्तरिम सरकारको शर्त र प्राथमिकता अघि सार्दै युद्धविरामको घोषणा गरी शान्तिवार्तामा सामेल हुन अग्रसर नेकपा (माओवादी) ले वार्ताको टेबलमा आफूलाई कसरी प्रस्तुत गर्छ भनेर अनुमान गर्न गाह्रो छ। पार्टीका अध्यक्ष प्रचण्डले माघ २५ गते सार्वजनिक गर्नुभएका ५ प्रमुख शर्तहरूमा सत्तापक्ष वार्ताका लागि गम्भीर हुनुपर्ने, विश्वासको वातावरण बनाउन बन्दी बनाइएका र बेपत्ता पारिएकाहरूको स्थिति सार्वजनिक गर्नुपर्ने, सुरक्षाफौज ब्यारेक फर्कनु पर्ने, आचारसंहिता निर्माण गरेर शान्ति सुरक्षा कायम गर्ने साझा जिम्मेवारी लिनुपर्ने तथा वैचारिक र राजनीतिक स्वतन्त्रता कुण्ठित गर्न नहुने रहेका छन्। अर्कातिर संसदवादी पार्टीहरूले भने ०४६ सालको उपलब्धिको रक्षा, पारदर्शीता र सबै राजनीतिक दलको सहभागितालाई नै जोड दिएका छन्। केही दलले भने राज़ाको प्रत्यक्ष संलग्नतालाई पनि अनिवार्य गर्ने माग गरेका छन्।

नागरिक समाज, राष्ट्रिय मानव अधिकार आयोग र मानवअधिकार संस्थाहरूले वार्तालाई परिणाममुखी बनाउनका लागि स्पष्ट आचारसंहिता तयार गर्नुपर्ने, मानवअधिकारको विषयलाई निःशर्त पालना गर्नुपर्ने, सुक्ष्म अनुगमनलाई प्राथमिकता दिनुपर्ने लगायत्का विषयमा जोड दिँदै आएका छन्। राष्ट्रिय मानव अधिकार आयोगले गत माघ २१ गते सरकार र माओवादीलाई छुट्टाछुट्टै पत्र लेखी युद्धविरामको समझदारीपत्र तयार गरी सार्वजनिक प्रतिबद्धता जाहेर गर्न आग्रह गरेको छ। आग्रह पत्रमा मानवअधिकारको सम्मान र प्रभावकारी कार्यान्वयन तथा मानवीय कानूनको पालनामा इमान्दार हुन के गर्न हुने र के गर्न नहुने भन्ने कुराहरू सहितको समझदारी पत्रमा हस्ताक्षर गर्न अनुरोध गरिएको छ। आयोगले माओवादी सशस्त्र विद्रोह नियन्त्रण गर्न जारी "आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन" जिवित रहेको तथा माओवादीले हतियार बुझाई नसकेको अवस्थामा कुनै पनि वेला युद्धविराम भंग हुने आशंका पनि गरेको छ। यसैवीच माओवादी वार्ता टोलीका सदस्य महराले सरकारी वार्ता टोलीका संयोजकसँगको अनौपचारिक भेटमा उक्त ऐन फिर्ता नभएसम्म माओवादी वार्ता टोली सार्वजनिक नहुने स्पष्ट गर्नुभएको वुझिएको छ। त्यसैले युद्धविराम र माओवादी विरूद्धका अन्य आरोप र निर्णय फिर्ता भए पनि सो ऐन खारेज गरिनु प्राथमिक महत्वमा परेको छ।

मानवअधिकार संस्था तथा नागरिक समाजले युद्धविरामका साथै बन्दीहरूको रिहाई, बेपत्ता पारिएकाहरूको स्थिति सार्वजनिक, बारूदी सुरूङहरूको नियन्त्रण र निस्क्रियता, घाइतेहरूको उपचार, टुहुरा, परित्यक्त, असहाय, विधवा आदिको पहिचान तथा पुनर्स्थापना, आपतकालीन सेवा, विद्यालय, अस्पताल, सामुदायिक क्षेत्रहरूलाई "शान्ति क्षेत्र" को घोषणा गर्नुपर्ने तथा युद्धपीडित, युद्धमा संलग्न सबै वर्गको पीडा मुक्तिका लागि सामाजिक परामर्श सेवाको सुविधा उपलब्ध हुनुपर्ने जस्ता विषयमा जोड दिएका छन्।

हालसम्म वार्ता टोली, वार्ताका शर्त वा आचारसंहिता सार्वजनिक गरिनसकेको सरकारी पक्षले भने राजतन्त्र र वहुदलीय व्यवस्थाका विरूद्धमा वाहेक माओवादीसँग वार्ता हुनसक्ने कुरा अनौपचारिक रूपमा वाहिर ल्याएको छ। आचारसंहिताको तयारीका लागि राजनीतिक पार्टी र सबै अन्य क्षेत्रको सुझाव लिएर अध्ययन भइरहेको सरकारी वार्ता टोलीका संयोजक मन्त्री पुनले सार्वजनिक गर्नुभएको छ। सरकारी पक्षको विशेष जोड वा टाउको दुखाईको विषय रहेको गणतन्त्रको मागलाई माओवादीहरूले गत वर्ष नै स्थगित गरेका छन् भने सबै राजीतिक दलसँग सहकार्य गर्ने उनीहरूको प्रतिवद्धता धेरैपटक दोहोरिसकेको छ।

वार्ताको प्राथमिक शर्त र प्राथमिकताको चर्चा गर्दा सरकारी वार्ता टोलीले आकार लिइसकेको छैन, न त आचारसंहिताको निर्माण र त्यसको पालनाको पूर्ण प्रतिवद्धता तथा विकल्पहरू तयार गरी सार्वजनिक गर्ने काम नै भएको छ। राजधानी भित्रिएका माओवादी नेताहरूले सरकारी वार्ता टोलीका संयोजक मन्त्री पुनसँग भेट गरिसकेका छन्। मन्त्री पुनले आगामी चैतको पहिलो सातामा "सद्भावना वार्ता" हुने र त्यसपछि मात्र औपचारिक वार्ता हुने वताउनु भएको छ। त्यसो त मन्त्री पुनले फागुन ९ गते पछिल्लोपटक शान्ति स्थापनाका चरणको चर्चा गर्दै रूपन्देहीमा सम्पन्न एक कार्यक्रममा पहिलो चरणमा युद्धविराम, दोश्रोमा आचारसंहिता निर्माण र तेश्रो चरणमा शान्ति सम्झौता सन्पन्न गर्न दुवै पक्ष सहमत भएपछि मात्र युद्धविराम गरिएको वताउनु भएको छ। त्यस अवसरमा उहाँले शान्तिवार्तालाई प्रोत्साहन दिनुको सट्टा राजनीतिक दलहरूले अवरोध खड़ा गर्न खोजेको आरोप पनि लगाउनु भएको थियो। उहाँले सो आरोपका सम्वन्धमा भने स्पष्ट गर्नुभएन तर भन्नुभयो- "वावुराम र नारायणसिंह मिलेर मात्र समस्या समाधान हुँदैन।" ●

प्रेस विज्ञप्ति

विगत सात वर्षदेखि नेपालमा विद्यमान सशस्त्र आन्तरिक संघर्षको अन्त्य गरी शान्तिवार्ता अगाडि वढाउने सहमति मुताविक श्री ५ को सरकार तथा नेकपा (माओवादी) द्वारा संयुक्त रुपमा "युद्धविराम" गर्ने निर्णयको हामी मानवअधिकारकर्मी समुदाय हार्दिक स्वागत गर्दछौं।

मानवअधिकार एवम् अन्तर्राष्ट्रिय मानवीय कानूनको उल्लंघनको दृष्टिकोणवाट अत्यन्त पीडादायक एवम् गम्भीर परिस्थितिवाट मुलुक गुजिरहेको सन्दर्भमा घोषित "युद्धविराम" ले आमनागरिकहरुमा मानवअधिकारको पुनर्वहाली भई न्यायपूर्ण एवम् दीर्घकालीन शान्तिको ढोका खोलिने कुरामा विश्वास पलाएको छ।

यसै सन्दर्भमा घोषित "युद्धविराम" तथा प्रस्तावित "शान्तिवार्ता" को प्रक्रिया, पारदर्शिता एवम् सहभागिताको विषय प्रष्ट नहुनु र आमजनता यसप्रति सुसूचित हुने अधिकारवाट विमुख हुनाले थप अन्यौल छाएको छ। घोषित "युद्धविराम" का आचार संहिताहरु सार्वजनिक गरिनुपर्ने तथा प्रस्तावित "शान्तिवार्ता" मा अपनाइनु पर्ने पारदर्शिता, उत्तरदायित्व एवम् अनुगमन प्रक्रिया सार्वजनिक जनसरोकारको विषय भएकोले जनताको सूचनाको हक सुनिश्चित गरिनुपर्ने हाम्रो जोडदार माग छ।

साथै, "शान्तिवार्ता" को नाममा आधारभूत अधिकार कुण्ठित गरिन नहुने, विगत ७ वर्षका मानवअधिकार उल्लंघनका घटनाहरुलाई अनुसन्धान गरी मानवअधिकार एवम् मानवीय कानूनका उल्लंघनकारीहरुलाई दण्डमुक्ति दिइन नहुने हामो विशेष आग्रह छ।

अन्त्यमा, विगत ७ वर्षमा नेपालमा युद्धरत पक्षहरुद्वारा सुनियोजित, एवम् गम्भीर प्रकृतिका मानवअधिकार उल्लंघनका घटनाहरुको संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्च आयोग, राष्ट्रिय मानव अधिकार आयोग तथा मानवअधिकारकर्मी संस्थाहरुको संयुक्त प्रयासमा प्रतिवेदन तयार गर्ने तथा त्यस सन्दर्भमा राज्यले अविलम्व चाल्नु पर्ने कदमहरुप्रति अन्तर्राष्ट्रिय दवाव सृजना गर्न संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगको आगामी वैठकमा एक महत्वपूर्ण प्रस्ताव पारित गर्न मानवअधिकारकर्मी समुदायको तर्फवाट तयारी भइरहेको छ। साथै, घोषित "युद्धविराम" तथा प्रस्तावित "शान्तिवार्ता" को सुक्ष्म अनुगमन गर्ने मानवअधिकारकर्मी संस्थाहरुद्वारा आज इन्सेकमा आयोजित वैठकले निर्णय गरेको छ।

सुवोधराज प्याकुरेल, इन्सेक
डा. भोगेन्द्र शर्मा, सिभिक्ट
डा. गोपालकृष्ण शिवाकोटी, इन्हुरेड/हिमराइट्स
गौरी प्रधान, सिविन
वविता वस्नेत, संचारिका समूह
मन्दिरा शर्मा, एड्भोकेसी फोरम
जसुदा प्रधान, इद्रिकोन
डि.वी. सागर, जनउत्थान प्रतिष्ठान
लिला शर्मा, जागरण नेपाल
रत्न श्रेष्ठ, एफडब्लुएलडी
अन्जना शाक्य, वियोन्ड वेइजिङ कमिटी
सुधा उप्रेती, ओरेक
प्रदीप घिमिरे, सेहुर्डेस

०५९/१०/१९

गत वर्षको वार्ता: माओवादी प्रस्ताव र सरकारी जवाफ

०५९ भदौ २९ मते वर्दिया जिल्लाको ठाकुरद्वारामा सम्पन्न वार्तामा नेकपा (माओवादी) का वार्ता टोली संयोजक कृष्णबहादुर महराद्वारा **प्रस्तुत** :

जनयुद्धको विगत ६७ महिनामा हाम्रातर्फबाट जनता र राष्ट्रको समस्याको नयाँ निकासका लागि वार्ताको प्रक्रियाबाट अघि बढ्न पनि तयार रहँदै आएका हौं। तर, यस दिशामा विगतका कुनै पनि सरकार इमान्दार र गम्भीर बन्न सकेनन्। अहिले सरकारले वार्ताको प्रक्रियाद्वारा समस्या समाधानमा देखाएको अग्रसरतालाई हामीले स्वीकार गर्दै छलफलद्वारा नयाँ निकासका लागि हाम्रातर्फबाट निम्न लिखित विषयवस्तुहरू प्रस्तुत गरेका छौं।

एक्काइशौं शताब्दीमा प्रवेश गरेको आजको युगमा हाम्रो मुलुक अग्रगति प्रदान गर्न अब पुराना सबै मूल्य मान्यतामा आधारित व्यवस्था र संरचनाभित्र हैन, त्यस घेराबाट मुक्त भएर मात्र नयाँ निकास सम्भव छ।

त्यसका लागि आजको वस्तुगत आवश्यकता र जनभावनालाई सम्मान गर्दै हामी आफ्नो अधिकतम लक्ष्यबाट धेरै लचिलो भएका छौं। विद्यमान राज्यसत्ता अन्तर्गतका सरकार र सबै राजनीतिक शक्तिहरूले पनि आजको यही यथार्थतालाई गम्भीरतापूर्वक आत्मसात गरी अघि बढ्न विशेष आग्रह गर्दछौं।

(क) वार्ताको वातावरण सहज बनाउन तत्काल गर्नुपर्ने कार्यहरू :

१. जनयुद्धपूर्व र पश्चात् विभिन्न समयमा पुलिस हिरासतबाट बेपत्ता पारिएका दण्डपाणि न्यौपानेलगायत्का व्यक्तिहरूको स्थिति सार्वजनिक गरिनु पर्दछ।

२. नेकपा (माओवादी) का केन्द्रीय सदस्य मातृका यादवलगायत्का सम्पूर्ण बन्दीहरू तत्काल रिहा गरिनु पर्दछ।

३. जनयुद्धका विरूद्ध लक्षित गरेर बनाइएका सुरक्षा नियमावली, सशस्त्र सुरक्षा बललगायत्का सम्पूर्ण ऐन कानून खारेज गरिनु पर्दछ।

४. जनताका विरूद्ध षडयन्त्रमूलक ढंगबाट लागू गर्न खोजिएको एकीकृत विकास र सुरक्षा कार्यक्रम फिर्ता लिनु पर्दछ।

५. विभिन्न बहानामा जनतालाई आतंकित पार्दै परिचालन गरिएका शाही सेनालाई ब्यारेकमा फिर्ता गरिनु पर्दछ।

(ख) मुख्य राजनीतिक विषयहरू

१. देश र जनताका समस्या समाधानको निकास खोज्न बाधक भएको वर्तमान संविधान खारेज गरी नयाँ संविधान निर्माणका लागि जनतालाई अधिकार प्रदान गरिनुपर्दछ।

२. वर्तमान संसद र सरकार विघटन गरी नयाँ प्रक्रिया आरम्भ गर्ने अन्तरिम सरकारको गठन गरिनु पर्दछ।

३. परम्परागत राजतन्त्रको अन्त्य भइसकेको र जनताको हृदयमा गणतन्त्रको उदय भइसकेको परिप्रेक्ष्यमा गणतन्त्रको संस्थागत विकासको प्रक्रिया आरम्भ गरिनु पर्दछ।

(ग) जनसरकारका तत्कालीन विषयवस्तुहरू

१. सन् १९५० को नेपाल-भारतबीचको सन्धि, एकीकृत महाकाली सन्धि २०५२ लगायत्का सम्पूर्ण असमान सन्धि सम्झौताहरू खारेज गरिनु पर्दछ। कालापानीबाट भारतीय सेना हटाइनु पर्दछ र सीमा अतिक्रमण बन्द गरिनु पर्दछ।

२. नेपाल-भारत खुला सिमाना नियन्त्रित र व्यवस्थित गरिनु पर्दछ। वर्क परमिट प्रणाली लागू गरिनु पर्दछ।

३. सबैखाले जाति र क्षेत्रीय शोषण उत्पीडनको अन्त्य गर्नका लागि आत्मनिर्णयको अधिकार प्रदान गर्दै जातीय तथा क्षेत्रीय स्वायत्त शासन लागू गरिनु पर्दछ। धार्मिक निरपेक्षता कायम गरिनु पर्दछ।

४. कृषि क्षेत्रमा विकासका लागि जमिन जोत्नेको नाराका आधारमा क्रान्तिकारी भूमिसुधार लागू गरिनु पर्दछ। सामन्त, नौकरशाही पूँजीपतिहरूको र विभिन्न प्रकारका गुठीहरूको स्वामित्वमा रहेको जमीन विनामुआव्जा जफत गरेर भूमिहीन तथा गरिब किसानहरूमा वितरण गरिनु पर्दछ।

५. साम्राज्यवादी र भारतीय एकाधिकार मुक्त गरी देशमा तीव्र औद्योगिकीकरणको मार्ग प्रशस्त गरिनु पर्दछ। देशका साना तथा घरेलु उद्यमीहरू र अल्पसंख्यामा रहेको राष्ट्रिय पुँजीपतिहरूको पूँजीलाई संरक्षण र प्रोत्साहन गरिनु पर्दछ।

६. देशको वाणिज्य क्षेत्रमा भारतीय एकाधिकार पूँजीपतिहरूको नियन्त्रण गरिनु पर्दछ र स्वदेशी व्यापारीहरूलाई राज्यले संरक्षण दिइरहनु पर्दछ, आपसी फाइदा र बराबरीको आधारमा सबैसँग व्यापारिक सम्बन्ध राखिनु पर्दछ।

७. सार्वजनिक खर्च बजेट प्रणालीअन्तर्गत व्यवस्थित गरिनु पर्दछ। आर्थिक पुनर्निर्माणलाई ध्यान राखी प्रगतिशील कर नीति लागू गरिनु पर्दछ।

८. शिक्षाको मूल चरित्र राष्ट्रिय र वैज्ञानिक हुनु पर्दछ। आम जनसमुदायमा देशप्रेम, विज्ञानमा विश्वास, श्रममा श्रद्धा, सार्वजनिक सम्पत्तिप्रति चासोको भाव पैदा गर्ने खालको शिक्षा नीति लागू गरिनु पर्दछ र शिक्षामा भइरहेको निजीकरण र व्यापारीकरण बन्द हुनु पर्दछ।

९. जनताको साँस्कृतिक स्तर अभिवृद्धि गर्न सामाजिक तथा राष्ट्रिय पुन: निर्माण गर्न र दक्ष जनशक्ति उत्पादन गर्न सामन्ती, दलाल र जनविरोधी विचारधाराको सट्टा जनताको सेवा गर्ने प्रगतिशील संस्कृतिको विकास गर्न जोड दिनु पर्दछ।

१०. सम्पूर्ण न्यायपूर्ण युद्ध र विशेष गरेर जनयुद्धका क्रममा सरकारद्वारा हत्या गरिएका सम्पूर्ण नागरिकहरूलाई शहीद घोषणा गर्ने, शहीद परिवार, घाइतेहरूलाई क्षतिपूर्ति दिनु पर्दछ।

११. स्वास्थ्य उपचार जनताको मौलिक अधिकार मानिनु पर्दछ। स्वास्थ्य सेवा नि:शुल्क सर्वसुलभ ढंगले उपलब्ध गराइनु पर्दछ। गाउँले क्षेत्रमा स्वास्थ्य सेवाको विस्तारमा विशेष ध्यान दिइनु पर्दछ।

१२. अन्धा, अपांग, वृद्ध, असहाय र बालबालिकाहरूको अधिकारको रक्षा गरिनु पर्दछ र उनीहरूको हेरचाहको विशेष व्यवस्था गरिनु पर्दछ।

१३. महिलाहरूमाथि भएका सामन्ती तथा पुँजीवादी शोषणका सबै स्वरूपहरूको अन्त्य गरिनु पर्दछ र महिलाहरूलाई सबै क्षेत्रमा पुरूषसरह समान अधिकार दिइनु पर्दछ। छोरीलाई छोरासरह पैतृक सम्पत्तिमाथि समान अधिकार दिइनु पर्दछ। महिला बेचबिखन कडाइपूर्वक रोकिनुपर्दछ।

१४. दलित जातिहरूमाथि हुँदै आएका शोषण, उत्पीडनका सबै रूपहरूको अन्त्य गरिनु पर्दछ र दलितहरूलाई सम्पूर्ण रूपले अरूसरह समान व्यवहार गरिनु पर्दछ।

१५. मजदुरहरूको निम्ति हप्ताको ४० घण्टाको कार्य दिन र न्यूनतम ज्याला निर्धारण गरी त्यसको कडाइपूर्वक कार्यान्वयन मजदुरहरूको सहभागिताको ग्यारेण्टी गरिनु पर्दछ।

१६. जनताको अभिव्यक्तिको स्वतन्त्रता सुनिश्चित गरिनु पर्दछ। तथ्यपूर्ण समाचार सम्प्रेषण गर्ने पत्रपत्रिकाहरूको प्रकाशनलाई अभिप्रेरित गरिनु पर्दछ।

१७. युवाहरूको सर्वांगीण विकासका लागि ठोस नीति बनाइ योजनाबद्ध ढंगले लागू गरिनु पर्दछ।

१८. बुद्धिजीवी, डाक्टर, वकिल, पत्रकार, लेखक, पाइलट, इन्जिनियर र साहित्यकारहरूलाई देश र जनताको सेवामा समर्पित गराउन उनीहरूको प्राज्ञिक स्वतन्त्रता तथा पेशागत

संरक्षणको सुनिश्चित गरिनु पर्दछ।

१९. एनजीओ/आईएनजीओको नाउँमा भइरहेको साम्राज्यवादी वित्तीय घुसपैठ र अन्तर्ध्वंसको अन्त्य गरिनु पर्दछ।

२०. विदेशमा वस्ने नेपालीहरूको हित रक्षाको सुनिश्चित गरिनु पर्दछ।

२१. जेठ १९ गते भएको नारायणहिटी राजदरबारको हत्याकाण्डको सत्यतथ्य पत्ता लगाई सार्वजनिक गर्न जनस्तरबाट एउटा शक्तिशाली आयोग बनाइनु पर्दछ।

२२. राष्ट्रको पूर्वाधार विकासका लागि विशाल रूपमा रहेको ग्रामीण क्षेत्रमा कूल बजेटको ७० प्रतिशत छुट्याइनु पर्दछ।

२३. सम्पूर्ण तह र तप्काका जनसमुदायले राखेका न्यायपूर्ण मागहरू पूरा गरिनु पर्दछ। अन्त्यमा हामी फेरि पनि वार्ताद्वारा जनतालाई अधिकारसम्पन्न गराउन प्रयत्नरत छौं। श्री ५ को सरकार पनि यही अनुरूप अघि बढोस् भन्ने चाहन्छौं। जनता र देशका समस्याको कारण र समाधानको मूल केन्द्र राजनीतिक विषय वन्ने भएकाले बहस मूल राजनीतिक विषयमा केन्द्रित हुने स्पष्ट छ। साथै, विभिन्न वार्ताविरोधी षडयन्त्र गर्ने तत्वहरूबाट सरकार प्रभावित नहुन पनि विशेष आग्रह गर्दछौं।

माओवादीद्वारा विषयवस्तु प्रस्तुत भएपछि श्री ५ को सरकारका वार्ता टोली संयोजक

चिरञ्जीवी वाग्लेद्वारा प्रस्तुत जवाफ :

(क) वार्ताको वातावरणबारे

१. हराएका भनिएका व्यक्तिहरूका सम्वन्धमा श्री ५ को सरकारले थुनामा रहेका र जेलमा रहेका तथा हराएका भनिएका व्यक्तिहरूका वारेमा आफ्नो अभिलेखमा भएका विवरण एक साताभित्र यथार्थ रूपमा जानकारी गराउने छ।

२. गिरफ्तार व्यक्तिका रिहाइवारे वार्ताको वातावरण निर्माण गर्न श्री ५ को सरकारले आफ्ना तर्फवाट राखेका भनाइसँग तादात्म्य राख्दै गिरफ्तार व्यक्तिहरूलाई प्रक्रिया पुऱ्याई रिहाइ गरिने छ।

३. सार्वजनिक सुरक्षा नियमावलीबारे नयाँ ऐन कार्यान्वयन गर्ने सन्दर्भमा पुरानो नियमावली संशोधन गरी आएको सार्वजनिक सुरक्षा नियमावली, २०५८ का संविधान र ऐनका भावनासँग तालमेल नखाने अंश परिमार्जन गरिनेछ।

सशस्त्र प्रहरी वल मुलुकमा हुन सक्ने सम्भावित हिंसात्मक घटना, दंगा नियन्त्रण सार्वजनिक स्थलहरूको सुरक्षा, सीमा सुरक्षा आदि प्रयोजनका निम्ति कानूनवमोजिम गठन भएको निकाय हो। त्यसैले यसको विघटन सम्भव छैन। तर, यो वल कुनै पनि राजनीतिक पक्षका विरूद्ध लक्षित छैन र हुँदैन।

४. एकिकृत आन्तरिक सुरक्षा र विकास शान्ति सुरक्षाको प्रत्याभूति र विकास आयोजनाको कार्यान्वयनलाई सहयोग पुऱ्याउने सन्दर्भमा आएको योजना विकास निर्माणको निर्वाध संचालन, शान्ति सुरक्षाको स्थितिमा सुधार हुने वित्तिकै स्वत: निष्क्रिय हुनेछ। साथै, ५ नं. बुँदा पनि यसैसँग सम्वद्ध भएको तर्फ ध्यानाकर्षण गराउँछौं।

यसका साथै वार्ताको वातावरण बनाउन नेकपा (माओवादी) पक्षले तत्काल गर्नुपर्ने कार्यका बारेमा श्री ५ को सरकारको दृष्टिकोणलाई पनि स्पष्टताका साथ राख्दछौं :-

(१) नेपाल अधिराज्यभरि हतियारको प्रयोग, ओसारपसार, प्रदर्शन, चन्दा संकलन तथा लुटपाट तत्काल वन्द हुनुपर्ने।

(२) निर्वाचित प्रतिनिधिहरूलाई जवर्जस्ती राजीनामा गराउने, काम गर्न नदिने तथा कार्यालयमा तालावन्दी जस्ता कार्य तत्काल रोक्नुपर्ने।

(३) जनसरकारको घोषणा र त्यसको आडमा भएका जनअदालतका सम्पूर्ण कारवाही तत्काल बन्द गर्नुपर्ने।

(४) जबर्जस्ती चन्दा असुल्ने, निजी र सार्वजनिक सम्पत्ति, साधनहरूलाई करकाप र त्रासमा पारी प्रयोग गर्ने काम तत्काल बन्द गरिनुपर्ने।

(५) औद्योगिक-व्यापारिक, पर्यटन, शिक्षण संस्थालाई बलपूर्वक बन्द गर्ने र निर्वाध ढंगले संचालन हुन नदिने जस्ता बल प्रयोगका सबै घटना रोक्नुपर्ने।

(६) माओवादी पक्षद्वारा अपहरण गरिएका, बेपत्ता पारिएका सर्वसाधारण नागरिक, प्रहरी सुरक्षाकर्मी तथा विभिन्न राजनीतिक पार्टीका कार्यकर्ताहरूलाई मुक्त गर्नुपर्ने।

(७) वार्ताको अवधिभरि वार्ताहरूलाई प्रतिकूल प्रभाव पार्नेगरी कुनै पनि सभा, जुलुस प्रदर्शन नगर्ने।

(ख) राजनीतिक विषयहरूबारे

१. नेपाल अधिराज्यको संविधान २०४७ ले मुलुकको सार्वभौमसत्ता जनतामा निहित गर्दै जनताका आधारभूत मानवअधिकार कुनै पनि वहानामा खोसिन नसक्ने गरी प्रत्याभूत गरेको छ। संविधान जनताको चाहनाअनुरूप नै वनेको र वर्तमान अवस्थामा संवैधानिक विकास क्रमका लागि जनताले चाहेअनुरूप आफ्ना प्रतिनिधिमार्फत् नयाँ ढंगवाट सुधार र परिमार्जन गर्न सक्ने संवैधानिक अधिकार जनतामा नै रहेको छ। त्यसैले वर्तमान संविधानको खारेजीको धारणासँग हामी असहमति प्रकट गर्दछौं। सार्वभौमसत्ता जनतामा निहित भएको वर्तमान संविधानले सवै दार्शनिक-वैचारिक आस्थालाई प्रकट हुन दिने र जनतालाई संगठित हुन दिने र जनताको अभिमत मार्ग्ने अवसर प्रदान गर्नाका साथै अहिले हाम्रा माझ छलफलमा उठेका आर्थिक, सामाजिक र साँस्कृतिक तथा राष्ट्रिय एकता र स्वाभिमानसँग सम्वन्धित सवै विषय र समस्याको निकास दिनसक्ने संविधानको गतिशील र लचिलो स्वरूपलाई नयाँ परिप्रेक्ष्य अनुकूल वनाई सवैले सदुपयोग गर्दछौं भन्ने हाम्रो प्रष्ट मान्यता प्रकट गर्दछौं।

२. नेपालको ऐतिहासिक एवम् सामाजिक साँस्कृतिक पृष्ठभूमी र भूराजनीतिक परिप्रेक्ष्यमा संवैधानिक राजसंस्थाको आवश्यकतालाई हामीले गम्भीर रूपले स्वीकार गरेका छौं। नेपाल अधिराज्यको ऐतिहासिक स्वरूपलाई नेपाल अधिराज्यको संविधान २०४७ ले संवैधानिक राजसंस्थाका रूपमा स्थापित र मर्यादित गरेको छ। यस प्रक्रियालाई विकसित र सुदृढ वनाउँदै लैजानेतर्फ हाम्रो पूर्ण प्रतिवद्धता रहेको छ। यसैले संवैधानिक मान्यताभित्र मर्यादित राजसंस्थालाई अस्थिर वनाउने गरी आएको गणतन्त्रको अवधारणासँग हामी पूर्णत: असहमत छौं।

३. संविधान र संवैधानिक राजसंस्थाका वारेमा माथि प्रकट भएका हाम्रा धारणाका सन्दर्भमा संवैधानिक प्रक्रियाअनुरूप संसदको गठन-विघटन, नयाँ सरकारको गठन र परिवर्तन जनताको अभिमत र मुलुकमा क्रियाशील राजनीतिक पार्टीहरूका माझ विकसित हुने समझदारीका साथै निश्चित एवम् स्पष्ट उद्देश्यका निम्ति हुनसक्ने संभावनातर्फ ध्यानाकर्षण गर्दछौं।

(ग) जनताका सरोकारका तात्कालिक विषयबारे

यसवाहेक विभिन्न आर्थिक, सामाजिक-साँस्कृतिक एवम् शैक्षिक क्षेत्र लगायत्का विषयहरूमा आपसी छलफलद्वारा एउटा साझा निष्कर्षमा पुग्न सकिन्छ भन्ने धारणा राख्न चाहन्छौं।

यहाँ उल्लेखित कतिपय सुधारका विषयहरू श्री ५ को सरकारका तर्फवाट कार्यान्वयनका चरणमा छन्, उपयुक्त कानून निर्माणका लागि संसदमा विचाराधीन र छलफलका क्रममा छन्। सत्तारूढ पार्टी नेपाली काँग्रेस तथा संसदमा क्रियाशील प्रमुख दल एमालेलगायत् अन्य राजनीतिक पार्टीहरूद्वारा समेत पृथक र साझा रूपमा उठाइएका विषयहरू पनि हाम्रो छलफलका विषय भएका छन्।

मुलुकको राष्ट्रिय स्वाभिमान र एकतालाई अझ वढी उच्च र सुदृढ बनाउने, कृषि र भूमि व्यवस्थामा सुधारलगायत् सवल राष्ट्रिय अर्थतन्त्रको निर्माणसँग सम्वन्धित विषयहरूमा, सामाजिक भेदभाव शोषण समाप्त गर्ने मुद्दाहरूमा तथा स्थानीय निकायहरूलाई थप सुदृढ र अधिकारसम्पन्न वनाई स्थानीय जनसहभागिता, विकेन्द्रित पद्धति तथा संरचनाअनुरूप स्थानीय स्वशासनलाई विकसित गर्ने विषयहरूमा समेत सजिलैसँग सहमतिमा पुग्न सकिन्छ भन्ने हाम्रो धारणा छ।

जनताका प्रत्यक्ष चासो र सरोकारका विषयहरूमा एक-एक गरी विषयगत रूपमा उपलब्धिमूलक ढंगले वार्ता गरी हाम्रो मुलुकको आर्थिक, सामाजिक रूपान्तरण, जनताका अधिकारको अझ वढी सुदृढीकरण गर्ने प्रयोजनका लागि श्री ५ को सरकार सधै धैर्यपूर्वक छलफल गर्न र निष्कर्षमा पुग्न तत्पर रहेकोतर्फ यस वार्तामा सहभागी नेकपा (माओवादी) का वार्ताकार मित्रहरूलाई ध्यानाकर्षण गर्दछौं। ●

अदालतको अवहेलना

– बालकृष्ण बस्नेत

माओवादीको आरोप लागेका वन्दी रिहा गर्ने विषयमा अहिले न्यायालय र सरकारबीच अघोषित द्वन्द्वको स्थिति देखा परेको छ। गैरकानूनी तवरले थुनामा राखेको ठहर गर्दै तत्काल रिहा गर्न सर्वोच्च अदालतले पटक-पटक आदेश दिंदा पनि सरकारले मानिरहेको छैन। सर्वोच्च अदालतको त्यो आदेशलाई सत्याउँदै सरकारले आधा दर्जनभन्दा वढी व्यक्तिलाई अझै बन्दी बनाएर राखेको छ। अरू दर्जनभन्दा वढी बन्दीले न्यायका लागि सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका छन्। सरकारले आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजाय) ऐनको आडमा उनीहरूलाई पक्राउ गरेको बताएपनि सर्वोच्च अदालतले त्यसलाई गैरकानूनी ठहर गर्दै आएको छ। सो कानूनमा उल्लेखित आधार र कारणविना पक्राउ गरी नजरवन्दमा राखिएको ठहर गर्दै अदालतले रिहा गर्न आदेश दिएको हो।

सोही कारण देखाउँदै ०५९ पुस १७ र २२ गते सर्वोच्च अदालतले एक वर्षदेखि थुनामा रहेका चतुरमान गुरूङ, अधिवक्ता नारायण अधिकारी सहितलाई रिहा गर्न आदेश दिएको थियो। सर्वोच्चवाट थुनामुक्तको आदेश पाउनेमा दोलखाका मजदुर हरिद्वार कुवँर, कृष्णबहादुर खत्री, विद्यार्थी डम्वरवहादुर कार्की, सुनसरीका मजदुर शान्तिराम भट्टराईलगायत् थिए। तर, सरकारले कसैलाई नछाडेपछि, उनीहरूले पुनः उक्त आदेश कार्यान्वयनका लागि अर्को रिट निवेदन दिएका थिए। उनीहरूले पछिल्लो रिट निवेदनमा अदालतको आदेश अटेर गरेकाले अवहेलनामा कारवाही गर्न माग गरेका छन्। साथै, मन्त्रालय, जिल्ला प्रशासन, प्रहरी, कारागारलगायत्का सम्बन्धित पदाधिकारीमाथि विभागीय कारवाहीको समेत माग गरेका छन्। वन्दी नछाडेकै विषयमा राष्ट्रिय मानव अधिकार आयोगले प्रधानमन्त्रीलाई पत्र लेखी आफ्नो ध्यानाकर्षण गराएको थियो। आयोगले अदालतको आदेश अटेर गर्नु कानूनी शासन विपरीत हुँदा आदेशवमोजिम सबै बन्दीलाई यथाशीघ्र रिहा गर्न आग्रह पनि गरेको थियो। कानून व्यवसायीहरूको संगठन नेपाल वार एशोसियसन, मानवअधिकार संघसंस्था तथा स्वयं सर्वोच्च अदालतले यसलाई गम्भीरतापूर्वक लिएका छन्।

सोह्र वर्षीय किशोर चतुरमान गुरूङलाई गत फागुन २८ गते घर खानतलासीका क्रममा आएका सादा पोशाकका सुरक्षाकर्मीले केही काम छ भनी त्यहाँवाट अज्ञात स्थलतर्फ लगेका थिए। उनलाई २ महिनासम्म आँखामा पट्टी वाँधी राखेर वैशाख २३ गते मात्र नजरवन्दमा राख्ने थुनुवा पुर्जी दिइएको थियो। त्यसपछि उनलाई लगातार केन्द्रीय कारागारमा राखिएको थियो। उनलाई गैरकानूनी तवरले थुनामा राखिएको जनाउँदै पुस १७ गते सर्वोच्च अदालतले रिहा गर्न आदेश दिएको थियो। सो आदेश लिई उनका काका सूर्य गुरूङ त्यसैदिन जाँदा उनलाई भोलिपल्ट बोलाइयो। भोलिपल्ट सबैरै त्यहाँ पुगेका सूर्य गुरूङले दिनभर कुर्दा पनि आफ्नो भतिजोलाई लिएर जान पाएनन्। वेलुकी ५ बजेतिर चतुरमानलाई कारागारवाट वाहिर निकालियो। एकैछिनमा प्रहरी

गिरफ्तार गरिएकाहरू

शान्तिराम भट्टराई
उमेर : ३२ वर्ष
ठेगाना : सिंगीया गाविस-६, सुनसरी
अस्थायी : गौरीघाट, काठमाण्डौ
पेशा : मजदुरी

०५८ माघ २७ गते विहान ११-१२ बजेतिर काठमाण्डौ गौरीघाटवाट वाटोमा हिंडिरहेको वेला सादा पोशाकमा रहेका सैनिकले गिरफ्तार गरे। आँखामा पट्टी वाँधेर गाडीमा हालेर लगियो। त्यो ठाउँ एयरपोर्ट ब्यारेकजस्तो लाग्छ। त्यहाँ १० मिनेटजति राखेर पट्टी वाँधी १ न. बाहिनी, बालाजु लगियो। माघ २७ गते नै कोठामा छापा मार्न नली सँगै कोठामा लगियो। त्यतिवेलै गिरफ्तारीबारे परिवारले थाहा पाए। बालाजुमा नाङ्गै पारेर करेन्ट लगाउने, सिस्नुपानी लगाउने, हात-खुट्टा वाँधेर झुण्ड्याउने, बरफ पानी खन्याउने, तिघ्रा, पैतालामा हिर्काउने जस्ता यातना दिइयो। दिउँसो, वेलुका, राति जुन वेला पनि यातना दिइन्थ्यो। त्यहाँ ६ दिनसम्म राखियो। ०५८ फागुन ३ गते छाउनीस्थित सैनिक ब्यारेक लगियो र २२ दिनसम्म राखियो। त्यहाँ कतिपय अवस्थामा त वेहोस हुनेगरी कुटपिट गर्ने, करेन्ट लगाउने, चार हातखुट्टा वाँधेर झुण्ड्याउने र कुटपिट गर्ने जस्ता यातना दिइयो। कतिपय वेला बुफित ल्याएर, आँखामा पट्टी वाँधेर र हात पछाडि लगी हतकडी लगाएर यातना दिइन्थ्यो। नाक, मुख, दिशा आदिवाट रगत आउने विरामी भएको अवस्थामा पनि औषधी दिइएन। हरेक दिन कुटपिट गरियो। बाफन्त वा अन्य कोहीसँग भेटघाट सम्पर्क गर्न दिइएन।

०५८ चैत ५ गते हनुमानढोका लगी १५ दिनसम्म राखियो। आतंककारी तथा विध्वंसात्मक गतिविधिमा सलग्न भएको व्यवहोराको पुर्जी दिइयो। शारीरिक यातना भने दिइएन। हनुमानढोकामा लगेपछि कोठामा परिवारलाई खबर गरियो। परिवार खाना पुऱ्याउन आउँदा तर भेट गर्न दिइएन। ०५८ चैत २० गते केन्द्रीय कारागार चलान गरियो। त्यसपछि ३-३ महिनामा रिहा गर्ने र पुनः गिरफ्तार गर्ने कार्य भयो। रिहा गरिन्थ्यो र भेटवाट पुनः गिरफ्तार गरेर हनुमानढोका पुऱ्याइन्थ्यो, त्यतिवाट केही दिनपछि पुनः केन्द्रीय कारागार ल्याइन्थ्यो।

०५९ असार १९ गते केन्द्रीय कारागारवाट रिहा गरियो र हनुमानढोका ल्याइयो। त्यसपछि २० गते केन्द्रीय कारागार लगियो र ३ महिना राखियो। पुनः असार १९ गते रिहा गरियो र तत्काल गिरफ्तार गरी हनुमानढोका पुऱ्याइयो। त्यहाँ २ दिन राखी केन्द्रीय कारागार लगियो। केन्द्रीय कारागारवाट असोज १६ गते रिहा गरी पुनः गिरफ्तार गरेर हनुमानढोका लगियो र असोज २४ गतेसम्म राखियो। असोज २४ गते केन्द्रीय कारागार लगि पुस २३ गतेसम्म राखियो।

०५९ पुस २३ गते केन्द्रीय कारागारवाट रिहा गरियो र पुनः गिरफ्तार गरी हनुमानढोका लगियो। सोही दिन हामीले सर्वोच्च अदालतले फैसला गरेको कुरा थाहा पाइसकेका थियौं। भोलिपल्ट १० बजेतिर "तपाईहरू वाहिर निस्कनुस्" भनेर २४ गते गाडीमा राखी बानेश्वर सुविधानगरस्थित प्रहरी चौकीमा लगियो। खाना खान, सुत्न कुनै व्यवस्था भएन। पुस २५ गते पनि खाना खान दिइएन। कसैसँग भेट गर्न वा सम्पर्क गर्न पनि दिइएन। पुस २६ गते बौद्धस्थित प्रहरी चौकीमा लगियो र त्यहाँ माघ ५ गतेसम्म राखियो।

माघ ५ गते बौद्ध प्रहरी चौकीवाट आँखामा पट्टी वाँधी वाहिर निकालियो। त्यसपछि कहाँ-कहाँ घुमाइयो थाहा भएन। वेलुका ५ बजेतिर ललितपुर जिल्ला प्रहरी कार्यालय पुऱ्याइयो। सो दिन त्यहीं राखी भोलिपल्ट नख्खु जेल पुऱ्याइयो। ०५९ पुस २३ गतेदेखि नख्खु जेल नपुऱ्याइँदासम्म चिसो भुइँमा सुताइयो। कसैलाई फोन, खबर गरिदिनुस् भन्दा पनि गरिएन। केन्द्रीय कारागारमा रहँदा एक पटक उपचारका लागि पाटन अस्पताल पठाइएको थियो। त्यसवाहेक कुनै उपचार गरिएको छैन। चिसोमा जीउ, जोर्नी इच्छ। यातनाका कारण नाक भाँचिएको छ।

भ्यान आयो। त्यहाँ पनि सादा पोशाकका प्रहरीले उनलाई पुनः पक्राउ गरे। बन्दी भतिजोलाई छुटाउन गएका सूर्य गुरूङले भेट्न पनि पाएनन्। उनलाई शंका लागि ट्याक्सी लिएर प्रहरीको पछि-पछि कुदे। पछ्याउँदै जाँदा त्यो प्रहरी भ्यान महेन्द्र पुलिस क्लबभित्र पस्यो। उनी पनि त्यहीं पुगी भतिजोको बारे सोध्दा नल्याइएको जानकारी गराउँदै उनलाई फर्काइयो। चतुरमानलाई बा. ३ च ३६६२ नं को प्रहरी भ्यानगाडीमा राखी महेन्द्र पुलिस क्लबमा पुऱ्याइएको थियो। घटना सार्वजनिक भएपछि उनलाई सुविधानगर प्रहरी कार्यलयमा सारिएको थियो। पछि हनुमानढोका हुँदै नख्खु जेल, ललितपुर पुऱ्याइयो। सरकारले आदेशको पालना गरेन भनी उनका काकाले पुनः सर्वोच्चमा रिट निवेदन दायर गरे। त्यसमा उनले आफ्नो भतिजोको जीउ ज्यान नै खतरामा रहेकोले बन्दीलाई अदालतमा उपस्थित गराई चाँडो भन्दा चाँडो रिहाईको माग पनि गरेका छन्।

नुवाकोट जिल्ला बार एशोसियसनका कार्यकारी सदस्यसमेत रहेका अधिवक्ता नारायण अधिकारीलाई पनि एक वर्ष अघि ०५८ माघ १३ गते सादा पोशाकमा आएका प्रहरीहरूले राजधानीको ढल्कोमा हिँडिरहेको अवस्थामा विना पुर्जी पक्राउ गरेका थिए। त्यसपछि उनलाई हनुमानढोका लगि अमानुषिक किसिमले कुटपिट, शारीरिक यातना दिइएको थियो। उनलाई खान लाउन र कसैसँग भेटघाट गर्नबाट समेत वञ्चित गरिएको थियो। त्यसको ९ दिनपछि उनलाई आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन २०५८ को दफा ३ (१) को विभिन्न उपदफामा उल्लेखित कामबाट तपाईंलाई रोक्न जरूरी भएकाले सोही ऐनको दफा ९ (१) ले दिएको अधिकार प्रयोग गरी नजरबन्दमा राख्ने पूर्जी दिई भद्रबन्दी गृहमा राखिएको थियो। उनको रिहाईका लागि परेको बन्दी प्रत्यक्षीकरण रिटमा सर्वोच्च अदालतले पहिलोपल्ट गत पुस २२ गते छाड्न आदेश दिएपनि उनी हालसम्म थुनामै छन्। आदेश भएको दिन कारागार पुग्दा चतुरमान जस्तै अधिकारीलाई पनि त्यो दिन छाडिएन। कारागार प्रशासनले बोलाएबमोजिम भोलिपल्ट १० बजे उनका आफन्त र कानून व्यवसायीहरू आदेश लिएर पुग्दा थुनाबाट मुक्त गरिसकेको मौखिक जानकारी दिइएको थियो। त्यसपछि प्रहरीले उनलाई बेपत्ता बनायो। कृष्णबहादुर खत्री, हरिद्वार कुवँर, डम्बरबहादुर कार्की, शान्तिराम भट्टराईलगायत्का बन्दीलाई पनि अधिकारी र गुरूङलाई जस्तै दुःख दिइएको थियो।

गुरू लगायत् केही बन्दीलाई जिल्ला प्रशासन कार्यालयका निमित्त प्रमुख जिल्ला अधिकारीले नजरबन्दमा राख्ने आदेश दिएका थिए। तर, आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐनको दफा ९ (१) ले नजरबन्दको आदेश जारी गर्ने अधिकार केवल प्रजिअलाई मात्र दिएको छ। ऐनले सो अधिकार प्रत्यायोजन हुने व्यवस्था पनि नगरेकाले शुरूदेखि नै उक्त थुना गैरकानूनी रहेको र त्यसको हालसम्म निरन्तरतासमेत भएकाले उक्त थुना गैरकानूनी एवम् अधिकारक्षेत्रविहीन रहेको प्रष्ट छ। त्यसमा पनि निमित्त प्रमुख जिल्ला अधिकारीले नजरबन्दमा राख्ने आदेश अधिकारक्षेत्रात्मक त्रुटी हुने भनी ०५९ सालको अधिवक्ता खिमलाल देवकोटा विरूद्ध श्री ५ को सरकार गृह मन्त्रालयसमेत भएको बन्दी प्रत्यक्षीकरण सर्वोच्चबाट नजीरसमेत प्रतिपादन भइसकेको छ। प्रजिअ कार्यालयबाट नजरबन्दमा राख्न दिइएको आदेशमा सो ऐनको दफा ९ (१) बमोजिम थुनामा राखिएको उल्लेख गरिएको छ। उक्त आदेश गैरकानूनी र गैरसंवैधानिक हुने दावी निवेदकहरूको छ। सो ऐनको उल्लेखनले मात्र निवारक नजरबन्दमा राख्न सक्ने अख्तियारी संविधान तथा कानूनमा कतै छैन। त्यसका लागि ऐनले निर्धारण गरेको न्यूनतम आधार र कारणको पूर्वावस्था हुनु जरूरी हुन्छ।

आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजाय) ऐन अनुसार कुनै पनि व्यक्तिलाई ९० दिनभन्दा बढी थुनामा राख्न मिल्दैन। सो ऐनमा हातहतियार, खरखजना, विषालु पदार्थ, विस्फोटक पदार्थसँग सम्बन्धित व्यक्ति र त्यसपकारको अपराधीसँग सरोकार भएका व्यक्तिलाई तीन महिनासम्म थुनामा राख्न पाउने अधिकार सुरक्षा निकायलाई दिइएको छ। ऐनको दफा (९) बमोजिम आतंककारी तथा विध्वंसात्मक कार्य हुनसक्ने कुनै काम गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने विश्वास गर्न सकिने मनासिब आधार भएमा सुरक्षा अधिकारीले

के भन्छन् ?

माघ ६ गते नख्खु जेल पुऱ्याइएपछि भेटघाट गर्न दिइयो। जेलबाट ०५९ फागुन २२ गते रिहा गरियो।

डम्बरबहादुर कार्की
उमेर : २२ वर्ष
ठेगाना : जुगु गाविस-७ दार्खा, दोलखा
अस्थायी : सितापाइला, काठमाण्डौ
पेशा : अध्ययन

०५८ चैत ३ गते बेलुका ४ बजेतिर सादा पोशाकमा रहेका प्रहरीले नयाँ बानेश्वरबाट गिरफ्तार गरी नयाँ बानेश्वर प्रहरी चौकीमा लगे। त्यसपछि सितापाइलास्थित कोठामा छापा मार्नका लागि सँगै लगियो र सोही दिन हनुमानढोका पुऱ्याइयो। आतंककारी गतिविधिमा संलग्न भएको आरोप लगाई गिरफ्तार गरिएको थियो। हनुमानढोकामा सोधपुछका क्रममा आँखामा पट्टी बाँधियो। आँखामा पट्टी बाँधेर ढाड, खुट्टा, तिघ्रा आदि भागमा लाठी, खुट्टा आदिले कुटपिट गरियो। हनुमानढोकामा चैत २१ गतेसम्म राखियो। सोही दिन, चैत २० गतेको मिति राखिएको पुर्जी दिई केन्द्रीय कारागार लगियो र असार १९ गतेसम्म राखियो। असार १९ गते बेलुका हनुमानढोका लगियो। २० गते दिनभरि हनुमानढोकामा राखेपछि कालिमाटीस्थित प्रहरी चौकी लगी राखियो। २१ गते महाराजगञ्जस्थित रोमियो हलमा लगियो। सोही दिन बेलुका पुर्जी दिएर केन्द्रीय कारागार पुऱ्याइयो।

०५९ असार २१ देखि असोज १५ गतेसम्म केन्द्रीय कारागारमा राखियो। असोज १६ गते रिहा गरी पुनः गिरफ्तार गरेर हनुमानढोका पुऱ्याइयो। असोज २३ गतेसम्म त्यहीं राखियो। असोज २४ गते पुर्जी दिई केन्द्रीय कारागार लगियो। त्यसपछि पुस २३ गतेसम्म केन्द्रीय कारागारमै राखियो। पुस २३ गते सर्वोच्च अदालतले रिहा गर्ने आदेश दिएपछि दाजु नारायणबहादुर कार्की र निवर्तमान सांसद पशुपति चौलागाईं तथा एकछिनपछि बाबु जनकबहादुर कार्की भेट गर्न आउनु भयो। सबैजनासँग भेट भयो। तर, "रिहा गर्न मिल्दैन, हनुमानढोका लग्ने हो" भनेर रिहा गरिएन।

पुस २४ गते बानेश्वर सुविधानगरस्थित प्रहरी चौकी पुऱ्याइयो। त्यहाँ ओढ्ने ओछ्याउने कपडा माग गर्दा "छैन" भनेकाले प्लाइवुडमा सुत्नुपऱ्यो। पुस २६ गते विहान ८-९ बजेतिर आँखामा पट्टी बाँधी, बौद्धस्थित प्रहरी चौकीमा लगियो। त्यसपछि पट्टी खोलियो। बौद्धमा ०५९ माघ ५ गतेसम्म राखियो। ५ गते दिउँसो आँखामा पट्टी बाँधेर हनुमानढोका पुऱ्याइयो। बेलुका पुनः बौद्ध लगियो। सोही दिन बेलुका खाना खाइसकेपछि आँखामा पट्टी बाँधेर ललितपुर जिल्ला प्रहरी कार्यालय पुऱ्याइयो। सो दिन त्यहीं राखी, माघ ६ गते नख्खु जेल लगियो र माघ २९ गते रिहा गरियो।

चतुरमान गुरुङ
उमेर : १६ वर्ष
ठेगाना : खाल्टे गाविस-७ गैरीवस, धादिङ
अस्थायी : कुपण्डोल, ललितपुर
पेशा : मजदुरी

०५८ फागुन २९ गते राति १० बजेतिर कुपण्डोलस्थित आफ्नो डेरामा सुतिरहेको अवस्थामा सुरक्षाकर्मी (सेना) ले गिरफ्तार गरी छाउनीस्थित ब्यारेक पुऱ्याएर, १ महिना २ दिनसम्म राखे। सोधपुछका क्रममा कपडा खोलेर सिस्नुपानी लगाउने, खुट्टामा डोरी बाँधेर लाठीले हिर्काई बेहोस बनाए। काठमाण्डौ, कोकाकोला कम्पनीमा बम विस्फोटन गराएको आरोपमा गिरफ्तार गरिएको थियो। १ महिना २ दिनपछि ०५८ चैत ३० गते हनुमानढोका ल्याइयो। हनुमानढोकामा प्रहरीद्वारा कुटपिट भएन। छाउनीमा राखिएको अवस्थामा "म यो पार्टीमा लागेको छैन, मुना चियामा काम गर्ने व्यक्ति हो" भन्दा पनि सेनाले कुटपिट गरेका थिए। एकजना व्यक्तिले सुराकी गरी मलाई गिरफ्तार गर्न लगाएको थाहा हुन आयो। ०५९ जेठ १ गते हनुमानढोकाबाट केन्द्रीय कारागारमा सारियो। केन्द्रीय कारागारबाट साउनमा हनुमानढोका लगियो। साउनको अन्तिमतिर केन्द्रीय कारागार पुऱ्याइयो। ०५९ असोज महिनामा पुनः हनुमानढोका लगियो र केही दिनपछि केन्द्रीय कारागार पुऱ्याइयो। सो क्रममा केन्द्रीय कारागार लग्दा पुर्जी दिंदै लग्ने गरिएको थियो। हनुमानढोका र केन्द्रीय कारागारमा

त्यस्तो व्यक्तिलाई ९० दिनसम्म मानवोचित ठाउँमा नजरबन्द राख्न आदेश दिन सक्छ। पक्राउ पुर्जीमा त्यस्ता कुनै पनि आधार र कारणहरू खुलाइएका हुँदैनन्। कुनै आधारविना दुषित मनसाय राखेर एक वर्षसम्म थुनामा राख्ने र अदालतको आदेशलाई समेत उल्लंघन गरी विधिको शासनलाई व्यक्तिको शासनमा परिणत गर्ने कोशिश पनि भएको छ। यसले सुशासनको नाममा त्रासको वातावरण सृजना भएको छ। संविधान र कानूनको अन्तिम व्याख्याता सम्मानित अदालतको आदेश विपरीत किन थुनामा राखिएको हो सो कुरा कहीं कतै पनि उल्लेख नगरी विना पुर्जी पक्राउ गरी थुनामा राख्नु गैरकानूनी हो। त्यस्ता गैरसंवैधानिक र गैरकानूनी थुनाबाट मुक्तिका लागि अहिले सर्वोच्चमा निवेदन दिनेको संख्या दर्जनभन्दा बढी छ।

संविधान र मौलिक अधिकारको संरक्षकका हैसियतले सम्मानित सर्वोच्च अदालतले प्रभावकारी हस्तक्षेप गर्नु अत्यावश्यक भइसकेको छ। तर, अदालतले पनि यस विषयमा आफ्नो पूर्ण जिम्मेवारी वहन गरेको देखिँदैन। आफ्नो आदेश उल्लंघन गर्नेलाई अदालतले कारवाही गर्न सक्नुपर्छ। सरकार, प्रहरी, प्रशासन जोसुकै होस्, आदेश पालन नगर्नेमाथि अवहेलनाको कारवाही हुनुपर्छ। त्यसो गर्न सकेन भने अदालत स्वतन्त्र त होला, तर सक्षम छ भन्न सकिँदैन। प्रहरी हिरासत वा जेलमा राखेको भए पनि बन्दीलाई बेपत्ता पारेको स्थितिमा अदालतले "सर्च वारेण्ट"को आदेश जारी गर्न सकेको छैन। यो अवस्थालाई तुरून्त रोक्न सर्वोच्च अदालतले यस्तो आदेश जारी गर्ने हिम्मत गर्नुपर्छ। त्यसवाहेक उसले सम्बन्धित कर्मचारीलाई विभागीय कारवाही र अवहेलनाको कारवाही गर्न पनि सक्छ। नेपाल अधिराज्यको संविधान २०४७ ले नागरिकको मौलिक हक सुरक्षित गर्न भाग तीनमा विभिन्न व्यवस्था गरेको छ। त्यसको हनन हुन नदिन संविधानको धारा ८८ (२) मा "यस संविधानद्वारा प्रद्धत मौलिक हकको प्रचलनका लागि ..... आवश्यक र उपर्युक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुंगो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ। सो प्रयोजनका लागि पूर्ण रूपमा न्याय गरी उचित उपचार प्रदान गर्न सर्वोच्च अदालतले बन्दी प्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत् जुनसुकै उपर्युक्त आदेश जारी गर्न सक्नेछ" भनिएको छ। यसलाई कसैले अपमान गर्न सक्दैन। अदालतको आदेशलाई मान्दिन भन्न कसैले पाउँदैन। संविधानको धारा ९५ मा स्पष्ट छ "न्याय सम्पादनको कार्यमा सर्वोच्च अदालत र अन्य अदालतहरूलाई सहयोग गर्नु श्री ५ को सरकार र मातहतका सबै कार्यालय तथा पदाधिकारीहरूको कर्तव्य हुनेछ।" त्यस्तै धारा ९६ मा मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको सबैले पालना गर्नुपर्छ भनिएको छ। तर, सरकारले अदालतको आदेशलाई लत्याएर संविधानको मात्र नभई सक्षम न्यायपालिका र बहुदलीय प्रजातन्त्रकै खिल्ली उडाएको छ। यो कुनै हालतमा राम्रो होइन। प्रजातन्त्रमा कानूनको शासन हुन्छ। र, त्यसको सबैले पालना गर्नुपर्छ। कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबीच समन्वय हुन सकेमात्र कानूनी शासन तथा मानवअधिकारको सम्मान हुनसक्छ। अदालतको निर्णय वा आदेशलाई स्वयं सरकारले नै लत्याउँछ भने त्यहाँ के को कानूनी राज ? आफूले एकपटक दिएको आदेश सरकारले लत्याएकाले लागू गर्नका लागि पुन: त्यस्तै आदेश जारी गर्नुपर्ने स्थिति सृजना गर्नु सरकारका लागि ज्यादै लाजमर्दो अवस्था हो। यसले सरकार निरंकुश बन्दै गएको छनक दिन्छ। त्यतिमात्र नभई सरकार सिंगो न्यायपालिकालाई आफ्नो मुठीमा लिई शासन संचालन गर्न चाहन्छ भने ऊ कुनै हालतमा सफल हुन सक्दैन। न्यायपालिका जनताको आस्थाको धरोहर हो। उसले प्रदान गर्ने न्यायको सबैले सम्मान गर्नुपर्छ। कहीं कतैबाट उल्लंघन गर्नु हुँदैन। त्यसलाई स्वयं सरकारले लत्याउँछ भने त्योभन्दा ठूलो दूर्भाग्य अरू के हुन सक्छ ?

चार वर्षदेखि बेपत्ता

०५५ पुस २४ गते तनहुँ जिल्लाको खैरनीटारबाट पक्राउ परेका अधिवक्ता राजेन्द्रप्रसाद ढकाल कहाँ, कुन अवस्थामा छन् अहिलेसम्म पत्तो

कुटपिट गरिएन। हनुमानढोकामा बसेको अवस्थामा खाना आफैंले बेहोर्नु पर्दथ्यो। ०५९ पुस १९ गते सर्वोच्च अदालतले रिहा गर्ने आदेश दिएपछि केन्द्रीय कारागारबाट रिहा गर्नेबितिकै पुन: गिरफ्तार गरेर महेन्द्र पुलिस क्लब पुऱ्याइयो। सो दिन आँखामा पट्टी बाँधेर सुविधानगर प्रहरी चौकी लगियो। त्यहाँबाट पुस २२ गते सिंहदरबार बडा प्रहरी कार्यालय, अनामनगर पुऱ्याइयो। त्यहाँ ४ दिन राखियो। त्यसपछि, पुस २६ गते राति सोह्रखुट्टे प्रहरी चौकी लगियो। त्यहाँबाट जावलाखेलस्थित प्रहरी चौकीमा लगियो र ०५९ माघ ६ गते नख्खु जेलमा पुऱ्याइयो र राज्यविरुद्धको अपराध मुद्दाअन्तर्गत नजरबन्दमा राखियो।

जाह्नवी अधिकारी

उमेर : २७ वर्ष

ठेगाना : विदुर नपा-३ सेरा, नुवाकोट

पेशा : कानून व्यवसाय, नुवाकोट बार एशोसिएसनको कार्य समिति सदस्य

०५८ माघ १३ गते बेलुका ७ बजेतिर काठमाण्डौ ढल्कोमा हिँडिरहेको अवस्थामा, प्रहरीले गिरफ्तार गरी प्रहरी प्रधान कार्यालय, तक्साल लगे। त्यहाँ दिनभरि खुट्टा ठाडो पारेर, हात बाँधेर, पैतालामा पाइपले हिर्काई पटक-पटक बेहोस हुनेगरी यातना दिइयो। त्यसरी यातना दिँदा आँखामा पट्टी बाँधिन्थ्यो।

माघ १४ गते बेलुका आँखामा पट्टी बाँधी केही क्षण यातना दिई सोह्रखुट्टे प्रहरी चौकी लगी २-३ घण्टा पाइतालामा हिर्काइयो र सोही राति १२ बजे हनुमानढोका लगियो। माघ १५ गते दिनभरि यातना दिइयो। त्यसपछि माघ २९ गतेको पक्राउ पुर्जी दिई माघ ३० गते भद्रगोल जेल लगियो। भद्रगोल जेलमा ३ महिना राखी पुन: हनुमानढोका ल्याइयो। त्यहाँ ११ दिन राखि पुर्जी दिएर भद्रगोल जेल पुऱ्याइयो। त्यहाँ थप ३ महिना राखियो। त्यसपछि पुन: हनुमानढोका लगियो। ७ दिन हनुमानढोकामा राखेर ३ महिनाको लागि पुर्जी दिइयो र भद्रगोल जेल लगियो।

सर्वोच्च अदालतद्वारा बन्दी प्रत्यक्षीकरणको आदेश जारी भएपछि ०५९ पुस २३ गते विहान भद्रगोल जेलबाट रिहा गरियो र तत्काल पुन: गिरफ्तार गरी हनुमानढोका लगियो। त्यसपछि आँखामा पट्टी बाँधियो। त्यसबेला "कहाँ लैजान लागेको ?" भनी सोध्दा प्रहरीले "सिध्याउनको लागि लैजान लागेको" भनी मानसिक यातना दिए। त्यहाँबाट जनसेवा प्रहरी विशालबजार लगियो।

केही समय त्यहाँ राखी सिंहदरबार बडा प्रहरी कार्यालय पुऱ्याइयो। त्यतिञ्जेल आँखामा पट्टी बाँधिएको थियो। त्यहाँ ३ दिन राखेपछि सोह्रखुट्टे प्रहरी चौकी लगियो। चिसो कोठामा राखियो। खाना खानसमेत दिइएन। प्रत्येक दिन हत्कडी लगाइन्थ्यो। सोह्रखुट्टेमा ९ दिन राखी ललितपुर जिल्ला प्रहरी कार्यालयमा लगी एक रात राखियो।

०५९ माघ ६ गते नख्खु जेलमा सारियो र फागुन ९ गते रिहा गरियो।

हरिहार कुर्वेर

उमेर : २७ वर्ष

ठेगाना : खारे पाविस-५, डोलखा, अस्थायी ठेगाना, काठमाडौं

पेशा : मजदुरी

०५९ असार ५ गते काठमाण्डौ टेकुमा हिँडिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी कालिमाटी प्रहरी चौकी पुऱ्याए। मोलिपल्ट हनुमानढोका लगियो। गिरफ्तारीपछि कालिमाटी प्रहरी चौकीमा आँखामा पट्टी बाँधी प्रहरीहरूले पालैपालो कुटपिट गरेका थिए। तिघ्रा, पाइताला आदि भागमा पाइपले हिर्काइएको थियो। हनुमानढोका पुऱ्याएपछि भने खासै कुटपिट भएन। ०५९ असार २१ गते २० गतेको पक्राउ पुर्जी दिई केन्द्रीय कारागारमा लगी ३ महिनाका लागि नजरबन्दमा राखियो। ०५९ असोज १६ गते हनुमानढोकामा लगी ९ दिन राखियो र पुन: ३ महिनाका लागि पुर्जी दिई केन्द्रीय कारागार सारियो। सर्वोच्च अदालतले रिहा गर्ने आदेश दिएपछि ०५९ पुस २३ गते केन्द्रीय कारागारबाट आफन्तहरूको जिम्मा लगाउनुको सट्टा हनुमानढोका लगियो। त्यहाँ एक दिन राखेर सुविधानगर प्रहरी चौकीमा पुऱ्याइयो। त्यहाँ ३ दिन राखेर बौद्धस्थित प्रहरी चौकीमा लगियो। त्यहाँ ११ दिन राखियो। त्यसपछि आँखामा पट्टी बाँधी ललितपुर जिल्ला प्रहरी कार्यालय पुऱ्याइयो। त्यसक्रममा अनेक मानसिक यातना दिइयो। ०५९ माघ ६ गते पक्राउ पुर्जी दिई नख्खु जेल लगियो र माघ २७ गते रिहा गरियो।

प्रस्तुति : जीवन बाग्ले

छैन। सर्वोच्च अदालतले उनी मरे/बाँचेको के हो भनी १५ दिनभित्र प्रतिवेदन पेश गर्न गत पुस ५ मा गृह सचिवको नाममा आदेश दिएपनि अझै त्यसबारे स्पष्ट भएको छैन। पक्राउपछि उनलाई कहाँ, कुन अवस्थामा राखिएको हो सूचना दिन र भेटघाट गर्न दिन इन्कार गरेको उल्लेख गर्दै अविलम्ब थुनावाट मुक्त गर्न माग गरी ०५५ माघ ७ मा वन्दीको हकमा उनका भाइ रवीन्द्रप्रसाद ढकालले वन्दी प्रत्यक्षीकरण रिट दायर गरेका थिए।

सर्वोच्चको आदेशमा वन्दी मरे, बाँचे के कस्तो अवस्थामा रहेका छन्, सो सम्वन्धमा छानविन गरी जीवित रहेको भए सो व्यक्तिलाई नै उपस्थित गराउनु भन्ने उल्लेख छ। बन्दीको मृत्यु भइसकेको भए के कसरी मृत्यु हुन गएको हो सम्पूर्ण व्यहोरा खोली यथार्थ कुराको प्रतिवेदन पेश गर्नसमेत आदेशमा भनिएको छ। निवेदक ढकालसँगै पक्राउ परेका प्रेमबहादुर थापा र नयनदत्त अधिकारीले अदालतसमक्ष उपस्थित भई प्रहरी निरीक्षक कुशविक्रम राणाको नेतृत्वमा आएको प्रहरी टोलीले ०५५ पुस २४ मा राजेन्द्रप्रसाद ढकालसमेत हामीलाई पक्राउ गरी तनहुँ, बेलचौतारा इलाका प्रहरी कार्यालयमा लगी हामी र ढकाललाई छुट्टाछुट्टै कोठामा राखेको र हामीलाई जिल्ला प्रहरी कार्यालय दमौली, तनहुँमा लगेको, उनलाई कता लगी राखेको थाहा छैन भनी लेखाई दिएको पनि आदेशमा उल्लेख छ।

चारैतिरबाट दवाव आएपछि पछिल्लो समयमा आएर सरकारले वन्दी रिहा गर्न दिइएका आदेश पालना गर्ने वचनवद्धता प्रकट गऱ्यो। तर केही अपवादवाहेक त्यो कुरा कार्यान्वयन हुन सकेको छैन। अर्कातिर, पर्याप्त आधार र कारण विना नव्बे दिनभन्दा वढी समय थुन्न नमिल्ने स्पष्ट कानूनी व्यवस्था छ। तर, स्थानीय प्रशासन र प्रहरीवाट त्यसलाई पनि लत्याइएको छ। माओवादीका आरोप लगाएका धेरै वन्दीलाई नव्वे दिनपछि मुक्त गर्ने आदेश दिए पनि त्यसको केही समयपछि नै पुनः पक्राउ गरिने घटना दोहोरिएका छन्। स्थानीय अधिकारीको आदेशले मुक्त घोषणा भएका वन्दीहरू जेलको ढोका नकट्दै पुनः पक्राउ परेका छन्। यसले सरकार कानूनको पालना गर्नेतर्फ गम्भीर छैन भन्ने प्रष्ट्याउँछ। संविधान, कानून र सोहीसरह मान्य हुने अदालती आदेशप्रति सरकार गम्भीर नदेखिँदा मुलुकमा त्रासको स्थिति सृजना हुनु अनौठो होइन। यसले मुलुकका समस्या समाधान हुनुको साटो झन् जटिलता निम्त्याउनेछ। त्यसैले अदालतले गम्भीर भई जनतालाई संवैधानिक र कानूनी हकको प्रत्याभूति गराउनेतर्फ अग्रसर हुनु सरकारको दायित्व हो।

नागरिक तथा राजनीतिक अधिकार विषयक अन्तर्राष्ट्रिय अनुबन्ध र नेपाल

- रञ्जना थापा

परिचय

विश्वलाई युद्धको विभिषिकाबाट बचाउन तथा शान्ति वहाली गर्न स्थापित संयुक्त राष्ट्रसंघको योगदान मानवअधिकारको विश्वव्यापीरूपमा संरक्षण र प्रबर्द्धनमा प्रमुख भूमिका रहेको छ। मानवअधिकारको अवधारणालाई विश्वव्यापी बनाउने र यसको अन्तर्राष्ट्रिय संरक्षणका लागि पहिलो कदम चाल्ने प्रथम दस्तावेजका रूपमा सन् १९४८ मा संयुक्त राष्ट्रसंघले मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी गऱ्यो। संयुक्त राष्ट्रसंघले आफ्नो स्थापनाकालदेखि आजपर्यन्त, मानवअधिकारका विभिन्न सरोकार र क्षेत्रसँग सम्बन्धित महासन्धिहरू जारी गरेको छ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ ले समेटेका नागरिक तथा राजनीतिक अधिकारलाई अझ बढी विस्तृत गर्ने क्रममा सन् १९६६ मा संयुक्त राष्ट्रसंघको महासभाले सर्वसम्मतरूपमा नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध पारित पऱ्यो, जसमा ५ खण्ड र ५३ धाराहरू छन्।

नागरिक तथा राजनीतिक अधिकार विषयक अन्तर्राष्ट्रिय अनुबन्धले समेटेका प्रमुख व्यवस्थाहरू

१. आत्मनिर्णयको अधिकार
२. प्राकृतिक धन तथा श्रोतको स्वतन्त्ररूपले उपभोग गर्न पाउने अधिकार
३. भेदभावविरूद्धको अधिकार
४. जीवनको अन्तरनिहित अधिकार
५. मृत्युदण्ड विरूद्धको अधिकार
६. यातना, क्रूर, अमानवीय वा अपमानजनक व्यवहारविरूद्धको अधिकार
७. दासत्व विरूद्धको अधिकार
८. स्वतन्त्रता तथा सुरक्षाको अधिकार
९. स्वतन्त्रपूर्वक हिँडडुल, आवतजावत गर्ने स्वतन्त्रता तथा आवास रोज्न पाउने अधिकार
१०. विचार, सद्विवेक तथा धार्मिक स्वतन्त्रताको अधिकार
११. गोपनियताको अधिकार
१२. शान्तिपूर्वक भेला हुने अधिकार
१३. संघ, संस्था तथा संगठन खोल्न पाउने अधिकार
१४. कानूनी समानताको हक
१५. साँस्कृतिक अधिकार

नेपाल

प्रजातन्त्रको पुनर्वहालीपश्चात् भएको विकासलाई हेर्दा, मानवअधिकारका विषयमा रहेका अन्तर्राष्ट्रिय दस्तावेजहरूको अनुमोदन गर्ने कार्यलाई नकार्न मिल्दैन। नेपालले मानवअधिकारका अन्तर्राष्ट्रिय दस्तावेजहरूलाई अनुमोदन गरी, अनुमोदित सन्धिहरूको राष्ट्रिय स्तरमा अवलम्बन गर्ने गराउने प्रतिबद्धता जनाई एउटा प्रजातान्त्रिक मुलुकले अपनाउनुपर्ने नीति लिएको छ। अन्तर्राष्ट्रिय कानूनलाई राष्ट्रिय स्तरमा लागू गर्ने सन्दर्भमा नेपाल सन्धि ऐन २०४७ को दफा ९ ले व्यवस्था गरेको छ। जसअनुसार, नेपालले अनुमोदन गरेका कुनै पनि सन्धि, सम्झौताहरू नेपालको राष्ट्रिय कानूनसरह लागू हुन्छन्। आफू पक्षराष्ट्र भएको कुनै पनि सन्धि, सम्झौताको राष्ट्रिय रूपमा कार्यान्वयन/परिपालना गर्नुमात्र पक्षराष्ट्रको दायित्व नभई, संयुक्त राष्ट्रसंघीय विभिन्न समितिमा तोकिएको समयमा प्रतिवेदन पठाउनु पनि राज्यको प्राथमिक दायित्वभित्र पर्न आउँछ।

नेपालले सन् १९९१ मे १४ मा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्धको अनुमोदन गरेर पक्षराष्ट्र भइसकेको छ। साथै, उक्त अनुबन्धको प्रथम उपलेख पनि सोही मितिमा हस्ताक्षरसहित अनुमोदन गरेको छ। नागरिक तथा राजनीतिक अधिकारलाई राष्ट्रिय स्तरमा समावेश एवम् अवलम्बन गराउने प्रयास स्वरूप नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३ मा धारा ११ देखि २३ सम्म मौलिक अधिकारको व्यवस्था गरिएको छ। नेपाल अधिराज्यको संविधान २०४७ मा व्यवस्था गरिएका मौलिक अधिकारहरू यस प्रकार छन्-

१. समानताको हक
२. स्वतन्त्रताको हक
३. छापाखाना र पत्रपत्रिका सम्बन्धी हक
४. फौजदारी न्यायसम्बन्धी हक
५. निवारक नजरबन्द विरूद्धको हक
६. सूचनाको हक
७. सम्पत्तिको हक
८. संस्कृति तथा शिक्षासम्बन्धी हक
९. धर्मसम्बन्धी हक

१०. शोषण विरूद्धको हक
११. देश निकालाविरूद्धको हक
१२. गोपनियताको हक
१३. संवैधानिक उपचारको हक

कानूनको सिद्धान्त अनुसार कुनै पनि हक अधिकारको पूर्ण रूपमा पालना तब हुन्छ, जब ती हक अधिकार उपयोग गर्ने क्रममा भएका ज्यादती र उल्लंघनका विरूद्धमा उपचारको व्यवस्था गरिएको हुन्छ। नेपाल अधिराज्यको संविधान २०४७ को धारा ८८ ले मौलिक हकहरूको हनन भएमा राज्यले आफ्ना नागरिकहरूलाई त्यस्ता हकहरूको उपभोग गर्नबाट वञ्चित गरेमा ती हकहरूको प्रचलनको लागि संवैधानिक उपचारको व्यवस्था गरेको छ। कुनै पनि नागरिकले आफ्नो मौलिक हक प्रचलन गराउनका लागि नेपाल अधिराज्यको संविधान २०४७ को धारा ८८ अन्तर्गत सर्वोच्च अदालतमा रिटको माध्यमबाट उजुरी दिन सक्दछ।

नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध र राष्ट्रको प्रतिवेदन बुझाउनु पर्ने दायित्व

नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध अनुमोदन गरिसकेपछि पक्षराष्ट्रले शुरू एक वर्षभित्र प्रारम्भिक र तत्पश्चात् पाँच/पाँच वर्षभित्र आवधिक प्रतिवेदन बुझाउनुपर्ने व्यवस्था उक्त अनुबन्धको धारा ४० मा व्यवस्था गरिएको छ। हालसम्म नेपालले मानवअधिकार समितिमा कूल एउटा, शुरूको प्रारम्भिक प्रतिवेदन मात्र पठाएको छ। उक्त प्रतिवेदन पनि सन् १९९२ अगस्त १३ मा बुझाउनु पर्नेमा, दुई वर्ष ढिला गरी सन् १९९४ मार्च ३० मा बुझाइएको थियो।

नेपालले संयुक्त राष्ट्रसंघमा पठाएको प्रतिवेदनको सारांश

नेपालले सन् १९९४ मार्च ३० मा संयुक्त राष्ट्रसंघमा पेश गरेको प्रतिवेदनमा अनुबन्धले व्यवस्था गरेका प्रावधानहरू मुताबिक नेपालमा विद्यमान कानूनी एवम् संवैधानिक व्यवस्थाहरू खुलाएर लेखेको छ। जसअनुसार, आत्मनिर्णयको अधिकार अन्तर्गत नेपालमा भएका संवैधानिक र कानूनी प्रावधानहरूको उल्लेख प्रतिवेदनमा गरिएको छ। जसमा धारा ११ देखि २३ सम्मका मौलिक अधिकारहरू विशेष गरी नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११, ११ (४), नागरिक अधिकार ऐन २०१२ को दफा ३ लाई उद्धृत गर्दै नेपालले समानताको अधिकारको व्यवस्था उल्लेखित धारा तथा दफाहरूमा गरिएको तथ्यको विवरण उल्लेख गरेको छ। संकटकालको समयमा पनि नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११ निलम्बन नहुने व्यवस्थाको उल्लेख उक्त प्रतिवेदनमा गरिएको छ।

प्रतिवेदनमा नेपालले नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्धको प्रावधान र आदर्श अनुरूप नेपालमा रहेका संवैधानिक तथा कानूनी प्रावधानहरूको उल्लेख गरेको छ।

नेपालले पेश गरेको शुरूको प्रतिवेदनले मूलत: देशभित्र रहेका कानूनी एवम् संवैधानिक प्रावधानहरूको मात्र उल्लेख गरेको देखिन्छ। उक्त प्रतिवेदनमा योजनाले समेटेका मूलभूत कार्यक्रमहरू, जसले जनताका नागरिक तथा राजनीतिक अधिकारलाई लक्षित गर्छन्, ती उल्लेख गरेको पाइँदैन।

उक्त प्रतिवेदनमा नागरिक तथा राजनीतिक अधिकारको राष्ट्रिय स्तरमा अवलम्बन एवम् कार्यान्वयन गर्न, गराउन के-कस्ता प्रशासनिक, शैक्षिक एवम् अन्य क्षेत्रमा सुधार गरिए र सुधार गरिँदा के-कस्ता अप्ठ्यारा र चुनौतिहरूको सामना गर्नुपर्‍यो भन्ने कुराहरू उल्लेख गरिएको पाइँदैन। जबकी प्रतिवेदन तयार गर्दा संयुक्त राष्ट्रसंघले तोकेको मार्गदर्शनलाई अनुशरण गर्दै, ती यावत् कुराहरूको जानकारी गराउनु पक्षराष्ट्रको प्रमुख दायित्वभित्र पर्न आउँछ।

मानवअधिकार समितिले उक्त प्रतिवेदनको अध्ययनपश्चात् सन् १९९४ नोभेम्बर २ मा नेपाल सरकारलाई विभिन्न विषयमा सुझावहरू पठाएको थियो। ती सुझावहरू यस प्रकार छन्:-

१. राष्ट्रिय कानूनमा अनुबन्धले तोकेका प्रावधानहरू अनुरूप सुधार गरिनुपर्ने,
२. अनुबन्ध तथा उपलेख (अतिरिक्त सन्धिपत्र) लाई राष्ट्रिय भाषामा रूपान्तरण गरी न्यायाधीश, कानून व्यवसायी तथा अन्य समूहलाई वितरण गरिनुपर्ने,
३. महिला तथा अन्य कमजोर वर्गमाथि कुप्रथा र कुरीतिले पारेको प्रभावको अन्त्य गर्न प्रशासनिक एवम् शैक्षिक उपाय एवम् मापनहरूको अवलम्बन गरिनुपर्ने,
४. बाँधाश्रम, महिला बेचबिखन तथा ओसारपसार, बालश्रम तथा जेल सुधारका लागि आवश्यक सूचना संकलन तथा शैक्षिक मापनहरूको अवलम्बन गरिनुपर्ने,
५. संकटकालको समयमा राज्यले पुऱ्याउनुपर्ने दायित्वको विषयमा धारा ४ (२) अन्तर्गत कानून बनाइनुपर्ने,
६. गैरन्यायिक हत्या, बेपत्ता गरिने, यातना तथा अन्य अमानवीय व्यवहार एवम् गैरकानूनी र स्वेच्छाचारी थुनामा राख्ने कार्यलाई निषेध गरिनुपर्ने, त्यस्ता कार्यहरूबाट पीडितलाई क्षतिपूर्ति दिलाउनका लागि प्रकृयागत अनुसन्धान गरिनुपर्ने,
७. दोश्रो उपलेखको अनुमोदनका साथै मृत्युदण्ड निषेधका लागि जारी गरिएका मापनहरूको अध्ययन गरिनुपर्ने,
८. स्वतन्त्र न्यायपालिकाका लागि आवश्यक पहल गरिनुपर्ने, यातना, क्रूर तथा अमानवीय कार्यबाट पीडित व्यक्तिहरूको उपचार र क्षतिपूर्तिको व्यवस्था गर्न अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको कानूनको निर्माण गरिनुपर्ने र प्रहरी, सुरक्षाबल र कानूनको कार्यान्वयन गर्ने अधिकारीहरूलाई लक्षित गरी तालीमको आयोजना गरिनुपर्ने, र
९. दोश्रो आवधिक प्रतिवेदनको निर्माण समितिले निर्धारण गरेको मार्गनिर्देशनअनुसार तयार गरिनुपर्ने तथा उक्त प्रतिवेदनमा अनुबन्धमा व्यवस्थित प्रत्येक प्रावधानहरूको कार्यान्वयनको बारेमा विस्तृतरूपमा खुलाइनुपर्ने साथै उक्त अधिकारको कार्यान्वयन गर्दाको समयका अप्ठ्यारा र चुनौतिहरूको बारेमा खुलाएर लेखिनुपर्ने।

निष्कर्ष

नेपालले शुरूको प्रतिवेदन संयुक्त राष्ट्रसंघको मानवअधिकार समितिमा २ वर्ष ढिला गरी बुझाएको भएता पनि अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धताहरू पालना गर्न, गराउन कटिबद्ध रहेको कुराको प्रमाण दिएको छ। यहि प्रतिबद्धतालाई निरन्तरता दिँदै नेपालले संयुक्त राष्ट्रसंघमा तोकिएको समयमा नै आवधिक प्रतिवेदनहरू पठाउनुपर्ने हुन्छ। त्यसरी पठाइने आवधिक प्रतिवेदन तयार गर्दा निम्नलिखित सुझावहरूलाई अंगिकार गरिएमा प्रतिवेदन बढी सत्य, तथ्यपूर्ण, बहुआयामिक र बढी ओजस्वी हुनजान्छ, जसले गर्दा नागरिक तथा राजनीतिक अधिकारको अवलम्बन राष्ट्रिय स्तरमा कुनरूपले भइरहेको छ भन्ने बारेमा र लागू गर्दाको समयका चुनौतिहरूको समाधानका बारेमा अन्तर्राष्ट्रिय चासो र मद्दत बढ्न जाने देखिन्छ।

सुझावहरू

१. आवधिक प्रतिवेदनको तयारी गर्दा प्रशस्त गृहकार्य गरिनुपर्ने
२. प्रतिवेदनको तयारी गर्दा देशमा रहेका विभिन्न निकायहरूको मद्दत लिइनुपर्ने
३. मानवअधिकारकर्मीहरूसँग समन्वय गरेर प्रतिवेदन तयार गरिनुपर्ने
४. प्रतिवेदनमाथि सार्वजनिक छलफल गरी सुझावहरू समावेश गरिनुपर्ने
५. कानून व्यवसायी, न्यायाधीश एवम् प्राज्ञहरूको राय संकलन गरी प्रतिवेदन तयार गरिनुपर्ने
६. देशको योजना, बजेट विनियोजन, प्रशासनिक सुधार, अर्धन्यायिक निकायहरूको विश्लेषण

गर्दै प्रतिवेदन तयार गरिनुपर्ने

७. संयुक्त राष्ट्रसंघले तयार गरेको मार्गदर्शन अनुसार प्रतिवेदन तयार गरिनुपर्ने

८. ठिक-ठिक समयमा नै प्रतिवेदन तयार गरी बुझाइनुपर्ने

९. संयुक्त राष्ट्रसंघले पठाएका सुझावअनुसार प्रतिवेदनमा ती सुझावहरू अवलम्बन गरिएका कुराहरू उल्लेख गरिनुपर्ने

१०. प्रतिवेदन तयार गर्ने जिम्मेवारीप्राप्त मन्त्रालय, कार्यालय, कर्मचारीहरूको कार्यदक्षता बृद्धिको लागि आवश्यक कदम चालिनुपर्ने।

नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध	नेपाल
१. धारा (१) आत्मनिर्णयको अधिकार	१. नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११ देखि २३ सम्म - धारा ३
२. धारा (२) समानताको अधिकार	२. संविधानको धारा ११, ११ (२), ११ (४), ८८ (१), ८८ (२) - मुलुकी ऐन अदलको महल नं. १० - नागरिक अधिकार ऐन २०१२, दफा ४
३. महिला र पुरुषबीच समानता (धारा ३)	३. संविधानको धारा ३ - धारा २६ (७) - धारा २६ (९) - धारा ११४ - नागरिक अधिकार ऐन- दफा ३, ४, ५
४. धारा ४	४. नेपाल अधिराज्यको संविधानको धारा ११५
५. जीवनको अधिकार- धारा ६	५. धारा १२ (१)
६. धारा ७, यातना, क्रूर तथा अन्य अमानवीय कार्य विरुद्धको अधिकार	६. धारा १४ यातना विरुद्धको अभिसन्धिमा नेपाल पक्षराष्ट्र
७. दासत्व विरुद्धको अधिकार- धारा ८	७. धारा २० - मुलुकी ऐन, बेचबिखनको महल नं. १ - जीउ मास्ने बेच्ने कार्य नियन्त्रण ऐन २०४३, दफा ३ - मुलुकी ऐन, ज्याला मजदुरीको महल
८. स्वतन्त्रता तथा सुरक्षाको अधिकार- धारा ९	८. संविधानको धारा १४ (५), १५, १५ (३) - नागरिक अधिकार ऐन २०१२, दफा १५
९. धारा १०- स्वतन्त्रता अपहरण गरिएका सबै व्यक्तिहरुलाई मानवतासहित तथा मानिसको अन्तरनिहित मर्यादाप्रति सम्मान गरिने व्यवस्था	९. यातना विरुद्धको अभिसन्धिको पक्षराष्ट्र - मुलुकी ऐन सजायको महलको ४१ (क) नम्वर - कारागार ऐन २०१९ दफा ६, १०, १२, २०, २२, २५
१०. धारा १२- स्वतन्त्रतापूर्वक हिँडडुल गर्न, आवतजावत गर्न तथा आवास रोज्न पाउने अधिकार	१०. धारा १२
११. धारा १३- विदेशीलाई गरिने व्यवहार	११. अध्यागमन ऐन २०४९
१२. धारा १४- अदालत तथा न्यायाधीकरणको अगाडि समानता	१२. न्याय प्रशासन ऐन २०४८ - धारा ८८ - मुलुकी ऐन- अदालती वन्दोवस्तको ३७ नं.
१३. धारा १५- फौजदारी कसुर विरुद्धको अधिकार	१३. संविधानको धारा १४
१४. धारा १७- गोपनियताको हक	१४. संविधानको धारा २२
१५. धारा १८- विचार, सद्विवेक तथा धार्मिक स्वतन्त्रता	१५. संविधानको धारा १२ (२) - नागरिक अधिकार ऐनको धारा ६, ७
१६. धारा १९- अभिव्यक्तिको स्वतन्त्रता	१६. धारा १६ - धारा १२ (२) - धारा १३ - नागरिक अधिकार ऐन २०१२ को दफा ६ (१)
१७. धारा २१ र २२ शान्तिपूर्वक भेला हुन पाउने अधिकार र संघसंस्था, ट्रेड युनियन खोल्न पाउने अधिकार	१७. संविधानको धारा १२.२ (ख) (ग), ११२ - नागरिक अधिकार ऐन २०१२ को दफा ६ (३) - ट्रेड युनियन ऐन २०४९
१८. धारा २३, २४, २५ विवादको अधिकार, राष्ट्रियताको अधिकार र वालवालिकाले भेदभावविना संरक्षण पाउनुपर्ने अधिकार, मतदानको अधिकार	१८. मुलुकी ऐन विहावारीको महलको नं. २, ९ - संविधानको धारा ९ (१), ९ (२), २६ (८) - वालवालिका सम्वन्धी ऐन २०४८ - संविधानको धारा २५ (४), ४७ - लोकसेवा आयोग ऐन २०४९
१९. धारा २६, २७ कानूनी समानता एवम् संरक्षणको अधिकार र अल्पसंख्यकहरुको अधिकार	१९. संविधानको धारा ११, ११ (२) - नागरिक अधिकार ऐन २०१२ को दफा ३ - संविधानको धारा २

विश्वव्यापीकरण, जेण्डर र हाम्रो परिवेश



– विजन पन्त

विश्वव्यापीकरण

विना कुनै राजनीतिक र भौगोलिक व्यवधान, राष्ट्रिय सरकारहरूको प्रभाव बाहिर रहेर विचार, वस्तु र सेवाहरूलाई स्वतन्त्ररूपमा प्रयोग र प्रवेश गराउन पाउने अधिकारको नाम नै विश्वव्यापीकरण हो। यसका मुख्य तत्वहरू (क) सूचना (ख) अर्थ (सम्पत्ती) (ग) प्रविधि र (घ) विचारहरू छन्।

यी तत्वहरूको आधारमा, स्वतन्त्र गतिका साथ बजार विस्तारको संजाल (नेटवर्क) निर्माण गर्दै उत्पादनमुखी विशेषज्ञता हासिल गर्ने अवसरहरूको उत्खनन समेत विश्वव्यापीकरणको लक्ष्यभित्र पर्दछ। आधुनिकीकरण, पश्चिमीकरण, उदारीकरणका साथै स्वतन्त्र अर्थव्यवस्थाको प्रयोग र पहुँचका आधारमा राष्ट्रिय सरकारहरूलाई विश्वव्यापीकरणले आफ्नो इकाई/प्रभावमा पारेको छ। यस अर्थमा, १९५० पछि खुल्लाद्वार नीति अपनाउने तेश्रो विश्वको नेपाल जस्तो राष्ट्रहरूका लागि विश्वव्यापीकरण जति संभावनाको रूपमा देखिएको छ, त्यत्ति नै चुनौतिपूर्ण पनि छ।

राष्ट्रिय सरकारका सीमाहरू विश्वव्यापीकरणसँगै स्वत: कमजोर भएर जाने हुँदा बहुराष्ट्रिय कम्पनीहरू स्थापितरूपमा अगाडि आएका छन्। जसको उद्देश्य राज्यभित्रको समस्यासँग जुध्नुभन्दा कम्पनीहरूको विकास र विस्तारमा जुट्नु हुनेछ। पाँच सय वर्षअघिदेखि शुरू भएको वाणिज्यवाद (Merchantalism) ले शक्तिशाली बजारको अपेक्षाका साथ राज्य सरकारहरूलाई विस्थापित गर्दै युरोपेली साम्राज्यहरूको निर्माण प्रकृयालाई सहज र सरलरूपमा अगाडि बढाइदिएको छ।

आदम स्मीथको राज्य सरकारको संरचना आर्थिक प्रतिस्पर्धाको कारणवाट जब द्वन्द्वमा फस्दछ, तब मार्क्सले भनेझैं राजनीतिक शक्ति र स्रोतको प्रयोग गर्दै उत्पादित मुनाफालाई पुन: समाजमा वितरण गर्न कठिनाई हुन्छ। तथापि, राज्य सरकारहरू बलियो हुनुपर्ने कुरामा न त आदम स्मीथले अस्वीकार गरेका छन् न त मार्क्सले नै त्योप्रति शंका गरेका छन्। तर, राज्य शक्तिपछि कम्पनी सरकारहरूको उदय भयो, जसको प्रभाव तथा विस्तारको नाम आज विश्वव्यापीकरण भनेर बुझिन्छ।

विश्वव्यापीकरणका विभिन्न हतियारहरू छन्, जसको माध्यमवाट यसको विस्तार तथा विकास भएको छ। कुनै पनि हतियार आफैमा खराब हुँदैन, त्यसको प्रयोग कसरी हुन्छ भन्ने कुरा हाम्रो सरोकारको विषय हो। यस्ता हतियारहरूलाई निम्नानुसार विश्लेषण गर्न सकिन्छ :-

१. व्यापार : विश्वव्यापीकरणको मुख्य उद्देश्य व्यापार हो भने मुनाफा यसको लक्ष्य। जसको आफ्नो उत्पादन छैन, उसको बजार अरू उत्पादकले निर्धारण गर्दछन्। व्यापार कब्जा गर्ने भनेको उसको इच्छा अनुसार आफू प्रयोग हुने हो। तलको तथ्यांकले हामी नेपाली भारतीय उत्पादनको बजार भएको देखाउँछ। यसका आधारमा हामी व्यापारमा विश्वव्यापीकरणभन्दा भारतीकरण भएका छौं भन्दा अत्युक्ति नहोला।

वर्ष	भारतसँगको कूल व्यापार	अरु राष्ट्रसँगको कूल व्यापार	भारतसँगको व्यापार घाटा प्रतिशत (रु. करोडमा)	अरु राष्ट्रसँगको व्यापार घाटा प्रतिशत (रु. करोडमा)
१९७४-७५	८२.२	१७.८	७२०.९	१९६.०
१९८४-८५	५२.४	४७.६	२२९४.१	२७०७.४
१९९४-९५	२८.०	७२.०	१६४९१.६	२९५४८.७

श्रोत: श्री ५ को सरकारको आर्थिक सर्वेक्षण, १९९७

२. औद्योगीकरण : नेपालको उत्पादन निर्यात हरेक वर्ष घट्दै गएको र आयात बढ्दै गएको छ। विगत १२ वर्षमा यो गति झनै तीव्र भएको छ। नेपाली उद्योगहरु वन्द हुने क्रम बढ्दो छ। यसले गर्दा, भ्यागुतो सर्पको मुखतर्फ अगाडि बढिरहेझैं, हामी नेपालीहरु तीव्र रुपले विश्वव्यापीकरणतर्फ अगाडि बढिरहेका छौं। हाम्रो औद्योगिक संरचनालाई कुनै वाध्यकारी संभौताविना नै संचालन गर्नु आजको आवश्यकता हो।

३. अनुदान : औद्योगिकीकरण तथा व्यापार नीतिअनुसार, हाम्रा उद्योग र व्यापारलाई बलियो बनाउन ऋण अनुदान लिई संरचनाको सुधार गर्नेमात्र नभई उत्पादकत्व वृद्धिको क्षेत्रमा उपयोग गर्नु आजको आवश्यकता हो। तर, हामी ऋण अनुदानलाई ६० प्रतिशतका दरले विकास निर्माण (आर्थिक वृद्धिमा सोझै प्रतिफल नदिने) मा नै खर्च गरी ऋणभार बढाइरहेका छौं। अनुदान हाम्रो विदेशी नीतिको अंग नै बनिसकेको छ। यसवाट हाम्रो परनिर्भरता झनै बढ्दै गएको छ। हामीहरु आफ्नो अस्तित्व खोज्न भन्दा पनि विश्वव्यापीकरणको बहानामा सँगै बहन रमाएका छौं। जबकी, गन्तव्य जोखिमपूर्ण छ। माथिको तालिकाले समेत हाम्रो भविष्य अझै संकटपूर्ण बन्ने संकेत गर्दछ।

योजना	अवधि (ईस्वी सन्)	विकास खर्चमा विदेशी अनुदान प्रतिशत
पहिलो योजना	१९५६-६१	१००
विहीनता	१९६१-६२	८१.९
दोश्रो	१९६२-६५	७७.८
तेश्रो	१९६५-७०	५६.१
चौथो	१९७०-७५	४५.१
पाँचौं	१९७५-८०	४८.०
छैठौं	१९८०-८५	४७.९
सातौं	१९८६-९०	७०.०
आठौं	१९९२-९७	५६.५

श्रोत: राष्ट्रिय योजना आयोग

४. लगानी : हाम्रो देशमा लगानीको स्थीर अवस्थाको कमीले विश्वव्यापीकरणको यो हतियार न हाम्रा लागि बलियो छ न त अरुका लागि नै। लगानीको "ब्ल्याङ्केट नीति" हुँदाहुँदै पनि नेपालमा विदेशी लगानीको अवस्था बढ्दो नै छ। तलको तालिकाले समेत यो प्रष्ट पार्दछ।

वर्ष	विकास खर्चमा विदेशी अनुदान प्रतिशत
१९८०	१
१९८५	२
१९९०	१२
१९९४	३१
१९९५	३९

श्रोत: विश्व लगानी प्रतिवेदन, १९९७

५. आन्तरिक ऋण : हाम्रो आन्तरिक ऋण १९८० मा अमेरिकन डलर (करोडमा) २ सय ५ थियो। यो बढ्दै सन् १९९५ मा आइपुग्दा २ हजार ३ सय ९८ पुगेको देखिन्छ। यो बढ्ने क्रम अहिले झनै तीव्र छ।

६. प्राकृतिक जीवन स्थायित्वका आधारहरू : प्रकृतिका हरेक श्रोतहरूलाई मानवले अन्धाधुन्ध प्रयोग गर्नभन्दा यसको पनि सीमिततालाई ख्याल गर्दै प्राकृतिक श्रोत

र सम्पदामाथि मित्रता कायम गर्न सके हामीले भावी सन्ततिलाई समेत स्वस्थ र सुन्दर प्रकृति उपहार छोड्न सक्छौं। प्राकृतिक जीवन त्यही जीवन हो, जहाँ मानवको असीमित इच्छाहरूलाई सीमित र पुग्दो रूपमा मात्र श्रोतको प्रयोगको कुरा गर्दछ। प्राकृतिक जीवनले विश्वव्यापीरूपमा बढेको परनिर्भरतालाई व्यवस्थामात्र गर्ने होइन, महत्व नै दिंदैन। विश्वव्यापीकरण भनेको व्यापारिक आन्दोलन हो, जसले प्राकृतिक जीवनलाई उपेक्षा गरी आफ्नो महत्व बढाउन खोज्दछ। दिगो जीवनका लागि श्रोतहरूको सीमित प्रयोग प्राकृतिक जीवनको उद्देश्य र लक्ष्य हो।

७. सूचनाको क्रान्ति र हाम्रो परम्परा : आजको विश्वमा सूचना नै शक्ति हो। विश्वव्यापीकरणको सबैभन्दा ठूलो उपलब्धि नै सूचना प्रणालीको सहज र सरल पहुँच तथा विस्तार हो। तर, हाम्रो ग्रामीण समुदायमा अझै पनि सामुदायिक छलफलका लागि घर-घरमा फोन गर्ने व्यवस्था छैन। भए पनि, डाँडामा बसेर "कटुवाल बोलाउने" वा दमाहा बजाउने व्यवस्था चलिरहेकै छ। विश्वव्यापीरूपमा उर्लेको सूचना प्रविधिको बजारमा हाम्रो पहुँच भने अझै टाढा नै देखिन्छ। तर जेहोस्, सूचनाको क्रान्तिलाई शहरमा बढेको साइबर संस्कृतिमात्र नसम्झी कुसंस्कार र कुरीतिहरू हटाउने औजार बनाउँदै हाम्रा उत्कृष्ट साँस्कृतिक धरोहरबारे संसारलाई सुसूचित गराउन सके त्यसैमा हाम्रो उपलब्धि देखिनेछ। कम्पनी सरकारहरूले सूचनालाई आफ्नो शक्ति (उत्पादनका साधनको) बजार र व्यवस्थाको लागि गरेको प्रभाववाट माथि उठेर साना तथा विकासोन्मुख राष्ट्रले जनतालाई शिक्षा र सुविधा दिने माध्यमका रूपमा विकास गर्नु आजको चुनौति तथा अवसर दुवै हो।

माथिका यस्ता तत्व या विश्वव्यापीकरणका हतियारहरू हुन्, जसलाई हामीहरू आफूले वा राज्य स्वयंले कसरी चलाउँछ ? त्यसैमा आफ्नो सुरक्षा र समृद्धि निर्भर गर्दछ।

विश्वव्यापीकरणका प्रभावहरू

१. आर्थिक संरचनामा द्वन्द्व : राज्यको प्राथमिकता नागरिकको फाइदा, संरक्षण र सुधार हो भने कम्पनीहरूको विस्तार आफ्नो फाइदाको लागि हो। यी दुईको वीचमा द्वन्द्व हुन्छ नै, जसको प्रमाण हाम्रा स्थानीय साना उद्योगदेखि वहुराष्ट्रिय कम्पनी तथा उद्योगमा समेत पाउन सकिन्छ। उनीहरूको सरोकार श्रमिक र ग्राहकसँगभन्दा वढी मालिक र फाइदासँग जोडिएको हुन्छ।

२. सामाजिक संरचनामा द्वन्द्व : खासगरी हाम्रोजस्तो देशका वहुभाषिक, वहुधार्मिक र वहुजातजातीय विविधताहरूलाई विश्वव्यापीकरणले महत्व नदिने मात्र होइन, वेवास्ता नै गर्दछ। आज हामी स्थानीय संस्कार र संस्कृतिको वदलामा अन्तर्राष्ट्रिय, खासगरी हरेक दृष्टिले शक्तिसम्पन्न मुलुकको नक्कल गर्न लागेका छौं। अन्तर्राष्ट्रिय प्रभाव र प्रकोपवाट हाम्रो आफ्नो पन र पहिचानमाथि आक्रमण भइरहेको छ।

३. प्राकृतिक द्वन्द्व : केवल फाइदाका लागि निर्माण भएका कम्पनीहरूले प्राकृतिक श्रोतको यसरी शोषण गर्दछन् कि अन्ततः एकपछि अर्को प्राकृतिक विपत्ति आउँछ, आइरहन्छ। क्षणिक फाइदाका लागि निर्माण भएका कम्पनीहरूले अन्धाधुन्धढंगले गरेको प्राकृतिक श्रोतको प्रयोगले हाम्रो दिगो विकासको अवधारणालाई समेत कमजोर पारेको छ।

४. राजनीतिक द्वन्द्व : एकातिर असल शासनको कुरा गर्ने, अर्कातिर आर्थिकरूपमा वलियो भएका शक्तिहरूको केन्द्रिकृत शासन र चाहना साना तथा कम शक्तिशाली राष्ट्रमाथि बढ्दै जाने क्रमले विश्वयुद्धको तयारी भइरहेको छ भन्ने भान हुन्छ। प्रजातन्त्रमा सहभागिता घट्दै जानु अर्को राजनीतिक धुवीकरणको तयारी हो। अन्ततः अस्थिर राजनीति भनेको अस्थिर राष्ट्र र विश्व हो। आज हामी प्रजातान्त्रिक अभ्यासको कठिन घडीमा छौं तर, प्रजातन्त्रको मोडल पनि हामी आफ्नो अनुकूल बनाउन सक्दैनौं। विश्वभरिकै प्रजातन्त्र एउटै मोडलको भए पनि त्यसको प्रयोग गर्ने नागरिकको तह र अवस्था संसारमा एकै छ त ? यो गम्भीर प्रश्नसँगै राजनीतिमा विश्वव्यापीकरणको ठाडो प्रभावलाई नकार्न सकिन्न।

विश्वव्यापीकरण र जेण्डर

विश्वव्यापीकरणका जति रूपहरू छन्, ती सबैसँग प्रत्यक्ष र अप्रत्यक्षरूपमा जेण्डर सवाल सम्बन्धित छ। एकातिर हामी विश्वव्यापीरूपमा मान्यता प्राप्त अधिकार लिन ग्रामीण इकाईसम्म पुगेका छौं भने अर्कातिर विश्वव्यापीकरणका नाममा खोसिंदै गएका हाम्रा कतिपय अधिकार रक्षाका लागि समेत आन्दोलित नभइरहने अवस्था छैन। खासगरी हामीले माथी उठाएका मुद्दाहरूमा महिला र पुरूषलाई लिंगका आधारमा के र कसरी अवरोध या पहुँचको अवस्था छ त भनेर केलाउँदा, विश्वव्यापीकरणले जेण्डरमा श्रमको लैंगीकरण, महिलाको अधिकारमाथि नियन्त्रण गरेको छ। त्यसैगरी आजभोली समलैंगिकताको अधिकारको कुरा पनि उठ्ने गरेको छ।

विश्व महिला आन्दोलन, हाम्रो परिवेश

सन् १९१० को कोपनहेगन सम्मेलनले ८ मार्चलाई "नारी दिवस" को रूपमा मनाउने निर्णय गरेको थियो। नेपालमा भने १९७५ देखि मात्र अन्तर्राष्ट्रिय नारी दिवस मनाउने कार्य शुरूवात भयो। महिला आन्दोलन र मुक्तिका कुरा गर्दा, हामीले थुप्रै सन्धि र सम्झौतामा त्यसको विकास र सुधारका लागि हस्ताक्षर गरिसकेका छौं। पछिल्लोपटक सन् १९९५ मा चीनको वेइजिङमा १ सय ८५ भन्दा वढी राष्ट्रका महिला प्रतिनिधिहरूले भाग लिएको सम्मेलनमा समेत हाम्रो देशका तर्फबाट औपचारिक तथा अनौपचारिक सहभागिता थियो। तर, महिलाको अवस्थामा हालसम्म पनि १९८० को दशकमा भन्दा खासै परिवर्तन आउन सकेको छैन। महिलाहरूको त्यही अवस्थाका आधारमा विश्लेषण गर्ने हो भने महिला आन्दोलनका हाम्रा संभावना र सशक्ततहरू निमोनिया भएको वालकसरह देखिन्छन्। नुवाकोट, काभ्रे, दोलखा र सिन्धुलीबाट वेचिएका दिदी-बहिनीलाई हाम्रो अनुसन्धान, लेख र कामले के दियो ? उमेर नपुग्दै धनकुटाको हिलेदेखि संखुवासभाको खाँदवारीसम्म भरिया बनेका दिदी-बहिनीलाई के मिल्यो ? शारीरिक रूपमा मात्र होइन, मानसिकरूपमा समेत वलात्कृत लाखौं महिलाहरूमा प्रेरणा र मुक्तिका लागि संघर्ष गर्ने हिम्मत जगाउन हामी कत्तिको सफल भयौं ?

विश्वव्यापीकरणको प्रभाव जेण्डरमा

विश्वव्यापीकरणको नाराले साना राष्ट्रलाई भलो गर्ने नीति र योजना ल्याउँदैन। यसले स्वतन्त्र वजार र खुल्ला नीतिलाई प्रोत्साहन गर्दछ। जब वजारको कुरा हुन्छ, त्यहाँ पैसाको प्रभाव बढ्छ। नेपाली महिलाहरूको सन्दर्भमा कुरा गर्ने हो भने, उनीहरूले दिनको ११ घण्टा काम गरे पनि नगद रकम हात पर्दैन। महिलाहरूले चौबिसै घँण्टा घरायसी तथा खेतिपातीको काम गरे पनि त्यो काम नै होइन भन्ने मानसिकताले घर गरेको छ। यस्तो परिप्रेक्ष्यमा नेपाली महिलाहरूका अगाडि विश्वव्यापीकरण ठूलो चुनौतिको रूपमा अगाडि बढ्दैछ। यसलाई सामना गर्न कि त हामीले हाम्रा घर-परिवारमा "जोतिएका" महिलाहरूलाई कमाउने काम गर र नगद रकम ल्याऊ भनेर घर-घरबाट अगाडि बढाउनु पर्‍यो, अन्यथा वजार व्यवस्थाले नगद रकम नहुने वर्गलाई अरू दासताको स्थितिमा पुर्‍याउनेछ। ९० प्रतिशत नेपाली महिलाहरू बजारको पहुँचबाट टाढा छन्। उनीहरूको भविष्य के हुने ? विश्वव्यापीकरणको वीचमा वसेर महिला आन्दोलनमा हिँड्नेहरूले यसको समाधान खोज्नु नितान्त आवश्यक छ।

परिवारको आन्तरिक निर्माणमा महिलाले खेलेको अहम् भूमिकालाई नगदमा मूल्यांकन गर्ने सोचको विकास आजको महिला आन्दोलनका लागि एउटा चुनौति वनेको छ। त्यसैगरी दिनभर काममा जोतिएर पनि "म त केही गर्दिन" भन्ने महिलाहरू स्वयम्को भनाईलाई विश्वव्यापीरूपमा उर्लेको वजार व्यवस्थाले सामाजिक संस्कार र नारी-पुरूषवीचको सन्तुलित व्यवहारलाई पूर्णरूपमा वेवास्ता गरेको छ। तथापि, दशौं योजनाले केही उत्साह जगाएको छ। घरभित्र र वाहिर महिलाले गर्ने कामलाई दशौं योजनामा स्थान दिई उल्लेख गरिएको छ, जुन महिला वर्गको लागि मात्र होइन, राष्ट्रकै कूल गार्हस्थ उत्पादनको लागि समेत सकारात्मक सूचक हो।

महिलाको अवस्थालाई वुझेरमात्र समाज वुझ्न सकिन्छ। जवसम्म हामीले यो यथार्थतालाई सम्पूर्णरूपमा स्वीकार गर्दैनौं, तवसम्म जागृति-

हाम्रो सन्दर्भमा जेण्डर र विश्वव्यापीकरणबीच फरक

जेण्डर	विश्वव्यापीकरण
१. लिंगका आधारमा विभाजित सामाजिक भूमिका	१. व्यवसायमा आधारित सामाजिक भूमिका
२. संस्कृति	२. मुनाफा संरक्षित
३. अवमूल्यन गर्न नसक्ने पारिवारिक तथा सामाजिक भूमिका	३. आर्थिक उत्पादनमात्र लक्ष्य र उद्देश्य
४. कृषिमा लगानी	४. व्यापारमा लगानी
५. माया, दया, ज्ञान र विचारका आधारमा चल्ने	५. मेशिन र प्रविधिलाई अंगाल्ने
६. प्राकृतिक सृजनशीलता	६. कृत्रिम लगनशीलता
७. बाँच र बचाऊ	७. कमाऊ, खाऊ, आफूलाई सुरक्षित राख
८. पूर्वीय दर्शन र संस्कृति, जो आफैमा सुधार र परिमार्जन गरिरहेछ	८. पश्चिमी दर्शन, व्यक्तिवादी चिन्तन र प्राकृतिकदेखि मानवीय शोषण

आन्दोलनले गन्तव्य भेट्न सक्तैन। नारीवादको तेस्रो धारले भनेजस्तै हाम्रो आन्दोलन केवल पुरूष र महिलामा मात्र सीमित हुनु हुँदैन।

१९६० को दशकमा पश्चिमी देशहरूमा महिला मुक्तिको आवाज उठे पनि १९७० को दशकमा यो विश्वभर फैलियो। नेपालमा १९८० को दशकमा आएर अनुसन्धान गरिएको अवस्था र सन् २००० सम्म आइपुग्दा त्यसको गतिमा खासै बृद्धि भएको देखिँदैन। विश्वव्यापीकरणको प्रभावले अरू क्षेत्रमा प्रभाव पारे पनि महिला आन्दोलनको पक्षमा भने खासै सकारात्मक अर्थ दिन सकेको छैन। केवल १५ प्रतिशतभन्दा माथिका महिलाले मात्र ५० प्रतिशत गार्हस्थ उत्पादनमा प्रमुख भूमिका निर्वाह गरेका छन्। केन्द्रीय तथ्यांक विभागको अनुसन्धानले समेत कृषि क्षेत्रमा महिला श्रमको भूमिका विगतमा भन्दा बढ्दै गएको देखाएको छ। जस्तो कि, १९७१ मा ३०.४ प्रतिशत महिला श्रम कृषि क्षेत्रमा भए पनि १९९६ मा आएर ६६ प्रतिशत भएको छ। यस्तो अवस्थामा उत्पादन क्षेत्रमा महिलाहरूको वृद्धि उत्साहजनक भए पनि त्यसलाई न त विश्वव्यापीकरणको उत्पादन मूल्यसँग दाँज्न सकिन्छ न त नेपाली महिलाको अवस्था माथि उठेको देख्न सकिन्छ भन्ने प्रश्न उठ्छ। एकातिर विश्वव्यापीकरणले वस्तु र मूल्यलाई मात्र ध्यान दिन्छ भने अर्कातिर पूँजीवादको प्रभावमा भौतिक विलासितामा लागेर महिलाहरूले आफ्नो अधिकार र क्षमताका साथै आत्मविश्वासलाई परिवार र पतिका अगाडि बन्धक राखेका छन्। त्यस्ता महिलाहरूले सीताको जस्तो समर्पणलाई आदर्श मानेर आफूलाई पिंजडाको सुगामा परिणत गरेका छन्। हिजो घरभित्र बन्द भएका महिलाहरूभन्दा आज घर बाहिर निक्लेका युवा महिलाहरूको अवस्थामा केही परिवर्तन त आएको छ। तर, विश्वव्यापीकरणले खुल्ला बजार अर्थनीतिमा पश्चिमी संस्कृति र संस्कारसित प्रतिस्पर्धा गर्नुपर्ने विडम्बना ल्याएका कारण अझै पनि उनीहरूमा आफ्नो इच्छा, उद्देश्य र अधिकारका लागि चाहिने बल जागृत हुन सकेको छैन। एकातिर नेपाली महिलालाई गहनाको रूपमा घर परिवारमा हेर्ने, अर्कातिर विश्वव्यापीकरणको आन्दोलनले वस्तुलाई महत्व दिने गर्नाले महिला आन्दोलन असामञ्जस्यतामा आइपुगेको छ। जबसम्म नेपाली महिलाको शौख गरगहना र भौतिक विलासितामा घरभित्र मात्र सीमित हुनपुग्छ, तबसम्म विश्वव्यापी अभिसन्धिहरूमा जतिसुकै प्रतिबद्धता जनाएर हस्ताक्षर/अनुमोदन गरेपनि त्यो निरर्थक नै रहनेछ। हाम्रो देशमा छैठौँदेखि दशौँ पञ्चवर्षीय योजनासम्म आइपुग्दाको जेण्डर स्थिति केवल लिखित प्रतिबद्धतामा मात्र सीमित छ।

अन्त्यमा,

हामीले माथि भनेझैं, हरेक दृष्टिकोणबाट विश्वव्यापीकरणले जेण्डरलाई अरू मुद्दाहरूसरह आफूभित्र लपेटिसकेको छ। तरपनि, यसलाई हेर्ने ३ वटा फरक दृष्टिकोणहरूको विकास, उपादेयता र प्राप्तिमा ख्याल गर्न सके सम्भावित जोखिमबाट हामी सुरक्षित हुन पनि सक्छौं।

१. विश्वव्यापीकरणबारेको स्पष्ट बुझाईमा ध्यान दिने।

२. यसले हाम्रो जेण्डरका मुद्दामा पुऱ्याउने हानीका साथसाथै सकारात्मक सहयोगका बारेमा ध्यान दिने।

३. हामीले यसलाई हाम्रो आवश्यकता र प्रयोगमा सक्दो फाइदा लिने र कसरी कम हानी र बढी सदुपयोग गर्न सकिन्छ भन्ने कुरामा ध्यान दिने।

सन्दर्भ सामग्रीहरूः

१. एफईएस/नेफास, १९९९, इम्प्याक्ट अफ ग्लोवलाइजेशन इन नेपाल

२. एफईएस/टियू, डेभलपमेन्ट प्राक्टिस इन नेपाल

३. एक्कोवर, अर्टुरो, १९९४, इन्काउन्टरिङ डेभलपमेन्टः दि मेकिङ एण्ड अनमेकिङ अफ दि थर्ड वर्ल्ड

४. पन्त, विजन, २०५७, विश्वव्यापीकरण र जेण्डर आन्दोलन, स्पेसटाइम दैनिक

५. पन्त, विजन, २०५८, विकासमा अवरोधका लागि जेण्डर विभेद, कान्तिपुर दैनिक

६. भासिन, कमला, १९९८, वीनर्स एण्ड लुजर्स अफ ग्लोवलाइजेशन

७. आचार्य, मिना, २०००, डेमोक्रेसी एण्ड जेण्डर इक्वालिटी (दि इकोनोमिक आस्पेक्ट)

८. भासिन, कमला, १९९९, सम थट्स् अफ डेभलपमेन्ट एण्ड सस्टेनेवल डेभलपमेन्ट

९. कोर्टन, सी. डेभिड, ह्वेन कर्पोरेशन्ज् रूल दि वर्ल्ड

१०. छैठौंदेखि नवौं योजना, राष्ट्रिय योजना आयोग

११. दशौं योजनाको अवधारणा पत्र, राष्ट्रिय योजना आयोग

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९

धारा १४ : ग्रामीण महिलालाई विशेष अधिकार

- विकास योजनाको विस्तृतीकरण र कार्यान्वयनको सबै तहमा भाग लिन पाउने अधिकार,
- परिवार नियोजनका सूचना, सल्लाह र सेवालगायत् पर्याप्त स्वास्थ्य सुविधा पाउने अधिकार,
- सामाजिक सुरक्षा कार्यक्रमबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने अधिकार,
- औपचारिक तथा अनौपचारिक तालिम र शिक्षा प्राप्त गर्ने अधिकार
- स्वरोजगारीका लागि स्वावलम्बन समूहहरू तथा सहकारी संस्थाहरू गठन गर्न पाउने अधिकार
- समस्त सामुदायिक क्रियाकलापमा भाग लिन पाउने अधिकार,
- आवास, सरसफाई, विद्युत, यातायात, खानेपानी तथा सञ्चारसम्बन्धी व्यवस्थाहरू उपभोग गर्न पाउने अधिकार।

स्थलगत अध्ययन किन र कसरी ?

- पद्म खतिवडा

१. भूमिका

संसारका विभिन्न मुलुकमा छरिएर ठुलै संख्यामा रहेका मानवअधिकार संगठनहरु राज्यले प्रयोग गर्ने मानवअधिकारको स्थितिको अनुगमन गर्नमा व्यस्त छन्। कसैले यस स्थितिलाई सामान्य रुपमा नै हेर्छन् त कसैले गहन रुपमा। सामान्य या गहन भन्ने कुरा त्यस राज्यमा भएका मानवअधिकार उल्लघंनका घटनाहरुमा पनि भर पर्दछ। नेपालको सन्दर्भमा भन्ने हो भने, यो विषय यति गहन बन्न पुगेको छ कि मानवअधिकार कार्यकर्ताले चौबिसै घण्टा मानवअधिकारको अनुगमन, संरक्षण र सम्बर्धनका लागि खर्च गर्नु पर्ने भएको छ।

मानवअधिकारको अनुगमन भित्र स्थलगत अध्ययन (Fact Finding Mission) पनि पर्दछ। जसअन्तर्गत सूचना संकलन, तिनको प्रलेख र प्रसारण अति महत्वपूर्ण कार्यहरु हुन्। स्थलगत अध्ययन गर्न जाने टोलीले अन्य कुराहरुका अतिरिक्त प्रलेख कार्यमा वढी जोड दिनु पर्दछ। प्रलेख केवल प्राप्त सूचना तथा जानकारीको संकलन गर्ने कार्य मात्र होइन। प्रलेख अन्तर्गत प्रमाणको संकलन गर्ने र तिनिहरुको संरक्षण र प्रसारण गर्ने प्रणालीको विकास गर्ने पनि पर्दछ। प्रमाणको संकलन गर्ने कार्य अत्यन्त जोखिमपूर्ण हुन्छ। प्रमाण संकलन गर्ने नाममा न त पीडितका सम्पूर्ण प्रमाणका सक्कल नै टिपेर हिड्न मिल्छ न त विना प्रमाण नै तथ्य यही हो भनेर जिकीर गर्न सकिन्छ। यहाँ स्थलगत अध्ययनको चर्चा गर्दा प्रलेखलाई वढी जोड दिइँदैछ। धेरैजसो मानवअधिकार संगठनहरु स्थलगत अध्ययन गर्दछन्, तर त्यसको प्रतिवेदनमा हुनुपर्ने वजन भने जहिले पनि अपुग देखिन्छ। यसो हुनुको प्रमुख कारण अध्ययनरत अवस्थामा नै तथ्य सम्बन्धी लेखन गर्ने वानी नभएर पनि हो।

अवलोकन, मानवस्रोत र अभिलेख कुनै पनि घटनाको विवरण तयार गर्ने सवालमा आधारभूत कामहरु हुन्। यी कामहरुपछि प्रस्तुतिको पालो आउँछ। प्रस्तुति प्रभावकारी हुन सकेन भने पहिले गरिएको मेहनत खेर जान सक्छ।

१.१ स्थलगत अध्ययनको उद्देश्य

विभिन्न संस्था तथा व्यक्तिहरुले स्थलगत अध्ययनको आ-आफ्नै प्रकारका उद्देश्यहरु राखेका हुन्छन्। मानवअधिकार कार्यकर्ताले गर्ने स्थलगत अध्ययनको उद्देश्य र अन्य व्यक्ति तथा संस्थाले गर्ने स्थलगत अध्ययनको उद्देश्य फरक-फरक हुन सक्छन्। एक फोटो पत्रकारले स्थलगत अध्ययनवाट सवैभन्दा प्रभावकारी फोटो खिच्ने र पत्रपत्रिकामार्फत् त्यसको प्रसारण गर्ने उद्देश्य राख्न सक्छ। तर एक अनुसन्धानकर्ताको स्थलगत अध्यनको उद्देश्य, समस्या के हो र समाधानका लागि कस्ता-कस्ता सुझावहरु कस-कसलाई पेश गर्ने भन्ने हुन सक्छ।

मानवअधिकार कार्यकर्ताले भने प्राथमिकताका आधारमा स्थलगत अध्ययनको कम्तिमा निम्नलिखित उद्देश्य राख्नैपर्छ :

(क) पीडितहरुलाई तत्काल आवश्यक पर्ने सहयोग प्रदान गर्नु

पीडित, पक्राउ परेका, थुनामा रहेका, अपहरण गरिएका, यातना (मानसिक र शारीरिक) दिइएका हुन सक्छन्। त्यसैले, हाम्रो प्रमुख उद्देश्य घटनाको वास्तविक तथ्य पहिचान गर्ने भन्दा पनि सर्वप्रथम पीडितको उद्धार गर्ने हो, जसले गर्दा उसको अधिकार सुरक्षित गराउन सकियोस्। यसका लागि हामीले विभिन्न जोखिमहरु वहन गर्नुपर्ने हुन्छ। जस्तै, पीडितलाई गैरकानूनी थुना या युद्धरत पक्षको कब्जावाट मुक्त गराउने, पीडितको अवस्थावारे सम्वन्धित परिवारलाई जानकारी गराउने, अन्य मानवअधिकारकर्मीसँग मिलेर पीडितको जीउ-ज्यान सुरक्षित गर्न तत्काल पहल गर्ने आदि। त्यसैले मानवअधिकार कार्यकर्ताले निकै सोच र विचार एवम् योजना वनाएर मात्र स्थलगत अध्ययनको शुरुवात गर्नुपर्छ। यहाँ ध्याल गर्नुपर्ने कुरा के छ भने, सामान्य घटनाका लागि स्थलगत अध्ययन नगर्न पनि सकिन्छ। जव घटना गम्भीर प्रकृतिको हुन्छ, त्यस्तो प्रकारको घटनाको स्थलगत अध्ययन गरिने भएकाले, विना सोच विचार र योजना गरिएको स्थलगत अध्ययन अपूर्ण हुन्छ।

(ख) पीडितहरुलाई राहत तथा बसोवासको व्यवस्था

पीडितलाई थुनावाट छुटाएर वा यातनावाट मुक्ति दिलाएर मात्र पुग्दैन। उसलाई यातना दिइएको भए, उपचारको व्यवस्था गराउनु पर्‍यो, सर्वस्वहरण गरिएको भए गाँस, वासको व्यवस्था गर्नु पर्‍यो। यसका लागि के गर्न सकिन्छ। पीडितहरुको उद्धार गर्ने कार्य दोस्रो उद्देश्य हुनु पर्छ।

(ग) कानूनी कारवाही

मानवअधिकार कार्यकर्ताले पीडितहरुको उद्धारका लागि गरेका कार्यहरु स्थायी समाधान हुन सक्दैनन्। त्यसैले पीडितउपर भएको अन्यायका वारेमा तुरुन्तै पहल गरी न्याय दिलाउने कार्यमा लाग्नु पर्छ। यसले गर्दा हामीमाथि परेको पीडितको संरक्षण अभिभारा घट्दै जान्छ।

(घ) सरकारले गरेका मापदण्ड सबन्धी प्रतिबद्धताको अनुगमन गर्ने

धेरै जसो मानवअधिकार संगठनहरु हाम्रो यो एक मात्र उद्देश्य हो भनी माथिका तीन उद्देश्यलाई वेवास्ता गर्दछन्। यो मानवअधिकार कार्यकतावाट हुने ठूलो भूल हो। यसो भन्दैमा सरकारले विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा जाहेर गरेको प्रतिवद्धता अनुगमन गर्न कार्य प्रमुख होइन भन्न खोजिएको पनि होइन्। यो पनि प्रमुख उद्देश्य भित्र पर्दछ। तर मानवअधिकार कार्यकर्ता केवल मानवअधिकार उल्लघंनका घटनालाई प्रलेख गर्न र विश्लेषण गर्ने कार्यमा मात्रै सीमित हुनु हुदैन। ऊ त मानवअधिकार रक्षक पनि हो, जसको प्रमुख काम मानवअधिकारको संरक्षण र सम्वर्धन गर्ने हो।

(ङ) घटनाको सम्बन्धमा अभियानमूखी कार्य गर्ने

पीडितको मानवअधिकार सुरक्षित गर्दैमा, उसलाई राहत सम्बन्धी व्यवस्था गर्दैमा, उसलाई कानूनी उपचारको व्यवस्था गर्दैमा र उक्त घटनाको प्रलेख गर्दैमा मानवअधिकारको उल्लंघन कम हुदैन। आउँदा दिनहरुमा यस्ता प्रकृतिका घटना नदोहोरिउन् भन्नका लागि र पीडक र पीडित दुवै मानवअधिकारका विषयमा सचेत रहुन् भन्ने उद्देश्य राखी, त्यस्ता घटनालाई सार्वजनिक गरी एक अभियानका रुपमा अघि वढाउनु पर्दछ।

(च) पीडक पक्ष भविष्यमा मानवअधिकार उल्लंघन नगर्न अभिप्रेरित होओस् भन्नेतर्फ पहल गर्ने

(छ) ऐतिहासिक दस्तावेजको रुपमा घटनालाई स्थापित गर्ने

विशेष गरी अधिकारको कटौती भएका वेला, द्वन्द्वका कारण युद्ध चलिरकेका वेलामा भविष्यमा एउटा गतिलो दस्तावेज वन्न सकोस् भनेर पनि स्थलगत अध्ययन गर्नुपर्ने हुन्छ, जो भावी पुस्तालाई उपयुक्त पाठ वन्न सक्छ।

१.२ स्थलगत अध्ययनका विभिन्न प्रकृति

(क) दक्ष व्यक्तिहरुवाट छोटो समयमा पूरा गरिने खालको दक्ष व्यक्तिहरुवाट स्थलगत अध्ययन, जसमा मानवअधिकार संगठनका व्यक्तिहरु रहन्छन्।

(ख) कुनै पनि स्थानमा तालीमप्राप्त स्थानीय कार्यकर्ताहरु राख्ने र उनीहरुले लामो समयसम्म मानवअधिकार उल्लघंनका घटनाहरुको बारेमा अनुगमन गर्ने।

(ग) स्थानीय तवरवाटै सञ्चालन गरिने स्थलगत अध्ययन, जसमा स्थानीय तहमा नै कार्य गर्ने

व्यक्तिहरु संलग्न हुन्छन्।

(घ) अन्तर्राष्ट्रिय स्तरका व्यक्ति तथा संस्थाबाट गरिने स्थलगत अध्ययनहरु

(ङ) परीक्षण अवलोकन (Trial Observation)

(च) जेल भ्रमण

(छ) चुनाव अवलोकन

(ज) गैरसरकारीतवरबाट गरिने विशेष निरीक्षण तथा सोधपुछ सम्बन्धी आयोगद्वारा गरिने स्थलगत अध्ययन

(झ) कानूनी अनुसन्धान, जस्तै: लास जाँच

(ञ) अनुसन्धान कार्य गर्ने

माथि उल्लेखित उद्देश्यबाट के कुरा प्रष्ट हुन्छ भने, मानवअधिकार कार्यकर्ताले गर्ने स्थलगत अध्ययन अत्यन्तै गहन र जिम्मेवार हुन्छ। उदारहणका लागि एक खोज पत्रकारले पीडितको उद्धार गर्ने कार्यमा सहयोग गर्ला, पीडितको कानूनी उपचारका लागि व्यवस्था गर्न दबाब सृजना पनि गर्ला तर, मावअधिकार कार्यकर्ताले यी सम्पूर्ण कार्यहरु गर्नुका साथै त्यस्ता घटनालाई राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मापदण्डका आधारमा पनि विश्लेषण गर्नु पर्ने हुन्छ। यसो गर्नुको प्रमुख उद्देश्य, उक्त घटना मानवअधिकार उल्लघंन कै घटना हो भनेर प्रमाणित गर्नु पनि हो।

त्यसैले मानवअधिकार कार्यकर्ताले स्थलगत अध्ययनका क्रममा प्रमुख कुराहरुमा स्थलगत अध्ययन कसरी गर्ने भन्ने मात्र नभएर मानवअधिकार सम्बन्धी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दस्तावेज/मापदण्ड (संविधान, कानून, नियम, अध्यादेश, सन्धि, सम्झौताहरु) एवम् मान्यता आदि पनि पर्छन्।

१.३ स्थलगत अध्ययनको प्रतिवेदन तयार गर्ने सम्बन्धमा

स्थलगत अध्ययनको प्रतिवेदन तयार गर्ने सम्बन्धमा धेरै जसो मानवअधिकार कार्यकर्ता अध्ययनको कार्य कुशलतापूर्वक सम्पन्न गर्न सफल हुँदाहुँदै पनि राम्रो प्रतिवेदन प्रस्तुत गर्ने सीप नहुनाले पनि घटनालाई नमूना घटना (Test Case) को रुपमा प्रस्तुत गर्न असर्मथ भइरहेका हुन्छन्।

स्थलगत प्रतिवेदन तयार गर्दा ध्यान दिनु पर्ने कुराहरु:

- प्रेस वक्तव्यमार्फत्, वा
- पत्रकार सम्मेलनमार्फत्, वा
- अपिलमार्फत्, वा
- प्रकाशनमार्फत्, वा
- सम्बन्धित निकायमा उजुरीमार्फत्

प्रतिवेदन सार्वजनिक गर्नु पर्ने हुन्छ। तसर्थ प्रतिवेदनको शैलीलाई बढो महत्वका साथ हेरिन्छ।

प्रतिवेदन तयार गर्दा यो पनि ख्याल गरिनु पर्छ कि स्थलगत अध्ययन (Fact Finding Mission) प्रस्तुत गरिने होइन, यसको प्रतिवेदन (Report) तयार गर्ने हो।

स्थलगत अध्ययनको प्रभावकारी प्रतिवेदन गर्ने विभिन्न तरिकाहरु हुन सक्छन्। जुनसुकै तरिकाहरु प्रयोग गरिएता पनि कम्तीमा यहाँ उल्लेखित बुँदाहरु छुट्न हुँदैन :

१. परिचय :
- अध्ययन गर्नुपर्ने कारण
- टोलीको संरचना
- स्थलगत अध्ययनको प्यारामिटर
- अध्ययन गरिएको मिति
- यो अध्ययन गरिरहँदा त्यस्तो विशेष परिस्थिति थियो कि ?

२. साक्षीहरुको सूची : नाम, ठेगाना आदि।

३. सहयोगी सामग्रीका रुपमा लिइएका दस्तावेजहरु

४. साक्षीहरुले अन्तर्वाताका क्रममा व्यक्त गरेका सम्पूर्ण भनाईहरु

५. अन्य व्यक्तिहरुका भनाई

६. भ्रमण गरिएको क्षेत्रको बयान

७. प्रमाणका आधारमा प्राप्त नतिजा

प्राप्त नतिजा भनेको तथ्य र मापदण्डबीचको तुलानात्मक अध्ययन हो।

त्यसैले यो अधिकारको उल्लघंन भएको हुन सक्छ जस्ता शब्दहरुको प्रयोग गर्नु हुँदैन्। हिम्मतका साथ भन्न सकियोस् कि यो अधिकार यसरी यसरी हनन भयो।

उदाहरण : *सन् २००२ को असारको दोस्रो हप्तामा चिसापानी ब्यारेक नेपालगञ्जका केही सैनिकहरु मेजर अजित थापाको नेतृत्वमा मजिद मनियारका घरमा पुगे। त्यहाँ मजिद मनियारलाई नभेटेपछि उनीहरुले मतियारकी छोरी र भतिजीलाई पक्राउ गरे। ब्यारेकमा ल्याएर मेजर अजित थापा र क्याप्टेन रमेश स्वाँरले ती दुई महिलाहरुलाई "मजिद मनियारले गरेको गल्तीको सजाय तिमीहरुले भोग्नु पर्छ" भन्दै बलात्कार गरे।*

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (ICCPR) को धारा ७ मा भनिएको छ "कुनै पनि व्यक्तिलाई यातना तथा अन्य अमानवीय प्रकारका क्रूर व्यवहारको शिकार बनाइने छैन।" यस घटनाका सन्दर्भमा हेर्ने हो भने सुरक्षाबल, जो आफैंमा नागरिकहरुको सुरक्षार्थ खटिएको हुन्छ, आफैले दुई निर्दोष महिलाहरुमाथि अभद्र व्यवहार गरी, उनीहरुलाई मानसिक र शारीरिक यातना दुवै दिएको खुल्न आउँछ। ICCPR कै उक्त धारामा अगाडि भनिएको छ, "व्यक्तिलाई उसको स्वीकृति नलिइकन कुनै पनि प्रकारको उपचार र वैज्ञानिक परीक्षण गर्न पाइन्न।" तर यस घटनामा पीडित महिलाहरुलाई थाहा नै नदिइकन उपचारार्थ अस्पतालमा लगिएको पाईयो। यतिसम्म भएको छ कि सम्बन्धित डाक्टरहरुलाई समेत वास्तविक घटनाको बारेमा थाहा नदिइकन "रगत थामिने" औषधी ख्वाउन लगाएको देखिन्छ।

यसै उदाहरणलाई कहिल्यै यसरी व्यक्त नगरौ :

यस्तो-यस्तो भएको पाइयो। यसले के देखाउँछ भने ICCPR को उल्लघंन भएको छ। यो घटना महिलासँग सम्बन्धित छ। त्यसैले मलाई लाग्छ CEDAW पनि उल्लघंन भएको हुनु पर्छ किनभने महिला र पुरुष बीच भेदभाव हुनुहुँदैन। यहाँ महिलाहरुको अधिकारको हनन् गर्ने पुरुषहरु देखिएका छन्।

८. सुझावहरु
- दीर्घकालीन असर पार्ने सुझाव
- अल्पकालीन असर पार्ने सुझाव
- सरकारलाई लक्षित सुझाव
- अन्य निकायलाई लक्षित सुझाव

सुझाव दिंदा यसरी प्रस्तुत गरिनु पर्छ :

माथि उल्लेखित पीडितहरुलाई शारीरिक र मानसिक दुवै यातना दिएको पाइएको छ। बलात्कारको घटनालाई समाजमा घृणाको दृष्टिकोणले हेर्ने गरिन्छ। त्यसैले सरकारले पीडितहरुलाई परेको मानसिक यातनालाई कम गर्नका लागि मनोवैज्ञानिक चिकित्सक खटाउनु पर्छ। यदि सरकारले उक्त चिकित्सक फेला पार्न नसकेको खण्डमा मानवअधिकार संगठनहरु तथा नागरिक समाजका सदस्यहरुसँग सरसल्लाह गरी पीडितलाई तुरुन्तै सेवा उपलब्ध गराउने कार्यमा लाग्नु पर्छ।

सरकार आफूले नै सर्वप्रथम प्रजातान्त्रिक संस्कृतिको अवलम्बन गर्नुपर्छ। अनिमात्र नागरिकहरु यातनाको शिकार बन्नबाट जोगिन्छन्।

तर, यसो कदापि भनिनु हुँदैन :

म सरकारलाई यस्तो सुझाव दिन चाहन्छु
- *मनोवैज्ञानिक चिकित्सकको व्यवस्था गर्ने।*
- *पीडित महिलाहरुलाई गाँस, बास र कपासको व्यवस्था गर्ने।*
- *पीडकलाई कारवाही गर्ने।*

९. कार्यकारी सारांश

स्थलगत अध्ययनको प्रतिवेदन लामो हुन सक्छ। प्रेसलगायत् अरु सम्बन्धित व्यक्तिलाई सबै कुरा पढ्ने फुर्सद नहुन सक्छ तसर्थ तयार गरिएको कार्यकारी सारांश बनाउनु राम्रो हुन्छ। कार्यकारी सारांश भनेको सम्पूर्ण विवरणहरुका आधारमा तयार पारिएको निचोड प्रतिवेदनको शुरुमा राखिन्छ।

पीडितहरुको सम्पूर्ण भनाइ उनीहरुकै शब्द (First person point of view) मा प्रतिवेदनमा उल्लेख गरिन्छ भने उनीहरुको भनाईको सार आफ्नै शब्दमा कार्यकारी सारांशमा राख्नु पर्दछ।

त्यसैगरी कार्यकारी सारांशअन्तर्गत घटनाको विवरण जस्तै: ठाउँ, मिति, पीडित, पीडक, साक्षी तथा उनीहरुका भनाई, त्यसबाट खिचिएको सार र मापदण्डका आधारमा गरिने विश्लेषण चाहीं छुट्नै नहुने बुँदाहरु हुन्।

(यस लेखमा इन्सेकको आन्तरिक अध्ययन कार्यक्रम (In-house Study Session) मा कार्यपत्रका रुपमा प्रस्तुत गरी त्यसबाट प्राप्त सुझावहरुलाई समेत थप्ने प्रयत्न गरिएको छ।)

यातना क्षतिपूर्ति सम्बन्धी कानूनमा सुधारको आवश्यकता

- श्यामकुमार महर्जन

यातना भन्नाले व्यक्तिलाई शारीरिक, मानसिक आघात पर्ने गरी दिइने निर्मम, अमानवीय वा अपमानजनक व्यवहार हो। यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि १९८४ को धारा १ अनुसार "यातना" भन्ने शब्दले कुनै सार्वजनिक अधिकारी वा सार्वजनिक आधिकारिक हैसियतको काम गर्ने कुनै व्यक्तिबाट वा निजको सहमति वा मौन सहमतिबाट कुनै व्यक्ति वा तेस्रो व्यक्तिबाट जानकारी वा साविति लिने वा तेस्रो व्यक्तिले गरेको भनी शंका गरिएको कार्यको लागि दण्ड दिने वा सो व्यक्ति वा तेस्रो व्यक्तिलाई त्रास देखाउने वा बलजफ्ती गर्ने जस्ता उद्देश्यहरूको लागि वा कुनै किसिमको भेदभावमा आधारित कुनै कारणका लागि सो व्यक्तिलाई जानीजानी दिइएका शारीरिक वा मानसिक कठोर पीडा वा कष्ट दिने कार्यलाई जनाउँछ। कानूनी बन्देजहरूबाट मात्र उत्पन्न हुने वा त्यस्ता बन्देजहरूमा अन्तरनिहित वा सोसँग अनुसांगिक कुनै कष्ट वा पीडा यसमा समावेश हुँदैन। त्यस्तै यातना सम्बन्धी क्षतिपूर्ति ऐन २०५३ को दफा २ (क) मा पनि यातना शब्दको परिभाषा दिइएको पाइन्छ, जसअनुसार यातना भन्नाले अनुसन्धान तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई दिएको शारिरीक वा मानसिक यातना सम्झनु पर्छ र सो शब्दले निजसँग गरिएको निर्मम, अमानवीय वा अपमानजनक व्यवहारलाई समेत जनाउँदछ।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११ देखि धारा २३ सम्म मौलिक हकको व्यवस्था रहेको पाइन्छ। यसै क्रममा धारा १४(४) मा यातनाका सम्बन्धमा "तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको कुनै व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन। त्यस्तो व्यवहार गरिएमा कानूनले निर्धारण गरेबमोजिम क्षतिपूर्ति दिइनेछ" भनिएको छ। तर, संविधान लागू भएको ७ वर्ष पछि मात्र यातना सम्बन्धी क्षतिपूर्ति ऐन २०५३ जारी भएको पाइन्छ। यस ऐनमा यातना विरुद्धको हकले कानूनी अधिकारका रुपमा मान्यता प्राप्त गर्दै पीडितले क्षतिपूर्ति प्राप्त गर्न सक्ने सम्बन्धमा निम्न लिखित व्यवस्थाहरु भएको देखिन्छ।

संविधान प्रारम्भ भएको ७ वर्ष पछि यातना क्षतिपूर्ति ऐन तर्जुमा भएता पनि यसलाई सकारात्मक रुपमा नै लिइनु पर्छ। संविधान प्रारम्भ भएपछिका केही वर्ष क्षतिपूर्ति ऐनको अभावमा प्रहरी हिरासतमा यातना पाएका थुप्रै नागरिकले संविधानद्वारा प्रत्याभूत क्षतिपूर्ति तथा यातना दिने कर्मचारीलाई विभागीय कारवाही गरी यातना दिने कार्यलाई निरुत्साहित गर्न सकिएको थिएन। क्षतिपूर्ति ऐन २०५३ ले महत्वपूर्ण दुईवटा उद्देश्य लिएर तर्जुमा भएको देखिन्छ। उक्त ऐनको दफा ३ (१) ले कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई यातना दिन नहुने र यातना पाएको पीडित व्यक्तिलाई क्षतिपूर्ति दिने व्यवस्था रहेको देखिन्छ। मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ को धारा ५ ले "कुनै व्यक्तिलाई पनि शारीरिक यातना दिइने छैन, निर्दयी, अमानवीय, अपमानजनक व्यवहार वा सजाय गरिने छैन" भन्ने घोषणा र सन् १९९१ मा नेपालले समेत हस्ताक्षर गरेको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा ७ मा "कुनै व्यक्तिलाई पनि क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा सजाय भोग्न लगाइने छैन" भन्ने प्रष्ट उल्लेख गरेको छ। उक्त घोषणापत्र तथा अनुबन्धले मानव जातिलाई यातना दिन नहुने फराकिलो घोषणा गरेको छ, तर नेपालको संविधान र ऐनले थुनामा रहेको व्यक्तिलाई मात्र यातना दिन नहुने भनी यातनाको स्थितिलाई सीमित गरेको छ। थुनामा वा हिरासतमा रहेकावाहेक अन्य अवस्था वा स्थानमा गरिने यातनाका बारेमा उल्लेख गरिएको छैन। यातना सम्बन्धी क्षतिपूर्ति ऐनले केवल यातनामा परेको व्यक्तिलाई मात्र क्षतिपूर्ति दिने तर हत्या भएको व्यक्तिको परिवारलाई क्षतिपूर्ति दिने/नदिने सम्बन्धमा संविधान नै मौन छ। यसले गर्दा यातना सम्बन्धी क्षतिपूर्ति ऐनको उद्देश्य नै अधुरो देखिएको छ। दोश्रो, यातना सम्बन्धी क्षतिपूर्ति ऐनले राज्यको

संयन्त्र संचालन गर्ने प्रहरी फोर्स र स्थानीय प्रशासनको खुलम खुल्ला यातना दिने परिपाटीलाई प्रत्यक्ष रोक लगाए तापनि यातना दिएको प्रमाणित भएको अवस्थामा क्षतिपूर्तिको दायित्व राज्यको राजस्वबाट व्यहोरिने प्रावधानले गर्दा, यातना कानून सम्मत हुने र क्षतिपूर्तिको आडमा गम्भीर यातना दिन प्रहरी प्रशासन अझै उत्साहित हुने त हैन ? भन्ने प्रश्न यो ऐनले जन्माएको छ। विधिशास्त्र अनुरुप क्षतिपूर्ति आर्थिक दण्ड भएकोले पदीय दायित्व दुरुपयोग गर्ने व्यक्ति नै दण्डित हुनुपर्ने हो। जनताको तिरो र करवाट संचित राजस्ववाट अधिकार दुरुपयोग गर्ने व्यक्तिको सुरक्षार्थ क्षतिपूर्ति प्रदान गर्ने प्रावधानलाई लोक कल्याणकारी मान्न सकिन्न।

ऐनको दफा ५(१) (२) (३) (४) अन्तर्गत पीडित व्यक्ति, निजको परिवार वा निजको कानून व्यवसायीले क्षतिपूर्तिको दावी गर्नको लागि हद म्याद, उजुरीकर्ता, पीडित व्यक्तिको उपचार र उजुरीमा खुलाउनु पर्ने प्रावधान विरोधाभाषपूर्ण छ, किनकि यातना दिएको वा थुनाबाट मुक्त भएको मितिले ३५ दिन भित्र उजुरी दिनुपर्ने भन्ने प्रावधान छ। थुनामा रहेको बेला यातना दिएको मिति निजको परिवारले वा कानून व्यवसायीले कसरी थाहा पाउने ? जबकी यातना दिइने भन्ने कुरा कसैलाई जानकारी दिएर गरिने कुरा होइन। साथै थुनाबाट मुक्त भन्नाले हिरासतबाट मात्र मुक्त हो वा आरोपित कसुरबाट नै मुक्त हो सो प्रष्ट छैन। सो यकिन नभई दफा ५ (१) (२) ले उजुरी गर्ने भनी तोकिएको हदम्याद र उजुरीकर्ताको स्थिति प्रभावकारी हुन सक्दैन। त्यस्तै ऐनको दफा ५ (४) मा उजुरीमा खोल्नुपर्ने भनेर विभिन्न बाध्यात्मक व्यवस्थाले क्षतिपूर्तिमा दावी नै गर्न नसक्ने स्थिति सृजना गरेको छ।

किनकि, उजुरीकर्ताले उजुरीमा उल्लेख गर्नुपर्ने, थुनामा रहेको कारण, अवधि, यातनाको विवरण, क्षतिको विवरण, क्षर्तिपूर्ति रकम दावी प्रमाणित गर्ने व्यहोरा, पीडित व्यक्तिले कसरी जुटाउन सक्दछ ? यातना गोप्य स्थानमा हुने हुँदा यातनाको वारेमा पीडित र यातना दिने व्यक्तिलाई वाहेक, तेस्रो पक्षलाई यातना दिइने स्थान एवम् यातनावारे विवरण प्राप्त नहुने हुनाले सो प्रावधानले पीडित व्यक्तिलाई उजुरी गर्नका लागि हतोत्साहित तुल्याएको छ।

ऐनको दफा ६ (१) ले यातना दिएको ठहरेमा १ लाख रुपैयाँसम्म क्षतिपूर्ति भराई दिन सक्ने व्यवस्था छ। तर, यातना दिने व्यक्तिले यातना दिएको हो भनी सावित भएको अवस्थामा मात्र, यातना ठहर हुने र यातना प्रमाणित हुँदा पनि अदालतले क्षतिपूर्ति भराई दिने वाध्यात्मक व्यवस्था ऐनले गर्न नसकेकोले स्वविवेकीय रुपमा क्षतिपूर्ति भराई दिन सक्ने भन्ने देखिन्छ। दफा ६(२) ले वदनियतपूर्वक उजुरी दिएको ठहरे ५ हजार रुपैयाँ उल्टै उजुरीकर्तालाई सजाय हुने व्यवस्था गरेको देखिन्छ। यातना शिविर, यातना दिने व्यक्ति, यातनाको पीडा, यातनाको प्रकृति वाहिर वस्ने वा स्वयं पीडित व्यक्तिले ऐन-मौकामा वाहिर ल्याउन प्रायः सम्भव हुँदैन। यस्तो अवस्थामा ठोस तथ्ययुक्त नहुने उजुरीउपर बदनीयतपूर्वक उजुरी दिएको आरोप सजिलै लाग्न सक्दछ।

क्षतिपूर्तिको अधिकतम रकम १ लाख रुपैयाँसम्म देखिन्छ। यातनावाट मानिसको अंग भंग हुने मात्र होइन, यातनापछि बेपत्ता, मानसिक असन्तुलन, नपुंसक, संवेदनशील अंगहरूको क्षमता नष्ट हुने हुनसक्छ। त्यसलाई एक लाख रुपैयाँले परिपूर्ति गर्न सक्दैन। क्षतिपूर्ति रकम पर्याप्त छैन। यातनाको प्रकृतिको आधारमा यातना दिने व्यक्तिवाट पनि असूल उपर गर्ने व्यवस्था मात्र प्रभावकारी हुन सक्दछ।

यातना दिने व्यक्तिलाई यातना प्रमाणित भएमा विभागीय कारवाही गर्न सम्बन्धित निकायलाई आदेश दिने ऐनको दफा ७ को व्यवस्था आफैमा निरर्थक छ। यातना दिन आदेश दिने र यातना दिने व्यक्तिलाई सजाय गर्ने एउटै निकाय हुन सक्दैन। यो प्राकृतिक कानूनको प्रतिकूल छ। अधिकारको दुरुपयोग गरी यातना दिने व्यक्तिले कसुर गरेवापत बुझाउनु पर्ने क्षतिपूर्ति र प्रतिरक्षा सरकारवाटै गरिदिने प्रावधानले गर्दा यातनाको कारवाही नियन्त्रण वा घट्ने सम्भावना कमै देखिन्छ।

यातनाको वर्गीकरण अर्न्तगत मानसिक यातना पनि पर्न जान्छ। तर, यस ऐनले मानसिक यातनालाई परिभाषा सहित समेटन भने सकेको छैन। मानसिक यातना भन्नाले अपशब्दको प्रयोग, सार्वजनिक स्थलमा दुर्व्यवहार, कार्यस्थलमा दुर्व्यवहार, पत्रवाट धम्की, टेलिफोनवाट धम्की र अपशब्दको प्रयोग, हेला गर्ने आदि विभिन्न प्रकारले मानसिक यातना दिन सकिन्छ। यस्ता मानसिक यातनालाई निवारण गर्नका लागि यो ऐनमा कुनै व्यवस्था नहुनु यो ऐनको कमजोर पक्ष हो।

बारा जिल्ला कचोर्वा गाविस-९ का ५० वर्षीय कुवर यादवको ०५९ कार्तिक २६ गते राति प्रहरीले हिरासतमा निर्मम यातना दिएका कारण मृत्यु भयो (प्राची, पूर्णाङ्क ४४, मंसिर पुस २०५९, पेज नं ३४)। घटना विवरणअनुसार, कार्तिक २६ गते दिउँसो कुवरलाई इलाका प्रहरी कार्यालय सिम्रौनगढले रामेश्वरनाथ जसवालको घरमा केही समयअघि डकैति भएको घटनाको जाहेरीमा खुलाइएको हुलियाका आधारमा गिरफ्तार गरिएको प्रहरीले वताएको र डकैतिमा संलग्न भएको कवुल गर्न दवाव दिने उद्देश्यले मरणासन्न हुनेगरी यातना दिएको हुँदा उपचारार्थ लैजाँदा-लैजाँदै मृत्यु भएको थियो।

घटनामा प्रत्यक्ष संलग्न इलाका प्रहरी कार्यालय, सिम्रौनगढका प्रहरी सहायक निरीक्षक विक्रम राणा र कार्यालय सहायक प्रहरी निरीक्षक केदार रजौरीयालाई स्थानीय वासिन्दा र मानव अधिकारकर्मीको दवावमा हिरासतमा लिई अनुसन्धानमा राखिएको भन्नेबारे प्रहरीले स्पष्ट जानकारी गराएको छैन भनी सो रिपोर्टमा उल्लेख छ। हिरासतमा दिइएको यातनाकै कारण कुवरको मृत्यु भएको प्रहरीले स्वीकारेको छ। साथै, कुवरका छोरा वच्चु यादवलाई पनि प्रहरी हिरासतमा यातना दिएको भनेर वच्चु यादवले बताएको कुरा सो प्रतिवेदनमा उल्लेख गरिएको छ। पीडित पक्षवाट जिल्ला प्रहरी कार्यालयमा दुईवटा छुट्टाछुट्टै किटानी जाहेरी दर्ता गराइएको छ। तर, दुवै जाहेरी उपर कारवाही अघि नवढेको कुरा पनि सो प्रतिवेदनमा उल्लेख गरिएको छ। यस्ता अन्य कैयौं यातना सम्वन्धी जाहेरी पर्ने गरेको पाइन्छ। विभिन्न कारण र परीक्षणपछि मात्र कारवाही अगाडि वढाउन मिल्ने जानकारी दिइएको तर सो कारण र परीक्षणका बारेमा केही जानकारी पीडित पक्ष र सर्वसाधारणलाई नदिइएको कारणले कारवाही त्यत्तिकै सेलाउने गरेको पाइन्छ।

०५९ माघ १२ को कान्तिपुर दैनिकमा प्रकाशित समाचार अनुसार, नुवाकोटको काउलेमा पाँच "निरपराध" स्कुले बालकलाई ०५९ मंसिर ११ गते माओवादीको आशंकामा गोली हानी मारिएको, सेनाको छानबिन समितिले नै जानकारी दियो। उनीहरु निरपराध रहेको तथ्य सेनाको छानबिन समितिले समेत आफ्नो प्रतिवेदनमा उल्लेख गऱ्यो। रक्षा मन्त्रालयका सचिव मदनप्रसाद आचार्यले काउले घटनामा संलग्न सैनिक अधिकृत र जवानहरुलाई कोर्ट मार्सल लगाउने प्रक्रिया सुरुभएको बताउनुभएको र मारिएका बालकका परिवारलाई उचित क्षतिपूर्ति दिन थालिएको वताउनु भएको थियो। तर, कतिलाई कोर्ट मार्सल लगाइयो भन्ने बारेमा भने उहाँले बताउनुभएन।

यस्ता विभिन्न घटनाहरुलाई सेना तथा प्रहरीका माथिल्लो तहवाट नै लुकाउने, कारवाहीलाई अगाडि नवढाएर त्यत्तिकै सामसुम पार्ने र ढाकछोप गर्नाले ऐन नियम बनेर/बनाएर मात्र समस्याको समाधान हुँदैन।

ऐन नियम बनाएवमोजिम अधिकार र कर्तव्यको स्पष्ट व्यवस्था गर्ने तथा सो कारवाहीको निकायलाई माथिल्लो निकायले समेत निगरानी र निर्देशन गर्नु, सोका वारेमा सर्वसाधारण समक्ष पुग्ने गरी कारवाहीका सम्वन्धमा परदर्शी भएर निर्णय गर्नु र यातना दिने व्यक्तिलाई कारवाही गर्नु पर्दछ। यसवाट अन्य व्यक्ति त्यस्तो कार्य गर्नवाट हतोत्साहित हुन पुग्दछन्।

सर्वसाधारण जनताले सो ऐन नियमले दिएको अधिकारहरुको सही र सरल उपचार पाउन सक्दछन्। वर्तमान सन्दर्भमा यस्ता कुराहरुमा सम्वन्धित पक्षले ध्यान पुऱ्याउनु अति आवश्यक छ।

प्रतिवेदन

नेपालमा आधारभूत मानवअधिकारको अवस्था

जनताका अधिकारहरुको सुनिश्चितताका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दुवै स्तरमा विभिन्न मानवअधिकार दस्तावेजहरु हस्ताक्षर र अनुमोदन गरिएका छन्। मानवअधिकार र सामाजिक न्यायको निम्ति विगत १४ वर्षदेखि निरन्तर सक्रिय अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) नेपालको अग्रणी मानवअधिकार संस्थाका रुपमा स्थापित भइसकेको छ। आफ्नो स्थापनादेखि नै इन्सेकले मानवअधिकारको संरक्षण र सम्वर्द्धनका लागि विभिन्न क्रियाकलापहरु संचालन गर्दै आएको छ। इन्सेकद्वारा संचालित मानवअधिकार अनुगमनसम्वन्धी कार्यक्रम र सचेतन अभियानले उल्लेख्य उपलब्धि हासिल गरेका छन्। अहिले पनि नेपालको अग्रणी मानवअधिकार संस्थाका रुपमा इन्सेकले ग्रामीण तहमा विभिन्न प्रकारका कार्यक्रमहरु संचालन गरिरहेको छ।

यसै क्रममा लक्षित समुदाय तथा मानवअधिकारका सन्दर्भमा पछाडि परेका समूहहरुको माग पहिचान गर्ने र उनीहरुका आवश्यकताहरु उजागर गर्ने उद्देश्यअनुरुप इन्सेकले सन् २००२ मे-जुलाई महिनामा देशका विभिन्न भौगोलिक तथा प्रशासनिक क्षेत्रहरु समेट्ने गरी २० जिल्लामा आधारभूत सर्भेक्षण गरेको थियो। त्यसकारण, अध्ययनका लागि छनौट गरिएका ती २० जिल्लालाई समग्र राष्ट्रको प्रतिनिधि मान्न सकिन्छ। मानवअधिकार शिक्षा कार्यक्रम संचालन गर्नका लागि लक्षित जनसंख्या र समुदाय पहिचान गर्नु सर्भेक्षणको मुख्य उद्देश्य रहेको थियो। यसबाहेक लक्षित समुदायका सामाजिक-आर्थिक तथा जनसांख्यिकीय विशेषतासम्वन्धी आधारभूत सूचना संकलन गर्नु, विद्यमान प्रचलनहरु र मानवअधिकार सम्वन्धी सचेतनताका सन्दर्भमा जनतामाझ आधारभूत मानवअधिकारको अवस्था वुझ्नु र लक्षित समुदायका आवश्यकताहरुको सीमा पहिचान गर्नु उक्त सर्भेक्षणका तात्कालिक उद्देश्य थिए।

सर्भेक्षणका लागि एउटा जिल्लावाट ४ वटा गाविस र प्रत्येक गाविसवाट ६० परिवार छनौट गरिएका थिए। प्रत्येक परिवारवाट १-१ जना उत्तरदातालाई अन्तरवार्तामा सामेल गरिएको थियो।

सर्भेक्षणमा प्रयोग गरिएको प्रश्नावली छनौट गरिएका परिवारको सामाजिक-भौगोलिक पृष्ठभूमी र अवस्था, सचेतनता र आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक तथा राजनीतिक सवालसँग सम्वन्धित आधारभूत मानवअधिकारको प्रयोग गर्ने सामर्थ्य जस्ता सवालमा केन्द्रित थियो। सो प्रश्नावलीलाई मुख्य गरी चार खण्डमा विभाजन गरिएको थियो। जसमध्ये आर्थिक खण्डमा भू-स्वामित्व, खाद्य सुरक्षा, श्रम, ज्याला प्रणाली आदि सवालहरु समावेश गरिएका थिए भने सामाजिक तथा साँस्कृतिक खण्डमा सामाजिक विभेद र स्वास्थ्य स्थितिलाई समेटिएको थियो। नागरिक तथा राजनीतिक सचेतनता र अधिकारसम्वन्धी सवाललाई नागरिक तथा राजनीतिक खण्डमा समावेश गरिएको थियो। इन्सेकका सम्वन्धित केन्द्रहरुवाट आ-आफ्नो क्षेत्रसँग सम्वन्धित सवालमा तयार पारिएका प्रश्नावलीहरु एकत्रित, परिमार्जन तथा संशोधन गर्ने कार्यमा इन्सेकका निर्देशक पद्म खतिवडा, त्रिभुवन विश्वविद्यालय जनसंख्या विभागका योगेन्द्र गुरुङ र अर्थशास्त्र विभागका डिल्ली उप्रेतीले योगदान गर्नुभएको थियो।

जिल्लास्थित इन्सेक आवद्ध संस्थाका सदस्यहरु नै सर्भेक्षणमा गणकका रुपमा संलग्न थिए। उनीहरु विगतदेखि नै इन्सेकका विभिन्न कार्यक्रमहरुमा संलग्न हुँदै आएका छन्। प्रत्येक जिल्लावाट २ जना गणक छनौट गरिएको थियो। गणकहरुलाई इन्सेकका निर्देशक पद्म खतिवडा, इन्सेक केन्द्रीय कार्यालयका प्रेमप्रसाद पराजुली, इन्दीरा फुँयाल, कृष्णप्रसाद सुवेदी, विमलचन्द्र शर्मालगायत्का व्यक्तिले प्रशिक्षण दिनुभएको थियो। सर्भेक्षण गरिएका २० जिल्लामा कूल ४० जना गणकहरु संलग्न थिए। सर्भेक्षणका लागि प्रत्येक गाविसवाट ४ वटा समुदाय छानिएका थिए। प्रत्येक समुदायवाट १५ जना उत्तरदातासँग अन्तरवार्ता लिइएको थियो। यसरी प्रत्येक गाविसवाट ६० अर्थात् प्रत्येक जिल्लावाट २ सय ४० जना उत्तरदाता छनौट गरिएको थियो। सर्भेक्षण गरिएका २० जिल्लामा गरी कूल ४ हजार ८ सय उत्तरदाताहरुसँग संरचित प्रश्नावली भरेर परिमाणात्मक अन्तरवार्ता लिइएको थियो।

सर्भेक्षणवाट २० जिल्लाका ४ हजार ८ सय परिवारका कूल २८ हजार ३ सय २९ सदस्य गणना गरिएको थियो। राष्ट्रिय जनगणना ०५८ का अनुसार, नेपालको जनसंख्याको लैंगिक अनुपात ९९.८ छ, जसले पुरुष र महिला जनसंख्या प्रायः समान रहेको संकेत गर्दछ। सर्भेक्षणको परिणाम भन्दा यो निकै कम छ।

श्रम गर्न सक्ने उमेर भएको जनसंख्या ५५.२ प्रतिशत छ भने परनिर्भरताको अनुपात ८१.३ प्रतिशत छ। यसले काम गर्ने १९ प्रतिशत व्यक्तिहरुमाथि ८१ प्रतिशत व्यक्तिहरु निर्भर रहेको तथ्य औंल्याएको छ।

सर्भेक्षणमा गणना गरिएको कूल जनसंख्यामध्ये सबैभन्दा वढी मध्यमाञ्चल विकास क्षेत्रमा थियो। गणना गरिएका व्यक्तिहरुमध्ये २५.९ प्रतिशत यस क्षेत्रका थिए। त्यसपछिको संख्या पूर्वाञ्चल विकास क्षेत्रमा थियो, जसले २२.७ प्रतिशत संख्या ओगटेको थियो।

गणना गरिएको कूल जनसंख्यामध्ये दलितहरुको संख्या ५२ प्रतिशत थियो। त्यसैगरी आदिवासीहरु २७.३ प्रतिशत र क्षेत्रीहरु ७.४ प्रतिशत



थिए। बाँकी १२.३ प्रतिशतमध्ये वाहुन ४.७, मुस्लिम २, नेवार १.८ र अन्य ४.८ प्रतिशत थिए। यस सर्भेक्षणको प्रमुख उद्देश्य अलाभान्वित/पछाडि परेका समुदायहरुको स्थिति उजागर गर्नु रहेकोले नमूना छनौट पनि त्यसै अनुरुप गरिएको थियो। तसर्थ, दलितहरुको संख्या वढी र उच्च जातिका भनिने मानिसहरुको संख्या कम देखिएको हो।

सर्भेक्षणवाट प्राप्त परिणामका आधारमा, नेपालको साक्षरता दर ४५.८ प्रतिशत छ। कूल जनसंख्याको ८.७ प्रतिशतले मात्र माध्यमिक तहको शिक्षा पूरा गरेका छन्। ३.३ प्रतिशतले मात्र उच्च शिक्षा पाएका छन्। प्राथमिक तहमा ६४ प्रतिशतभन्दा वढी वालिकाहरु भर्ना भएका छन्। यो संख्या वालकहरुको (५५.७ प्रतिशत) भन्दा निकै वढी छ। तर, निम्नमाध्यमिक, माध्यमिक तथा उच्च तहमा भने छात्रहरुको तुलनामा छात्राहरुको भर्ना दर निकै कम छ। समग्रमा, निम्नमाध्यमिक, माध्यमिक र उच्च शिक्षामा संलग्न हिस्सा महिला र पुरुष दुवैको न्युन रहेको पाइयो। यो तथ्यले साक्षरता र शिक्षामा उल्लेख्य मात्रामा रहेको लैंगिक विभिन्नता र विद्यालय भर्ना गर्ने सवालमा छोरा र छोरीवीच विद्यमान विभेद औंल्याउँछ।

महिलाहरुले दुई खालको जिम्मेवारी वहन गर्नुपर्ने अवस्था रहेको पाइयो। महिलाहरुले एकातर्फ घरायसी कामहरु गर्नुपर्ने अवस्था छ भने अर्कातर्फ खेतिपातीमासमेत संलग्न हुनुपर्ने अतिरिक्त जिम्मेवारी पनि छ। यसले महिलाहरुसँग कामका लागि घर वा खेतवारीभन्दा वाहिर जाने समय नभएको देखाउँछ।

यसबाट उनीहरु शिक्षा हासिल गर्न तथा स्वास्थ्य र सरसफाई सम्बन्धी सचेतनता, मानवअधिकार, महिला अधिकार जस्ता विषयमा ज्ञान आर्जन गर्नबाट समेत वञ्चित हुन पुग्दछन्।

सर्भेक्षणमा सामेल उत्तरदाताहरुमध्ये ६८ प्रतिशतसँग थोरबहुत आफ्नो जग्गा भएको पाइयो भने २३.८ प्रतिशतसँग ऐलानी (दर्ता नगरिएको) जग्गा छ। ७.९ प्रतिशतसँग आफ्नो घरसमेत छैन। अधिकांश उत्तरदाताहरुको आफ्नै जग्गामा घर भएको पाइयो। खेती गर्ने आफ्नो जग्गा भएकाहरुमध्ये २५.३ प्रतिशतले अर्कैको जग्गामा (अँधिया, कुत) काम पनि गर्दछन्।

आफ्नै जग्गाको उत्पादनबाट वर्षभरि खान पुग्ने उत्तरदाताको संख्या केवल १.३ प्रतिशत छ। वहुमत उत्तरदाताहरुका लागि कृषि मुख्य र गौण दुवै खालको पेशा हो।

कूल जनसंख्यामध्ये अधिकांश ज्याला मजदुर भएको पाइयो, जसको संख्या २८.३ प्रतिशत छ। त्यसैगरी २०.७ प्रतिशत अध्ययन कार्यमा संलग्न र १.८ प्रतिशत जागिर गर्नेहरु भएको पाइयो।

ज्याला मजदुरीको कुरा गर्दा, २५ प्रतिशत उत्तरदाताले प्रतिदिन ६० देखि १ सय रुपैयाँसम्म आम्दानी गर्ने बताए भने २२ प्रतिशतले ३१ देखि ५९ रुपैयाँसम्म ज्याला पाउने गरेको उल्लेख गरे। त्यसैगरी १६ प्रतिशत उत्तरदाताले दैनिक ६० रुपैयाँ आम्दानी गरेको जनाए। श्री ५ को सरकारले ०५६ सालमा कृषि मजदुरहरुको न्यूनतम ज्याला दैनिक ६० रुपैयाँ तोकेको स्मरण गर्नु सान्दर्भिक हुन्छ।

कूल उत्तरदाताहरुमध्ये २८ प्रतिशतले ज्यालाबाहेक अन्य कुनै सुविधा नपाउने बताए। ९ प्रतिशतले ज्यालासँगै खाद्यान्न पनि पाउँछन् भने २९ प्रतिशतले ज्याला र खाजा पाउँछन्। ११ प्रतिशतले भने ज्यालाका अतिरिक्त खाद्यान्न र खाजा दुवै प्राप्त गर्दछन्।

उत्तरदाताहरुमध्ये ८ प्रतिशतले मात्र सीपमूलक तालीम हासिल गरेका छन्। सरकारले कृषि मजदुरहरुका लागि निर्धारण गरिदिएको न्यूनतम ज्यालाबारे १० प्रतिशत संख्या मात्र जानकार छ।

सार्वजनिक स्थलमा हुने विभेदको कुरा गर्ने हो भने, कूल उत्तरदाताहरुमध्ये ५१.३ प्रतिशतले यसप्रकारको विभेद भोगीसकेका छन्। दलितहरुमाथिको सामाजिक विभेद व्याप्त छ।

अध्ययन गरिएका ठाउँमा सरसफाईसम्वन्धी अभ्यास निकै कम रहेको पाइयो। ७९ प्रतिशत भन्दा वढी उत्तरदाताले शौचालय प्रयोग गर्दैनन्। यो सवाल स्वास्थ्यका दृष्टिकोणले अत्यन्त गम्भीर हो। यसले उत्तरदाताहरु सरसफाईको महत्वबारे सचेत नभएको तथ्य प्रमाणित गर्दछ। प्राय: परिवारलाई खानेपानीको समस्या नरहेको पाइयो। तथापि, अत्यधिकले खानेपानीका लागि पोखरी, इनार वा ट्युववेलको पानी प्रयोग गरिरहेका छन् भने ६ प्रतिशतले मात्र धाराको पानी पिउने गर्दछन्।

कूल उत्तरदाताहरुमध्ये करिव ४१ प्रतिशतले मात्र आफ्ना वालवच्चालाई खोप दिइएको जनाए। यसबाट बालबालिकाको लागि खोपको महत्वबारे सचेतनता नरहेको स्पष्ट हुन्छ।

४१.३ प्रतिशत उत्तरदाताहरुसँग मात्र नागरिकताको प्रमाणपत्र भएको पाइयो। उत्तरदाताहरुको बाँकी अंश नागरिकताको अधिकारबाट वञ्चित वा उदासीन रहेको छ।

९० प्रतिशतभन्दा वढी उत्तरदाता मतदाता नामावलीमा समावेश गरिएका छन्।

कूल उत्तरदाताहरुमध्ये ८३ प्रतिशतलाई अभैसम्म कुनै पनि प्रकारको मानवअधिकारवारे ज्ञान छैन। विभिन्न संघ-संस्थाहरुद्वारा सञ्चालित मानवअधिकार अभियानहरुका वावजुद अध्ययनका लक्षित समूहहरु अझै पनि मानवअधिकारबारे अनभिज्ञ नै छन्।

सर्भेक्षण गरिएको समग्र क्षेत्रमा महिलाभन्दा पुरुष संख्या वढी भएको पाइयो। प्रति १ सय महिलाको अनुपातमा १ सय ५ पुरुष संख्या छ।

बाँच्नका लागि वैकल्पिक श्रोतका रुपमा कृषि र गैरकृषि ज्याला मजदुरी रहेको पाइयो। न्यूनतम ज्याला सरकारद्वारा निर्धारित दरसँग मिल्दोजुल्दो छ। तर, काम गर्ने अवधि भने ८ घण्टाभन्दा बढी पाइएको छ।

बहुसंख्यक उत्तरदाताले विभिन्न मुद्दा-मामिला स्थानीयस्तरमा नै मिलाउने गरेको पाइयो।

सर्भेक्षणबाट प्राप्त तथ्यका आधारमा यो निष्कर्ष निकाल्न सकिन्छ कि विशेष गरी सामाजिक, आर्थिक, साँस्कृतिक र राजनीतिक रुपमा वञ्चित जनताका लागि मानवअधिकार शिक्षा अपरिहार्य छ। मानवअधिकारप्रति जनताको सचेतनता उनीहरु स्वयंको मात्र नभएर राज्यको समेत सरोकारको विषय हो भन्ने तथ्य मनन गर्दै मानवअधिकार शिक्षा कार्यक्रमका लागि तयार गरिएका सुझावहरुलाई दुई स्तरमा प्रस्तुत गरिएको छ।

१. राष्ट्रिय स्तरमा

सरकार जनताका आधारभूत मानवअधिकारहरुको संरक्षण गर्न प्रमुखरुपले जिम्मेवार सर्वोच्च संस्था हो। सरकारको काँधमा मानवअधिकारसम्मत र विभेदविरोधी अन्तर्राष्ट्रिय कानून र महासन्धिहरुद्वारा सुझाइएका नीति र कार्यक्रमहरु मात्र नभई राष्ट्रिय कानून तथा नीति-नियमहरुको सही ढंगले कार्यान्वयन गर्ने जिम्मेवारी रहेको हुन्छ। तथापि, सरकार जनताका आधारभूत मानवअधिकारहरुको संरक्षण गर्न र मानवअधिकारका सवालहरुलाई कार्यान्वयन गर्न असफल भइसकेको तथ्य यो सर्भेक्षण एवम् इन्सेकद्वारा सन् १९९२ देखि हरेक वर्ष प्रकाशन गरिँदै आएको मानवअधिकार वर्ष पुस्तकका श्रृंखलाहरुले प्रस्तुत गर्दछन्।

यस्तो स्थितिमा इन्सेक तथा मानवअधिकारका क्षेत्रमा कार्यरत अन्य संस्थाहरुमा जनकल्याणका लागि पूरा गरिनुपर्ने अहम् दायित्व रहेको छ। इन्सेकको जिम्मेवारी भनेको जनताका मानवअधिकारको संरक्षण, विभेद र मानवअधिकारसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरु तथा अभिसन्धिहरुको कार्यान्वयनका लागि सरकारी निकायहरुलाई उच्चढंगले प्रभावित गर्नु हो। त्यसका लागि संस्थागत तथा व्यक्तिगत दुवै स्तरबाट दवाब सृजना गर्नु हो। सामाजिक विभेदको अन्त्यका लागि समाजमा रहेको छुवाछूत र उचनिचयुक्त प्रणालीमा ध्यान केन्द्रित गर्नु पर्दछ।

विद्यालयमा प्रदान गरिने शिक्षा मानव विकासको आधारशिला हो। तसर्थ, विद्यालयको सवै स्तरका पाठ्यक्रममा मानवअधिकार सम्बन्धी कम्तिमा पनि एउटा अध्याय समावेश गर्ने सवालमा इन्सेकले सरकारलाई प्रभावित गर्नु पर्दछ।

यसका अतिरिक्त माध्यमिक तहका नेपाली र सामाजिक शिक्षाको पाठ्यक्रममा जातीय व्यवस्थामा तल्लो तहका भनिएका जातिहरुका निम्ति विभेद र अपमानजन्य अध्यायहरु राखिएको तथ्यप्रति ध्यान दिँदै त्यस्ता अध्यायलाई कुनै पनि विद्यालयको पाठ्यक्रममा समावेश गर्नबाट बन्देज लगाउन इन्सेकले प्रभावकारी भूमिका निर्वाह गर्नु पर्दछ। मानवअधिकारका मुद्दाहरुका निम्ति इन्सेकको यस्तो योगदान एकदमै महत्वपूर्ण हुन्छ।

यसबाहेक, आम संचार माध्यम, प्रकाशन, सेमिनार, कार्यशाला, पोस्टरिङ, पम्प्लेलिङ आदिका माध्यमबाट इन्सेकले त्यस्ता अलाभान्वित समुदायको सचेतनतासम्बन्धी कार्यक्रमलाई सवल बनाउनु पर्दछ। राजनीतिकर्मी, कर्मचारी, प्राज्ञिक जगत् र नागरिक समाज यस्ता कार्यक्रमको लक्षित समुदाय हुनु पर्दछ।

२. कार्यक्रमका स्तरमा

इन्सेकले २० वटा जिल्लामा छनौट गरिएका अलाभान्वित समुदायमाझ मानवअधिकार शिक्षा कार्यक्रम संचालन गर्ने योजना बनाइरहेको छ। तथापि, सर्भेक्षणबाट प्राप्त निष्कर्षले यो कार्यक्रमको निकै ठूलो क्षेत्रमा आवश्यकता रहेको स्पष्ट देखाएको छ। यदि इन्सेकको संस्थागत क्षमतामा मानव तथा आर्थिक संशाधन दुवैका हिसावले अप्ठ्यारो नहुँदो हो त यो कार्यक्रमले निर्विवाद रुपमा यथाशक्य छिटो सिंगो मुलुकलाई समेट्नु पर्दछ। सर्भेक्षणको निष्कर्षलाई समेट्ने मानवअधिकार शिक्षा कार्यक्रमका विभिन्न पक्षहरु निम्नानुसार छन्:

- मानवअधिकार विरोधीका रुपमा जातीय उँचनिच र छुवाछूतमा आधारित सामाजिक विभेद
- आर्थिक हस्तक्षेपसम्वन्धी कार्यक्रम
- अल्पसंख्यक, धार्मिक, सामाजिक तथा साँस्कृतिक अधिकार
- आय आर्जनका गतिविधिहरु: समुदायले चाहेअनुरुप सीपमूलक तालीम
- पारिवारिक स्वास्थ्य र व्यक्तिगत सरसफाई
- विद्यालय तथा शिक्षाप्रति प्रेरणा
- सहभागिताका लागि प्रेरणा आदि।

घटनाक्रम

कृष्णमोहनको हत्या : माओवादीले अझै जिम्मेवारी लिएनन्

सशस्त्र प्रहरी महानिरीक्षक कृष्णमोहन श्रेष्ठ, उहाँकी पत्नी नुडुप श्रेष्ठ र अंगरक्षक प्रहरी नायव निरीक्षक सूर्य रेग्मीको हत्या भएको एक महिनाभन्दा बढी भइसकेको छ। प्रात:कालीन यात्राका क्रममा ०५९ माघ १२ गते ललितपुरको बागडोल, चक्रपथमा अज्ञात व्यक्तिहरुको समूहद्वारा उहाँहरुमाथि गोली प्रहार भएको थियो। प्रहरीद्वारा गठित छानबिन समितिले माओवादीहरुले नै उपत्यकामा रहेका विशिष्ट व्यक्तिहरुको हत्याको योजनाअन्तर्गत सो हत्या गरिएको तथ्य पत्ता लगाएको कुरा सार्वजनिक भएको छ। माओवादी नेता डा. बाबुराम भट्टराईले कृष्णमोहनको हत्यालाई "जनयुद्धको बल" भनेर घुमाउरोपारामा स्वीकार गरेका छन्। प्रहरी नायव महानिरीक्षक केशव बरालको संयोजकत्वमा गठित छानबिन समितिले माओवादी उपत्यका क्षेत्रीय ब्युरोको प्रस्ताव तथा केन्द्रीय सैन्य ब्युरोको निर्णयबमोजिम हत्या गरिएको तथ्य पत्ता लगाएको सार्वजनिक भएको छ।

तर पनि माओवादीहरुले खुल्लारुपमा स्पष्ट जिम्मेवारी लिएका छैनन्। युद्धविरामको पूर्वसन्ध्यामा सरकारलाई "दबाब" दिन, माओवादी र सरकारबीच युद्धविरामसम्बन्धी समझदारी केही समयअघि नै भइसकेको तर माओवादीहरुले तल्लो तहमा सोको सूचना नपुऱ्याएको कारणबाट सो हत्या गरिएको हुनसक्ने अड्कलबाजी पनि विभिन्न क्षेत्रबाट लगाइएको छ।

हत्यामा संलग्न भनिएका भक्तपुर नपा-९ का कृष्णहरि सैंजु र अन्य तीनजनालाई प्रहरीले आफ्नो नियन्त्रणमा लिएको छ। घटनाका क्रममा आफ्नै गोजीमा रहेको पेस्तोल निकाल्दा पड्किएर सैंजु घाइते भएका थिए। कृष्णमोहनको हत्याका लागि माओवादी उपत्यका विशेष क्षेत्रीय ब्युरोले स्पेसल टास्क फोर्सका सदस्यहरु सम्मिलित छ सदस्यीय "मिसन सक्सेस" नामक स्पेसल फोर्स गठन गरेको कुरा सैंजुले प्रहरीसमक्ष बयान गरेको सार्वजनिक भएको छ।

कृष्णमोहनको हत्यालाई "साधारण" हत्या मान्न सकिँदैन। सशस्त्र प्रहरी बलको प्रमुखजस्तो उच्चपदस्थ व्यक्तिमाथि भएको सो घटनालाई अन्य "आक्रमण" जस्तो "घटना भयो, सकियो"

जेनेभा महासन्धिको साझा धारा ३

उच्च संविदाकारी पक्षको भूमिमा हुने गैरअन्तर्राष्ट्रिय चरित्रको सशस्त्र संघर्षका हकमा संघर्षका हरेक पक्ष न्यूनतम रूपमा निम्नलिखित प्रावधानहरू लागू गर्न बाध्य हुनेछ :

१) हतियार छाडिसकेका तथा विरामी, घाइते, थुनाई वा अन्य कारणले लड्न नसक्ने अवस्थामा पुगेका सैन्य दलका सदस्यहरू लगायत् लडाईमा सक्रिय रूपमा भाग नलिने व्यक्तिहरूलाई कुनै पनि अवस्थामा जाति, वर्ण, धर्म वा आस्था, लिंग, जन्म वा सम्पत्ति वा त्यस्तै अन्य आधारमा कुनै प्रतिकूल भेदभाव हुने गरी अमानवीय व्यवहार गरिने छैन।

यसका लागि निम्न लिखित कार्यहरू हरेक समयमा र हरेक स्थानमा माथि उल्लिखित व्यक्तिहरूका हकमा निषेधित छन् तथा निषेधित रहनेछन् :

(क) जीवन तथा शरीर बिरूद्ध हिंसा, खासगरी, सबै प्रकारका हत्या, अंगभंग, क्रूर व्यवहार र यातना,

(ख) बन्धक बनाउने,

(ग) व्यक्तिको सम्मान माथि गम्भीर चोट पुऱ्याउने खालका कार्यहरू जस्तै: अपमान एवम् निम्न स्तरको व्यवहार,

(घ) सभ्य समाजले अपरिहार्य भनी मान्यता दिएका सबै न्यायिक प्रत्याभूतिहरू प्रदान गर्ने नियमित अदालतले अघि नै फैसला गरी सकेको अवस्थामा बाहेक सजाय सुनाउने र त्यसको कार्यान्वयन गर्ने।

हत्याकाण्डको छानबिन समिति

१. प्रहरी नायव महानिरीक्षक केशव वराल, संयोजक
२. प्रहरी उपरीक्षक विनोद सिंह
३. प्रहरी नायव उपरीक्षक गणेश राई
४. सशस्त्र प्रहरीका एक जना अधिकृत
५. शाही नेपाली सेनाका एक जना अधिकृत

का रुपमा लिनु हुँदैन। यो हत्याले हाम्रो देशको सुरक्षा व्यवस्थामाथि गम्भीर प्रश्नचिन्ह खडा गरिदिएको छ।

माओवादीहरुबाट कृष्णमोहनको हत्याको स्वीकारोक्ती स्पष्टरुपमा यथाशक्य छिटो जनसमक्ष आउनुपर्छ। सशस्त्र संघर्षमा संलग्न नभएको अवस्थामा कुनै पनि व्यक्तिमाथि यसरी जघन्य हत्या गरिनु अन्तर्राष्ट्रिय मानवीय कानून (जेनेभा महासन्धि) को उल्लंघन हो। आफूहरुले जेनेभा महासन्धिको पालना गरेको बताउने माओवादीहरुले जवाफ दिनुपर्छ- के कृष्णमोहन प्रात:कालीन यात्राका क्रममा माओवादीहरुलाई आक्रमण गर्न गएका थिए ? वा सशस्त्र संघर्ष भइरहेको स्थलमा थिए ? के बालबालिकालाई शिक्षित बनाउने कार्यमा संलग्न नुडुप श्रेष्ठ माओवादीहरुका विरुद्ध हतियार उठाएर मैदानमा ओर्लिएकी थिइन् ? आफ्नो संगठन प्रमुखको रक्षाका लागि खटिनु सूर्य रेग्मीको दोष थियो ? मृतकका परिवार, नातेदार र जनताले यस्ता प्रश्नहरुको अपेक्षा गरिरहेका छन्।

हुन त कृष्णमोहन जस्ता उच्चपदस्थ व्यक्ति त्यसरी हिँडडुल गर्नु उनको लापरवाही हो भन्ने टिप्पणी नसुनिएको होइन। तर, आफू नै सुरक्षित कोठाभित्र बसेर आम जनतालाई कसरी सुरक्षाको अनुभूति दिन सकिन्छ ? भन्ने ठानेर उनी हिँडडुल गर्दथे। कृष्णमोहनको हत्या केवल बाटोमा हिँड्ने व्यक्तिको दुर्घटनामा मृत्यु भएको घटना होइन। राज्यको दायित्वभित्र पर्ने सवाल हो। यसबाट शिक्षा लिनु अत्यन्त आवश्यक छ। राज्यबाट हुने औपचारिकतामा मात्र होइन, कृष्णमोहनको हत्याले दिएको पाठलाई आफूलाई सच्याउनका लागि ग्रहण गर्नुपर्दछ।

युद्धविरामको वर्तमान परिस्थितिमा विगतका गल्ती र कमीकमजोरीहरुलाई विर्सिएमा त्यसले सुपरिणाम ल्याउनेछ भन्ने ग्यारेण्टी गर्न सकिँदैन। कृष्णमोहन, नुडुप र सूर्यको हत्याले दु:खी बनेका नेपालीहरु दिगो शान्तिप्रति लालायित छन्। कृष्णमोहन, नुडुप र सूर्यप्रतिको सच्चा श्रद्धाञ्जलीका रुपमा दिगो शान्ति स्थापित होस् भन्ने सबैको चाहना छ। हत्याहिंसाको श्रृंखलामा गहिरो पीडा संगालेका देशका टुहुराटुहुरी, जसले आफ्ना सबैभन्दा प्रिय व्यक्तिहरु गुमाउँदा पनि धैर्यता कायम गरेका छन्, आफ्ना बाबुआमा गुमाउँदाको पीडामा समेत देशको शान्ति सुव्यवस्थाका पक्षमा अभिव्यक्ती दिएका छन्। उनीहरुको चाहनालाई सबैले कदर गर्नैपर्छ। र, सुन्नुपर्छ- हजारौं बालबालिकाको स्वर कृष्णमोहन र नुडुपका छोरीहरु नमिता, कृपा र कृतिमार्फत्- "अब कुनै परिवारका केटाकेटी हामी जसरी टुहुरो बन्नु नपरोस्। हाम्रा आमाबाबुको हत्या अन्तिम बनोस्।"

मानवअधिकार संस्थाहरु शोक विव्हल

०५९ माघ १२ गते बिहानीपख सशस्त्र प्रहरीबलका महानिरीक्षक कृष्णमोहन श्रेष्ठ, उहाँकी पत्नी नुडुप श्रेष्ठ र उहाँका अंगरक्षक प्रहरी नायव निरीक्षक सूर्य रेग्मीको गोली हानी हत्या गरिएको घटनाले हामी शोक विव्हल भएका छौं।

प्रभात-यात्राको सिलसिलामा रहेका व्यक्तिहरुउपर यसरी सुनियोजित तवरले प्राणघातक हमला गर्ने कामलाई कायरतापूर्वक गरिएको आपराधिक क्रियाकलापभन्दा अरु कुनै नाम दिन सकिन्न।

यस दु:खद घडीमा हामी मृतकहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजन तथा सशस्त्र प्रहरी संगठनप्रति सहानुभूतिका साथ समवेदना प्रकट गर्दछौं।

शान्तिको कुनै विकल्प छैन र जनतालाई केन्द्रमा राखेर जिम्मेवारीबोध गर्न नचाहनेहरुको कुनै भविष्य हुँदैन भन्ने कुरा हामी यहाँ पुन: दोहोऱ्याउन चाहन्छौं।

सम्पूर्ण राजनीतिक शक्ति तथा नागरिक समाजको क्रियाशिलतामा दीर्घकालीन शान्तिका आधार सृजना गरी प्रत्येक नागरिकको शान्तिपूर्वक बाँच्न पाउने अधिकारको रक्षा गर्न राज्यले थप पहल गरोस् भनी जोडदार माग गर्दछौं। साथै, घटनाका सम्बन्धमा तत्काल छानबिन गरी सत्यतथ्य जनसमक्ष ल्याउन र दोषीउपर कानूनवमोजिम कारवाही गर्ने कुरामा अविलम्ब कदम चाल्न श्री ५ को सरकारसँग आग्रह गर्दछौं।

(०५९ माघ १२ गते इन्सेकका महासचिव सुबोधराज प्याकुरेल, इन्हुरेड/हिमराइट्सका डा. गोपालकृष्ण शिवाकोटी, एवीसी नेपालका दिनेश सत्याल, जागरण नेपालकी लीला शर्मा, ल्याककी पुष्पशीला घिमिरे, जनउत्थान प्रतिष्ठानका यामबहादुर किसान, ओरेककी सुधा उप्रेती, एलायन्स नेपालका रघुनाथ अधिकारी, आरआरएनका सर्वराज खड्का, सेहुर्डेसका शोभाकर बुढाथोकी, संवैधानिक कानून व्यवसायी मञ्चका भीमार्जुन आचार्य, सिविनका तारक धिताल, सिभिक्टका जयप्रसाद पौडेल र एफडब्लूएलडीका रत्न श्रेष्ठद्वारा संयुक्तरुपमा जारी प्रेस विज्ञप्ति)

बने- सरकारी मानवअधिकार इकाइ

काठमाण्डौ/ मानवअधिकार कार्य व्यवस्थित गर्नका लागि सरकारले ०५९ पुस २४ गते गृह मन्त्रालयका सहसचिव सुशीलजंग राणाको संयोजकत्वमा चार सदस्यीय मानवअधिकार इकाइ गठन गऱ्यो। इकाइको सदस्यमा गुप्तचर विभाग, सशस्त्र प्रहरी र जनपद प्रहरीका एक-एक डीआइजी सदस्य छन्।

त्यसको लगत्तै माघ १ गते सशस्त्र प्रहरी बलको छुट्टै मानवअधिकार इकाइ गठन भयो। कामका सिलसिलामा मानवअधिकार हनन हुन नदिन तथा सतर्कता अपनाउन सो इकाइ गठन गरिएको हो। डीआइजी ज्ञानेन्द्रराज राईको संयोजकत्वमा गठित सो इकाइका सदस्यहरुमा एसएसपी धनबहादुर थापा र डीएसपी सुबोध अधिकारी छन्।

त्यसैगरी जनपद प्रहरीतर्फ पनि डीआइजी अमरसिंह शाहको संयोजकत्वमा ७ सदस्यीय मानवअधिकार इकाइ गठन भयो। माघ २ गते गठित सो इकाइका सदस्यहरुमा एसएसपीहरु कल्याण तिमिल्सिना, कृष्णबहादुर थापा, रवि श्रेष्ठ, मानबहादुर रावल, डीएसपीहरु नवराज सिलवाल र पुष्कर कार्की छन्। विभिन्न श्रोतबाट मानवअधिकारका विषयमा प्राप्त हुने उजुरीको अनुसन्धान तथा आवश्यक कारवाही गर्न र मानवअधिकार सम्बन्धी कार्य सम्पादन गर्न सो इकाइ गठन गरिएको प्रहरीले जनायो।

शाही नेपाली सेनातर्फ एक वर्षअघि नै सहायक रथी बीएकुमार शर्माको संयोजकत्वमा मानवअधिकारसम्बन्धी विषयहरु हेर्ने यस्तै इकाइ गठन भइसकेको थियो।

□

विस्थापनको पीडा

रुकुम/ माओवादी जनयुद्धका कारण विस्थापितहरुको संख्यामा शिक्षकहरु पनि निकै छन्। आफ्नो असुरक्षाका कारण शिक्षकहरु विस्थापित भएपछि जिल्लाका विकट गाविसमा रहेका विद्यालयका छात्रछात्राहरुको पढाई-लेखाईमा ठूलो अवरोध खडा भएको छ।

एउटै विद्यालयमा १५-१६ जनालाई काजमा राखिएको छ भने कतै २-३ जना शिक्षकहरुले मात्र जेनतेन विद्यालय चलाउनु परेको छ। विस्थापित शिक्षकहरु आफूहरुलाई सुरक्षाको ग्यारेन्टी भए आफ्नै विद्यालय फर्कने बताउँछन्। सदरमुकामदेखि टाढाका विद्यालयहरुमा शिक्षकहरुको अभाव र पढाई अवरुद्ध भएपछि सदरमुकाममै पढ्न आउने विद्यार्थीहरुको संख्यामा पनि कमी छैन। कोशौं टाढाका विद्यार्थीहरु आफ्नो पढाईको निरन्तरताका लागि सदरमुकाम पुग्नुपर्ने बाध्यता छ।

हाल जिल्लामा १ सय ६ परिवारका ५ सय २९ व्यक्ति विस्थापित छन्। विस्थापितहरु सदरमुकामदेखि दाङ, नेपालगञ्ज, भारत र विभिन्न अरब मुलुकसम्म पुग्न बाध्य छन्। विस्थापित भएर सदरमुकाममा बस्ने अधिकांश व्यक्तिलाई हातमुख जोर्ने ठूलो समस्या छ। घरजग्गा र सम्पत्तिलगायत् प्रशस्त अनाज घरमा हुँदाहुँदै सदरमुकाममा भोकै बस्नुपर्दा अत्यन्तै नरमाइलो महसुस गर्छन्। जिल्लाको अति पूर्व वाग्लुङको सीमानामा पर्ने हुकाम गाविसबाट दशैंको मुखमा गत असोज २ गते २३ जना महिला, पुरुष र बालबालिका सुराकीको आरोपमा लखेटिएका थिए।

"दशैंको दिन विहान हामी स्यालापाखाको एउटा गाउँको बाटो भएर सदरमुकाम जाँदै थियौं। एकजना माओवादीले हामीलाई रोकेर कहाँबाट आएको ? कहाँ जाने ? किन जाने ? भनेर प्रश्न गर्न थाल्यो। मैले हामी विशेष जिल्लाबाट आएका हौं, आफन्त भेट्न दाङ जाँदैछौं भनेर जवाफ दिएपछि उसले छाडिदियो", असोज २७ गते हुकामबाट लखेटिएका २२ वर्षीय ज्ञानबहादुर सेन बताउँछन्। सोही घटनामा लखेटिएकी कमारी घर्तीको दुःखेसो पनि कम विरहपूर्ण छैन, "सदरमुकाम आएर पनि सुरक्षा निकायभन्दा टाढा रहेकोले सुरक्षाको महसुस भएको छैन। राति माओवादी आउँछन् कि भनेर निद्रा लाग्दैन।" उनले यो भनिरहँदा अर्की एक अधवैंसे महिलाले खाम मगर भाषामा भनिन्- "आउ कुचई की ? चाउ सर्ज्या सै माच्चाउ सर्ज्या बरी तापान नाना।" (यो को हो ? राम्रो लेख्छ कि नराम्रो ? धेरै नबोल दिदी) उनले मलाई शंकास्पद व्यक्ति मानेर मलाई खाम मगर भाषा नबुझ्ने भन्ठानी त्यसरी कुरा गरेकी थिइन्। त्यसपछि मैले उनकै भाषामा भनें- "माच्चाउ डणमा सरी नाना चाउज सरी डाएना, गे विचार जे याँलाई दुःख यान्या माङके।" (नराम्रो लेख्दैन दिदी, राम्रै लेखिदिन्छु। तपाईंहरुलाई दुःख दिने हाम्रो विचार हैन)।

उनीहरुकै भाषामा मैले जवाफ दिएपछि सबै हाँसे र मलाई खाम भाषामा नै नाम, ठेगाना सोधे। एकै क्षणको हाँसोलाई अँध्यारोमा डुबाउँदै सुर्जमाया घर्तीले भनिन्- "तीन-चार सय डोका मकै, १०-१२ मुरी गहुँसहित सम्पूर्ण सम्पत्ती छोडेर लखेटे। उनीहरुले अन्न माग्दा हामी नै दिन्थ्यौं, किन्दाखेरी पनि हामी नै खोजिदिन्थ्यौं। तर, हामी नै गाउँबाट लखेटियौं।"

०५२ सालमा माओवादीहरुले "जनयुद्ध" संचालन गरेयता कैयौं मान्छेहरु सदरमुकाममा हातमुख जोर्ने समस्याले ग्रस्त छन्। विस्थापितहरुमध्ये कतिपय ढुंगा फोड्ने, बाटो खन्ने र घर बनाउनेलगायत्का काम गरेर बस्ने-खाने व्यक्तिहरु छन् भने कतिपय राजनीतिक पार्टीका स्थानीय नेता कार्यकर्ताहरु छन्। उनीहरु काम गर्न हिनताबोध मान्दछन्। दिनभरि कुरा गऱ्यो, साँझ परेपछि पारिवारिक समस्याले घेर्ने गर्छ। कतिपय परिवारका सदस्यहरुको हत्या, अंगभंग र कुटपिटका कारण र केही माओवादी धम्कीका कारण विस्थापित छन्। "मेरो ३ लाखजतिको सम्पत्ति लुटिदिए। १६ वटा गाइ पनि लगे। त्यत्तिले मात्र नपुगेर गएको असोज ६ गते मेरो छोरालाई पनि माओवादीहरुले मारिदिए। अहिले ३ महिनाको टुहुरो नाति छ। कसले हेरिदिने उसलाई ?" गत वर्ष माओवादी धम्कीका कारण विस्थापित ६१ वर्षीय बलराम बुढा आँशु झार्दै भन्छन्- "माओवादीको डर र धम्कीले सबै परिवारलाई लिएर सदरमुकाम आएँ। यहींबाट सरकारले लखेटेर गाउँ पुगेको मेरो छोरालाई माओवादीहरुले खाइदिए। सरकारले केही गर्छ कि भन्ने आशा थियो, त्यो पनि माटोमा मिल्यो।"

०५२ सालमा हात काटिएर अपांग जीवन बिताउँदै आएका पिपल गाविसका शिक्षक नरजीत बस्नेत अहिले सम्पूर्ण परिवारसहित सदरमुकाममै बस्न बाध्य छन्। "०५२ फागुनमा माओवादीहरुले मेरो एउटा हात काटिदिए। त्यसपछि म घर गएको थिएन। गत भदौमा मेरो परिवारलाई १ महिनाभित्र घर नछोडेमा माओवादीहरुले ज्यानमार्ने धम्की दिएपछि उनीहरु पनि सदरमुकाममै आएका छन्। परिवार ठूलो छ, कसरी पाल्ने ? आयश्रोत केही छैन। समस्या हेरिदिने पनि कोही भएन "- पीडित भन्छन्।

माओवादी "जनयुद्ध" शुरु नहुँदै एउटा खुट्टा काटिएका तत्कालिन जिविस सदस्य नैनसिङ दमाईको पीडा पनि कम छैन। तर, उनी त्यो दुःखलाई छोराहरुको आयश्रोतले विर्साउने बताउँछन्। उनी भन्छन्- "म त एउटा राजनीतिक नेता हुँ। मैले आफ्ना समस्या देखाएर रुने कराउने गर्ने हो भने जनताहरुले के भन्लान् ?" यस्ता समस्या मनमा साँचेर धेरै मानिसहरु सदरमुकामलगायत् अन्य ठाउँमा विस्थापित छन्। सरकार र सम्बन्धित निकायहरुले यो समस्यामा चाँडै ध्यान नदिने हो भने यसले फेरि अर्को नयाँ हिंसाको जन्म नदेला भन्न सकिँदैन।

- जीवन खड्का

सुधारको प्रतिक्षामा कपिलवस्तु जेल

कपिलवस्तु/ वि.सं. १९९५ मा राणा शासकहरुद्वारा व्यवस्थाविरोधीहरुलाई "कडा सजाय" दिनका लागि निर्माण गरिएको कपिलवस्तु जेलमा हालसम्म कुनै सुधार गरिएको छैन। सय जना बन्दी क्षमता भएको "ङ" श्रेणीको यो जेलको गारो भत्किएको छ, वर्षामा पानी चुहिने गर्दछ र छत चर्किएको छ। कुनबेला दुर्घटना हुने हो भन्ने पिरलोले सताएको बन्दीहरु बताउँछन्। जेलमा पुरुषका लागि ६ वटा र महिलाका लागि एउटा कोठा छ। चर्पी खुल्ला अवस्थामा रहेका कारण दुर्गन्ध फैलने बन्दीहरु बताउँछन्। खानेपानीको भने छ। बन्दीहरुलाई इन्सेक्ले एउटा रेडियो दिएको छ। जिबिसले एउटा टिभी उपलब्ध गराएको छ। बन्दीहरुले कान्तिपुर दैनिक पढ्न पाउँछन्।

यो जेलमा हाल १ सय १४ जना बन्दी राखिएको छ, जसमध्ये १ सय १ जना पुरुष र १३ जना महिला छन्। बन्दीहरुमध्ये कैद तोकिएका ४१ र नतोकिएका ७३ जना छन्। १ जना आश्रित नाबालक पनि रहेको छ। खुन डाँका, कर्तव्य ज्यान, लागु औषध, जीउ मास्ने बेच्ने जस्ता मुद्दामा धेरै बन्दी रहेको जेल प्रमुख सूर्य यादव बताउँछन्।

"हिजो राणा शासनको विरोध गर्नेहरु यही जेलमा बसेका थिए। त्यसपछि पञ्चायती व्यवस्थाका विरोधीहरुलाई पनि यो जेलमा राखियो। यहाँ बसेका कतिपय राजनीतिक नेताहरु सत्ता संचालनका पदमा समेत पुगे। तर, उनीहरु पदमा पुगेपछि जेलको अवस्था

कपिलवस्तु जेलको अग्र भाग

बिर्सिए", बन्दीहरु जेल सुधारतर्फ बेवास्ता गरिएको बताउँदै एक स्वरमा भन्दछन्।

बन्दीहरुलाई प्रतिदिन ७ सय ग्राम चामल र १५ रुपैयाँ उपलब्ध गराइन्छ। महंगी बढिरहने तर यो सुविधा वर्षौंसम्म यथावत् रहने गरेका कारण अपुग हुने बन्दीहरुको गुनासो छ। १५ रुपैयाँले दाल, तेल, नुन, मसला, साबुन, आवश्यक कपडा, पत्रपत्रिका, औषधी आदि किन्न पुग्छ ? उनीहरु प्रश्न गर्छन्। यसतर्फ कसले ध्यान दिने ? बन्दीहरुको आक्रोशमिश्रित गुनासो छ।

- नन्दराम पौंडेल

कथा

बारूदजी

- बालकृष्ण कट्टेल

उहाँ अर्थात् मेरा छिमेकी वारुदजी। सभ्य, सुशील, करुणाका खानी सफेद बारुदजी। घोप्टिएका जूँगा, ठूलो निधार, फराकिलो काँध, लेब्रिएको ओंठ, भुक्क फुलेका गाला, पुटुक्क उठेको पेट, बारुदजी निकै हट्टाकट्टा देखिनुहुन्थ्यो- गाउँमा। सबैको हाईहाई र प्रिय, उहाँ आशाको केन्द्र नै हुनुहुन्थ्यो। गरीबसँग गरीब, धनीसँग धनी, व्यापारीसँग व्यापारी, वकिलसँग वकिल नै हुनसक्ने खुबी भएका वारुदजी, बहुरुप सम्पन्न असल अभिनयकर्ता पनि हुनुहुन्थ्यो- उ"बेला।

निखुँदो हिउँद, त्यस्तै फागुनको महिनातिर हुनुपर्छ, बारुदजी एकाएक घरबाट हराउनु भएको हल्ला सुनियो। गाइँगाइँ-गुइँगुइँ हल्ला गाउँभरि फैलियो। मान्छेपिच्छेका कुरा, कसैले उहाँलाई भाइहरुसँग कुरा नमिलेर अलग्गिनु परेको भने। कसैले उहाँलाई घरबाट निकालेर कारवाही गरियो रे भने। कतै उहाँको पार्टी विसर्जनवादको बाटोमा लागेकाले उहाँ आफै "क्रान्तिकारी" पार्टीको निर्माणमा लाग्नका लागि घरबाट अलग्गिनु परेको कुरा सुनियो। मान्छे-मान्छेका कुरा मैले त पत्याउनै सकिनँ। त्यस्तो भद्र, सभ्य, सुशील बारुदजी कसरी सानो कुरामा झगडा गर्नु होला र ? म त असामञ्जस्यतामा नै थिएँ।

छिमेकीको धर्म हो- छिमेकको अप्ठ्याराहरु बुझ्नु। म वारुदजीको घरमा दिनमा प्रायः एकपटक पुग्न थालें। उहाँलाई कतै देखिएन- एकहप्ता, एक महिना, एक वर्ष। सफेद पोशाकमा कुच्चिएको टोपी धरेर यताउता हिँडिरहने वारुदजी कतै देखिनुभएन। उहाँलाई भेट्न म निकै उत्सुक थिएँ। तर, उहाँको आश्रयस्थल यता वा उता, घर वा वन, थाहा नै हुन सकेन।

लामो समयपछि वारुदजीलाई एउटा चोकमा भेटेको थिएँ। तर, चिन्नै गाह्रो। गाला कुच्चिएका टिनजस्ता। त्यसभरि खरुकी जस्तै उम्रिएका दाढी- सायद उहाँले वर्षौंदेखि काट्नु भएको थिएन। पेट सुकेर अंगेरीका पातजस्तै भएको रहेछ। उहाँको टाउकोमा टोपी थिएन। शरीरमा सफेद लुगा थिएनन्। त्यत्रो हट्टाकट्टा र फुर्तिला वारुदजीका भाटोजस्तै सुकेका हातखुट्टा, धूलोले वाक्लिएका लुगा, उहाँ ज्यादै मायालाग्दो देखिनुहुन्थ्यो। मैले उहाँलाई बोलाउने इशारामा हात हल्लाएँ। तर, शरम लागेर हो या खै कुन्नी ? उहाँ नदेखेको अभिनय गर्दै अघि बढ्नु भयो।

सायद सात वर्षअघिको घटना हुनुपर्छ। वारुदजी एकपटक माननीय नै हुनुहुन्थ्यो। गाउँ, शहर र सिंगो जिल्लादेखि केन्द्रसम्म नै उहाँको चर्चा थियो। रेडयोमा समाचार, टिभीमा तस्वीर वारुदजीको प्रचारप्रसार छाइरहन्थ्यो। तर, त्यो दिन न उहाँका दायाँवायाँ कोही मान्छे थिए, न त उहाँको चर्चा नै। खै, वारुदजीको हातमा झुण्डिएको प्लाष्टिकमा के थियो कुन्नी ? त्यो त खुट्याउन सकिएन तर उहाँको पछिपछि एउटा लुते कुकुर पछ्याइरहेको थियो। अनायास, कालो विरालोले उहाँको बाटो काट्यो। वारुदजी एकछिन अडिनुभयो। पिच्च थुकेर पुनः गन्तव्यतिर उहाँका पाइला अगाडि बढे।

"यी वारुदजी के गर्छन् आजभोली ?" मैले आफ्नो कौतुहल

कविता

थकित कविता

- रामप्रसाद साह

मैले सोचेको कविता परेवाको गुँडमा पाएँ
किनकी त्यहाँ शान्तिमय परिवेश थियो
बाजहरु कविताका प्रारुप होइनन्
यिनका नङ्ग्रा र चुच्चो तिखारिएका छन्
आलै रगतले रँगिएका छन्।
मेरी कविता पीडा भोग्न विवश छिन्
चित्कार सुन्न वाध्य छिन्
र, परेवाको गुँड खोज्दैछिन्।
त्यसैक्रममा पनि पटक-पटक
कवितासँग साक्षात्कार हुनेगर्छ मेरो
परिचय गाढिने गर्छ
दूरी मेटिने गर्छ
मुटुको ढुकढुकी सुनिन्छ।
वर्षमा विश्व मानवअधिकार दिवसका दिन
थकित यात्रापछि
बिसौनीमा मेरी कविताले
विश्राम पाउँछे
ताजा सास फेर्न पाउँछे
ऊ वर्षभरिको प्रतिक्षामा बस्दै
धेरै वर्षकी भैसकी
मेरी सानी कविता
सप्रेर ठूली भएकी होली
तर,
मेरी कविता बाल कुपोषणको शिकार भइछन्।
मेरी कवितालाई नापजोख गर्नेहरु
गिद्दे दृष्टिले हेर्छन्
म सुनेर झस्कन्छु
तर मेरी कविता
यस वर्षको यो अन्तिम दिनसम्म
अपरिहार्य शान्तिको सास खोज्दै
जोगिएकी छिन्- मेरी कविता
अक्षर अक्षरमा
शब्द शब्दमा
त्रासै त्रासमा
आशै आशमा
अर्को दिवसको प्रतिक्षामा।







कलैया-८, बारा

मेट्न नजिकैको पान पसलेलाई सोधें। "उ, त्यो चोकको पश्चिमपट्टि कुखुरा पसल थापेका छन्। फुर्सदको समयमा यहाँ आउँछन्। एक विडा लिन्छन्- मीठा। आफ्नो पुरानो कथा अलिकति सुनाउँछन्। विचरालाई पर्नुसम्म पीर पऱ्या'छ। आँखाभरि आँसु पार्छन्, त्यसै एकोहोरिन्छन्। कतैबाट मध्यस्थकर्ता पाए पुन: मूल धारमा फर्कने विचार छ- उनको।" पसलेले उनको सबै दु:खेसो सुनायो।

"यतिका वर्ष कहाँ हराएका रहेछन् ?" मैले आफ्नो कौतुहलता अझै पोखें। "खै, साथीसँगीको संगतको फल हो भन्छन्। विचरालाई हुनसम्म शरम भा'छ। हिजोका माननीय। जनतावीच चर्चित। सबैको आशाका किरण थिए- उनी। तर, आज यही वस्तीमा मान्छेको वीचमा हराएका छन्।"

मैले उहाँको वढी दु:ख सुन्न चाहिनँ। सायद दु:खको पीडा पचाउन पनि दह्रो मुटु चाहिन्छ क्यारे। वारुदजीको पछिल्लो कथा सुनेर मेरो जीउ थर्रर काप्यो। म आफ्नो कोठातिर लागें।

लामो समयपछि एकदिन मैले वारुदजीलाई हँसिलो मूडमा पाएँ। दाह्री काटिएको थियो। निधारमा रातो टीका थियो। उहाँले खुशीका साथ मसँग हात मिलाउनु भयो।

"वारुदजी किन लामो समयसम्म वेखबर हराउनु भयो नि ?" म यथार्थता जान्न चाहन्थें। तर, वारुदजीको शीर निहुरियो। फगत जवाफमा उहाँले भन्नुभयो- "जीवन जोखिममा थियो। सच्चाई लुकाउनु र वेखबर रहनु मेरो वाध्यता थियो, त्यो समयमा।" उहाँको गला रोकियो। आँखा रसाए।

"माफ गर्नुस् बारुदजी। मेरो सवालले तपाईंलाई पीडा भएजस्तो लाग्यो।" मैले आफ्नो सवाललाई सकारें।

"द्वन्द्व जिन्दगीको अभिन्न र अत्यावश्यक पाटो रहेछ। घातक द्वन्द्व मेरो लागि वाध्यता थियो। परिवर्तन मेरो अन्तिम लक्ष्य हो। तर, जनसम्पर्कबाट टाढा रहेर संचालन गरिने कुनै पनि द्वन्द्वहरु चाहे वैचारिक होस् वा आर्थिक वा साँस्कृतिक, परिणाममुखी हुन सक्दा रहेछन्। मेरो बारेमा विगतमा जे सुन्नु भो सायद ती सही पनि हुन सक्छन् र विगतको पछिल्लो केही वर्ष त्यही हो। तर, म पराजयको पीडा लिएर घर फर्किएको छैन। जीउनुको अर्थ साकार पार्न म मूल घर फर्केको हुँ। घर फर्कने क्रममा मेरो निधारमा टल्किएको रातो टीका विगतको रवाफिलो हैसियतभन्दा पनि गहुँगो अनुभूत भइरहेछ मलाई। जनताको स्वागत, मेरो सफलता हो। वरु, तपाई पनि मेरो कामको आलोचनात्मक टिप्पणी गर्दिनोस्।" वारुदजीको अश्रुनयनले खुशीको संचार गरिरहेको थियो। मैले उहाँको अनुरोधलाई स्वीकारें। हामी दुवै एकछिन नि:शब्द भयौं।

"घर छोड्नुको पीडा पनि असह्य हुन्छ क्यारे।" म मनमनै गमें। वारुदजीलाई एकपल्ट शीरदेखि पाउसम्म नियालें। उहाँको त्यत्रो जीउ खड्रङ्गै सुकेको। पोटिला गाला उखुको खोइला जस्ता ..... "खै के भा'हो, वारुदजीलाई ?"

"तर म चाहीं वन्दुक वोक्ने छैन, वारुदजी।" अनायास मेरो मुखबाट शब्द फुत्किये। वारुदजी झस्कनु भयो। आँखाभरि आँशु छचल्काउँदै मलाई एकहोरो हेरिरहनु भयो। ●

तथ्यांकमा नेपाल

उमेर समूह (वर्ष)	धर्म									
	जम्मा	हिन्दु	बौद्ध	मुस्लिम	किराँत	जैन	क्रिश्चियन	शिख	बहाई	अन्य
कूल	२२७३६९३४	१८३३०१२१	२४४२५२०	९५४०२३	८१८१०६	४१०८	१०१९७६	५८९०	१२११	७८९७९
०-४ वर्ष	२७५५२१३	२२१५६७५	२७८९६८	१४४२७४	९४१२२	३२१	११४७१	६५३	१४२	९५८७
५-९ वर्ष	३२११४४२	२५७६८८९	३३३५१३	१६१०४९	११३५४८	३६५	१४२९३	७१७	१६१	१०९०७
१०-१४ वर्ष	२९८१९३२	२३९३४७९	३२८१०९	१२३३६१	१११६३७	४०९	१३९४०	७२३	१९३	१००८१
१५-१९ वर्ष	२३८९००२	१९१९८९८	२६४८२७	८८६४२	९४६४३	४०१	११२३१	६५१	१४६	८५६३
२०-२४ वर्ष	२०१६७६८	१६३९८९७	२१४३१६	७५०६१	६९७७३	४१७	९५७५	६०७	१४१	६९८१
२५-२९ वर्ष	१७२५४७८	१४१३००८	१७४२३५	७०६८३	५२७५९	३८५	७९०२	४७३	८३	५९५०
३०-३४ वर्ष	१४८९५०३	१२१३६६९	१५३८७७	६०१६६	४८७६५	३४५	७०२६	४३१	७४	५१५०
३५-३९ वर्ष	१३१०६५३	१०६५०२९	१३६०३२	५४५७३	४३६२०	२९७	६१०९	३५९	५४	४५८०
४०-४४ वर्ष	१०८८०४४	८७८३२६	११७५०९	४२५५४	४०४००	२८१	४९२१	२५४	३०	३७६९
४५-४९ वर्ष	९२३३७३	७४५७२५	९९१७८	३६२७३	३४३३४	२३७	३९८२	२४५	३८	३३६१
५०-५४ वर्ष	७६६०५४	६१४९८९	८६५०८	२७२०२	३११८९	२००	३१३९	२०७	४१	२५७९
५५-५९ वर्ष	६०२०९३	४८५८१४	६७९५२	२०४४५	२३०२८	१२५	२३८८	१५६	३०	२१५५
६०-६४ वर्ष	५२०९०८	४१२९९८	६४१४०	१८४०७	२१११५	१०७	२१७७	१४७	२४	१७९३
६५+ वर्ष	९५६४७१	७५४७२५	१२३३५६	३१३३३	३९१७३	२१८	३८२२	२६७	५४	३५२३

श्रोत : केन्द्रीय तथ्यांक विभाग, जनगणना-०५८

बालबालिकालाई हत्या-हिंसाको शिकार नबनाऔं

बालअधिकारको सम्मान र संरक्षण गरौं ।

गत वर्ष वार्ता अवधिमा मारिएका

०५८ भदौ १४ - कार्तिक २८ गतेसम्म

राज्यद्वारा	माओवादीद्वारा
०	७

यस वर्ष युद्धविरामको अवधिमा मारिएका

०५९ माघ १५ - फागुन १२ गतेसम्म

राज्यद्वारा	माओवादीद्वारा
०	५

चन्द सरकार गठन भएपछि मारिएका

(०५९ असोज २५ - फागुन १२ गतेसम्म)



राज्य र माओवादीद्वारा मारिएका बालबालिका



राज्य र माओवादीद्वारा मारिएका

०५२ फागुन १ देखि ०५९ फागुन १२ गतेसम्म

पेशा	राज्यद्वारा	माओवादीद्वारा
कृषक	४०४	२२६
शिक्षक	१८	४९
राजनीतिक कार्यकर्ता	४७८३	२३१
प्रहरी	०	९९४
सैनिक	१	२२६
सामान्य जनता	१०१	१४९
विद्यार्थी	६८	३६
कर्मचारी	१५	३२
सामाजिक कार्यकर्ता	१	३
व्यापारी	८	१६
श्रमिक	३०	१७
कानून व्यवसायी	०	२
स्वास्थ्य कार्यकर्ता	१	२
पत्रकार	१	२
जम्मा	५४३१	१९८५

राज्य र माओवादीद्वारा मारिएका



संकटकाल समाप्त भएयता मारिएका

०५९ भदौ १३ - फागुन १२ गतेसम्म

राज्यद्वारा	माओवादीद्वारा
१०७०	४५१

दि एकाउन्टाबिलिटी अफ आर्म्ड अपोजिसन ग्रुप्स इन इन्टरनेशनल ल

सशस्त्र विपक्षी समूहद्वारा गरिएका कार्यका लागि अन्तर्राष्ट्रिय कानूनअन्तर्गत को उत्तरदायी हुन्छ ? अहिले आफ्नो राजनीतिक प्रभाव पार्नका लागि हुने प्रयासहरु राजनीतिक द्वन्द्वका रुपमा देखिएको पाइन्छ। प्रस्तुत पुस्तकमा यो मान्यतालाई ध्यानमा राख्दै सशस्त्र संघर्षमा संलग्न विरोधी समूहहरु पनि अन्तर्राष्ट्रिय कानूनहरु अन्तर्गत उत्तरदायी हुन्छन् भन्ने विश्लेषण गरिएको छ। प्रस्तुत पुस्तकमा भनिएको छ, अन्तर्राष्ट्रिय मानवीय कानून, अन्तर्राष्ट्रिय अपराध कानून र अन्तर्राष्ट्रिय मानवअधिकार कानूनले भिन्न-भिन्न पक्षलाई आफ्नो लक्ष्य बनाएका छन्। उदाहरणका लागि अन्तर्राष्ट्रिय मानवीय कानूनले आन्तरिक द्वन्द्वमा संलग्न पक्षहरुलाई आफ्नो सीमाक्षेत्रमा राखेको छ, जसमा राज्य पक्ष र सशस्त्र विरोधी पक्ष पर्दछन्। त्यसैगरी अन्तर्राष्ट्रिय अपराध कानूनले व्यक्तिका निश्चित कार्यहरुमा दण्डित गर्नुका साथै आपराधिक कार्य गरेका व्यक्तिलाई सजाय गर्न राज्यलाई दबाब दिन्छ। मानवअधिकार कानूनका प्रावधानहरु प्राथमिकरुपले राज्यमाथि लागू हुन्छन्।

लेखिका लेइसवेथ जेरभेल्डले द्वन्द्वहरु बढेको अवस्थामा त्यसमा संलग्न पक्षको कानूनी पहिचान गर्नुपर्ने आवश्यकता र अधिकारका लागि तिनीहरुको मागको वास्तविकता लेखाजोखा गरेकी छिन्। उनको अध्ययनले गैरराज्यपक्षद्वारा गरिएका कार्यहरु अथवा त्यस्ता कार्यहरु रोक्ने र समाधान गर्ने सवालमा रहेको असक्षमताका लागि को जिम्मेवार छ ? भन्ने मौलिक



प्रश्नमाथि ध्यान दिन अन्तर्राष्ट्रिय मानवीय कानून, मानवअधिकार कानून तथा अन्तर्राष्ट्रिय अपराध कानूनलाई अगाडि ल्याएको छ।

पुस्तकको शुरुमा विषयवस्तुको परिचय समावेश गरिएको छ। पुस्तकमा दुईवटा मुख्य भागअन्तर्गत विभिन्न अध्यायहरु समावेश गरिएको छ। पुस्तकको पहिलो अध्यायमा सशस्त्र विरोधी पक्षहरुमाथि अन्तर्राष्ट्रिय मानवीय कानूनको साझा धारा ३ र द्वितीय सन्धिपत्र, अन्तर्राष्ट्रिय मानवीय कानूनका अन्य नियमहरु, मानवअधिकार कानून र अन्तर्राष्ट्रिय अपराध कानून जस्ता कानूनी नियन्त्रणहरुवारे चर्चा गरिएको छ। दोश्रो अध्यायमा विरोधी पक्षद्वारा बन्दीहरुप्रति गरिनुपर्ने मानवीय व्यवहार, नागरिकको सुरक्षा जस्ता सवाल उल्लेख गरिएको छ।

पुस्तकको तेश्रो अध्यायमा समूहका नेताको उत्तरदायित्ववारे प्रकाश पारिएको छ भने चौथो अध्यायमा सशस्त्र विरोधी समूहको उत्तरदायित्वका लागि प्रमाण, त्यस्तो विशेषता देखाउने कार्यहरु, सफल सशस्त्र विरोधी समूह, उपयुक्त फोरमको खोजी जस्ता विषयहरु समाविष्ट छन्। पाँचौं अध्यायमा सशस्त्र विरोधी समूहका कार्यका लागि राज्यको उत्तरदायित्वको विश्लेषण गरिएको छ। त्यसैगरी छैठौं अध्यायमा उत्तरदायित्वका लागि खोजी शीर्षकमा व्यक्ती, समूह र राज्यस्तरको उत्तरदायित्व सम्बन्धी विश्लेषण गरिएको छ। पुस्तकको अन्त्यमा निष्कर्ष प्रस्तुत गरिएको छ।

प्रकाशक : क्याम्ब्रिज युनिभर्सिटी प्रेस
पृष्ठ संख्या : २६०
प्रकाशन स्थान : वेलायत
प्रकाशन मिति : सन् २००२
मूल्य : रु. ३,९६०/- (नेपालमा)
आईएसबीएन : ०-५२१-८११३०-९

छिस्स

बिर्खेको बाउसँगै उसको भाइ पनि काठमाण्डौ घुम्न आएको थियो। गाउँमा खाद्यान्न समस्याले सताइरहेको बेला बिर्खेको बाउले उसलाई शहरतिरै काम लगाउने विचारले काठमाण्डौ ल्याएका थिए। केही वर्षदेखि प्रतिकूल मौसमका कारण अन्न उत्पादनमा आएको कमीले गाउँमा अनिकाल निम्तिएको थियो। घरमा मुस्किलले ६-७ महिनासम्म दुःखजिलो गरी छाक टार्न पुग्ने मकै, कोदो, जौं र फापर थियो। त्यसो त बिर्खेको गाउँमा खेत नै कहाँ थियो र ? खेत नभएपछि धान फल्ने कुरै आएन। फेरि, दुई वर्षदेखि बाखा, कुखुरा बेचेर जोडेको दुई-चार पैसा शहरमा बसेको बिर्खेका लागि पढाई खर्च पठाउँदैमा हैरान थिए- बिर्खेका बाउ। गाउँभरि कोदो, सिस्नुको खोले र कन्दमुलबाहेक खानको लागि केही थिएन।

माइलो छोराले दुई चार पैसा कमाएर घर पठाएदिए त्यसबाट नुन-मट्टितेल र बेसाहा खोजेर प्राण धान्ने सपनासहित उनले माइलोलाई शहर ल्याएका थिए। बेलुका कोठामा पुगेपछि बिर्खेले पकाउने सुरसार गऱ्यो। कलिलै उमेरको माइलो हिँडाइ र बसको थकाईले निदायो। भात पाकेपछि बाउले उसलाई खान उठाए। निद्राबाट ब्यूझँदा उसले अगाडि थालमा भात देख्यो। कहिल्यै चामल नदेखेको माइलोले पाकेको भातका सितालाई किरा भन्ठान्यो र खान अन्कनायो। उसले बाउलाई भन्यो- "बा, म त खान्न।" बिर्खेका बाउले छोराको कुरा सुनेर सान्त्वना दिँदै भने- "खा, खा अघि बाउको श्राद्धेमा मैले पनि खा'को थिएँ।"

- के पी थपलिया

फ्रन्ट लाइन

विश्वभरका मानवअधिकार रक्षकहरु मानवअधिकारको विश्वव्यापी घोषणापत्रले जाहेर गरेका अधिकारहरुलाई यथार्थतामा परिणत गर्न कार्यरत छन्। यसक्रममा कैयौं मानवअधिकार रक्षकहरुले आफ्नो ज्यानको आहुति दिएका छन्। कैयौंले यातना भोगेका छन्। कैयौं गिरफ्तारी, बेपत्ता, कुटपिट र धम्कीका शिकार भएका छन्। मानवअधिकार रक्षकहरुको अदम्य साहसका लागि हामीहरु सबैको सहयोग र ऐक्यबद्धता अपरिहार्य हुन्छ। उनीहरु जीवित रहनुपर्दछ। कुनै पनि बहानामा मानवअधिकार रक्षकहरुको अधिकार हनन हुनुहुँदैन। किनकी, उनीहरु आ-आफ्नो क्षेत्रमा सामाजिक परिवर्तनको अभियानमा अग्रपंक्तिमा सक्रिय भएका हुन्छन्।

यही मान्यताका आधारमा कार्यरत फ्रन्ट लाइन मानवअधिकार रक्षकहरुको संरक्षणका लागि स्थापित अन्तर्राष्ट्रिय प्रतिष्ठान हो। मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा आधारित अधिकारहरुको बारेमा विभिन्न स्तरमा अभियान संचालन गर्ने मानवअधिकार रक्षकहरुको पक्षमा यसले वकालत गर्दछ। आयरल्याण्डस्थित यो संस्थाको वेभसाइट

www.frontlinedefenders.org हो।

फ्रन्ट लाइनले मानवअधिकारको क्षेत्रमा कार्यरत व्यक्तिहरुलाई सहयोग गर्दछ र यस क्षेत्रमा काम गरेवापत उनीहरुलाई शारीरिक तथा मानसिक हानी नहुने कुरामा जोड दिन्छ। मुख्यगरी जोखिममा रहेका मानवअधिकार रक्षकहरुप्रति यसको ध्यानोकर्षण हुने गर्दछ। यसका अलावा फ्रन्ट लाइनले मानवअधिकारको विश्वव्यापी घोषणापत्र र अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरुको बारेमा सचेतनता अभिबृद्धि गर्ने कार्य गर्दछ।

फ्रन्ट लाइनको वेभसाइट अरबी, अंग्रेजी, स्पेनिस र फ्रान्सेली भाषामा छ। वेभसाइटमा मानवअधिकार रक्षकहरुका लागि म्यानुअल समावेश गरिएको छ, जसमा मानवको बाँच्न पाउने अधिकार, यातनामुक्तिको स्वतन्त्रता जस्ता मानवअधिकारहरु र यिनको संरक्षणका लागि स्थापित अन्तर्राष्ट्रिय संयन्त्रहरुबारे जानकारी दिइएको छ। त्यसैगरी मानवअधिकार रक्षकको परिभाषा, फ्रन्ट लाइनका कार्यहरु, मानवअधिकार रक्षकहरुका कार्य र उद्देश्यहरु, मानवअधिकार रक्षकहरुसम्बन्धी घोषणापत्र, नागरिक तथा अन्तर्राष्ट्रिय अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, विभिन्न भाषामा मानवअधिकारको विश्वव्यापी घोषणापत्र, विभिन्न समाचार, सूचनाहरु, मानवअधिकार रक्षकहरुका अन्तर्राष्ट्रिय कार्यक्रमहरु आदि विषय समावेश गरिएको छ। त्यसैगरी मानवअधिकारका लागि राष्ट्रसंघीय उच्च आयुक्तको कार्यालय, एमनेष्टी इन्टरनेशनल, यातनाविरुद्धको विश्व संगठन जस्ता अन्तर्राष्ट्रिय संयन्त्र तथा संस्थाहरुको वेभसाइट लिंक पनि दिइएको छ।

प्रत्येक शनिबार
बिहान ८:३५ बजे
रेडियो नेपालबाट प्रशारण गरिने
मानवअधिकार शिक्षा
कार्यक्रम
सुन्न नभुलौं ।

कार्ययोजना कार्यान्वयनमा शंका गर्नुपर्ने ठाउँ छैन

तीर्थमान शाक्य राष्ट्रिय मानवअधिकार कार्ययोजना तर्जुमा सम्बन्धी परियोजनाका परामर्शदाता हुनुहुन्छ । ०५९ वैशाखदेखि सो परियोजनामा सल्लाह सुझावका लागि विशेषज्ञका रुपमा कार्यरत शाक्यले निजामती कर्मचारीतर्फ सर्वोच्च तहको जिम्मेवारीसमेत वहन गरिसक्नु भएको छ । उहाँ ०५६ साउनदेखि ०५८ चैतसम्म श्री ५ को सरकारको मुख्य सचिव हुनुहुन्थ्यो । व्यवस्थापनमा स्नातकोत्तर र कानूनमा स्नातक शाक्यले ०२८ फागुनमा सर्वोच्च अदालतको अधिकृत पदबाट सरकारी सेवा आरम्भ गर्नुभएको हो । उहाँ ०३१ मंसिरदेखि ०४९ कार्तिकसम्म कानून मन्त्रालयमा कार्यरत हुनुहुन्थ्यो भने ०४९ कार्तिकदेखि कानून सुधार आयोगमा सदस्य सचिव बन्नुभयो । ०५३ फागुनदेखि कानून मन्त्रालयको सचिवको जिम्मेवारी वहन गर्नुभएका शाक्य ०५६ साउनमा मुख्य सचिव नियुक्त भई ०५८ चैतदेखि सरकारी सेवाबाट अवकाशप्राप्त हुनुभयो । मानवअधिकार कार्ययोजनाका विविध पक्षका सम्बन्धमा प्रकाश झवालीले गरेको कुराकानी प्रस्तुत छ ।

मानवअधिकार कार्ययोजना भनेको के हो ?

देशमा मानवअधिकार उल्लंघन हुने स्थितिको अन्त्य गर्न, योजनाबद्ध किसिमले मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्न र यसको बारेमा नागरिकलाई सुसूचित गर्न सरकारी स्तर, गैरसरकारी क्षेत्र र नागरिक समाजबीच समन्वयात्मक रुपमा संचालन गरिने कार्यक्रमहरु समावेश गरी तयार गरिने आवधिक योजना हो।

यसको शुरुवात कसरी भएको हो ?

विभिन्न राष्ट्रहरुद्वारा विभिन्न महासन्धिहरु अनुमोदन/सम्मिलन भएपछि पनि मानवअधिकारको स्थितिमा प्रगति नभएको स्थितिलाई ध्यान दिई सन् १९९३ मा संयुक्त राष्ट्रसंघद्वारा भियनामा आयोजित विश्व सम्मेलनले प्रत्येक राष्ट्रहरुले राष्ट्रिय मानवअधिकार कार्ययोजना बनाउने कुरालाई अनुमोदन गरेको थियो। त्यसैअनुरुप केही राष्ट्रहरुले कार्ययोजना बनाइसकेका छन् भने केही बनाउने क्रममा छन्। सन् १९९९ मा बैंककमा सम्पन्न एशिया प्यासिफिक क्षेत्रीय बैठकमा नेपालले पनि संयुक्त राष्ट्रसंघबाट त्यसखालको सहयोग भएमा मानवअधिकार कार्ययोजना बनाउने इच्छा जाहेर गरेको थियो।

त्यसपछि संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) ले पहल गरेर संयुक्त राष्ट्रसंघ र मानवअधिकार सम्बन्धी उच्च आयुक्तको कार्यालयको सहभागितामा खडा गरिएको मानवअधिकार सुदृढीकरण परियोजनामार्फत् सरकारी तथा गैरसरकारी क्षेत्रका व्यक्तिहरुसँग छलफल गरेर नेपालमा मानवअधिकार कार्ययोजना बनाउनु उपयुक्त छ भन्ने महसुस भयो। त्यसपछि यसको मोडालिटी तयार गरियो। सन् २००० मा नेपालमा पुनः बैठक भयो। बैठकद्वारा कार्ययोजनाका लागि स्टेयरिङ कमिटी, यसका काम, मोडालिटी जस्ता कुरा सिफारिस भयो। त्यसपछि तयार पारिएको डकुमेन्ट श्री ५ को सरकारबाट स्वीकृत भएपछि स्टेयरिङ कमिटी बन्यो। जसमा मुख्य सचिव अध्यक्ष रहनुभएको छ भने श्री ५ को सरकारका ८ जना र गैरसरकारी संस्थाका ८ जना प्रतिनिधिहरु रहनुभएको छ। त्यस्तै स्टेयरिङ कमिटीको कामलाई सहयोग पुऱ्याउन ७ जनाको सल्लाहकार समूह खडा भएको छ। त्यसमा खासगरी नागरिक समाज र गैरसरकारी क्षेत्रका व्यक्तिहरु रहनुभएको छ।

यसका उद्देश्यहरु के-के हुन् ?

नेपालले मानवअधिकार सम्बन्धी १६ वटा अन्तर्राष्ट्रिय महासन्धि अनुमोदन र २ वटा प्रोटोकलमा सही गरिसकेको छ। त्यस्ता अन्य महासन्धिमा पनि पक्षराष्ट्र बन्ने भएकाले पक्ष बनिसकेपछि त्यसको व्यवस्थित ढंगले कार्यान्वयन गर्दै अगाडि बढाउनुपर्ने अन्यथा, नेपालले महासन्धिहरु अनुमोदन चाहीँ गर्छ, कार्यान्वयन गर्दैन भन्ने जुन किसिमको आक्षेप लागिरहेको छ, कार्ययोजना तयार गर्दा त्यसलाई पनि विचार गरिएको छ। विभिन्न महासन्धिहरुको कार्यान्वयनका लागि विभिन्न कार्यक्रम बनाएर अगाडि बढ्ने र त्यसअन्तर्गत प्रत्याभूत अधिकारहरु विभिन्न क्षेत्रहरु जस्तै: महिला, बालबालिका, दलित, पिछडिएका, अपांग सबैले उपभोग गर्न पाउने व्यवस्था होस् भनेर कार्ययोजनाले १२ वटा विषय व्यवस्था गर्न खोजेको छ। शिक्षा, स्वास्थ्य, बालबालिका, महिला, कारागार व्यवस्था, कानूनी व्यवस्था, न्याय प्रशासन, द्वन्द्व व्यवस्थापन, संस्थागत सुदृढीकरण, वातावरण तथा दिगो विकास आदि विषयमा यो कार्ययोजनाले विस्तृत कार्यक्रम बनाएर अगाडि ल्याउन खोजिरहेको छ।

अहिलेसम्म के-के काम भयो ?

यस सम्बन्धी कार्य १४ अप्रिल २००२ देखि भएको हो। शुरुको चरणमा १३ वटा जिल्लामा कार्यशाला गोष्ठी सम्पन्न भयो। त्यसमा सरकारी कार्यालय प्रमुखहरु, गैसस, मानवअधिकार संस्थाका प्रतिनिधिहरु, शिक्षक, पत्रकार आदिको सहभागितामा उल्लेखित १२ विषयमा समस्या र निराकरणसम्बन्धी सुझाव र कार्ययोजना संकलन गरिएको थियो। प्रत्येक जिल्लाबाट आएका सुझावलाई समावेश गरेर पाँच विकास क्षेत्रमा गोष्ठी गरियो। क्षेत्रबाट आएका सुझाव पनि समावेश गरी गत महिना पहिलो राष्ट्रिय परामर्श बैठक भयो। त्यसबाट थप सुझावहरु आएका छन्।

कार्ययोजना बनाउने काम कहिले सकिन्छ ?

अहिले सुझावहरु समावेश गरेर कार्ययोजना सम्पादन र परिमार्जन भइरहेको छ। त्यसलाई फेब्रुवरीभित्र परिमार्जन गरेर यसको अन्त्यतिर वा मार्चको पहिलो हप्तातिर दोश्रो परामर्श बैठक गर्ने योजना छ। त्यो बैठकबाट पहिलो बैठकमा जस्तो त्यति धेरै थपघट नहोला। त्यस बैठकबाट आएका राम्रा सुझावहरुलाई समावेश गरेर श्री ५ को सरकारको निर्णयका निम्ति मन्त्रिपरिषद सचिवालयमा बुझाइने छ। र, मार्च महिनाभरिमा श्री ५ को सरकार मन्त्रिपरिषद्बाट स्वीकृति प्रदान हुनेछ भन्ने लागेको छ। स्वीकृत हुनासाथ त्यहाँबाट आएका निर्देशन तथा सुझावहरुलाई समेत समावेश गरी नेपाली र अंग्रेजी दुवै भाषामा प्रकाशित गर्ने र अप्रिल १४ अर्थात् ०६० सालको हाम्रो नयाँ वर्षका दिन सार्वजनिक गरिनेछ।

कार्ययोजनामा आधारभूत तहका जनताको मानवअधिकारका सवाललाई कसरी समेटिएको छ ?

बालबालिकाको अधिकारसम्बन्धी कुरा गर्दा, बालअधिकार महासन्धि (CRC) छ। त्यसले राज्यद्वारा विभिन्न कार्यहरु गरिनुपर्ने देखाएको छ। त्यसबमोजिम केही कार्य भएका छन्। नेपालले महासन्धि अनुमोदन गरिसकेपछि यससम्बन्धी मन्त्रालय बन्यो, केन्द्रीय बालकल्याण समिति, जिल्ला बालकल्याण समिति बने। त्यसलाई अझ सुदृढ गर्नुपर्ने र महासन्धि बमोजिम राज्यको दायित्व पूरा गर्नुपर्ने कार्यलाई योजनामा राखिएको छ। त्यस्तै महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) को पनि पक्ष भइसकेका छौं। त्यस बमोजिम महिला हकहित र अधिकारका लागि राज्यले गर्नुपर्ने कामहरुमध्ये भइरहेकालाई सुदृढीकरण र प्रभावकारी बनाउने, नभएका कामहरु शुरु गर्ने भन्ने कुरा यो कार्ययोजनामा उल्लेख छ। त्यस्तै स्वास्थ्य, शिक्षा आदि क्षेत्र पनि समेटिएको छ। जनतामा मानवअधिकारप्रतिको सचेतना जागृत गर्न र मानवअधिकारको संस्कृति विकास गर्न कार्ययोजनाले शिक्षाको सवाललाई जोड दिएको छ। अहिले प्राथमिक तहदेखि नै शिक्षामा मानवअधिकारसम्बन्धी सवाल समावेश गरियो भने जनतामा जागृति बढ्छ र मानवअधिकार संस्कृतिको विकास हुन्छ भन्ने विचार गरी कार्ययोजनामा विद्यालयको

पाठ्यक्रममा मानवअधिकारको अवधारणा समावेश गर्ने भनिएको छ। विभिन्न पेशाका व्यक्तिहरुलाई पनि मानवअधिकारको अवधारणाबारे जानकारीको आवश्यकता औंल्याइएको छ। खासगरी नीति निर्माणको तहमा रहेकाहरु नेपालले अनुमोदन गरेका विभिन्न महासन्धिहरुमा राज्यको के-कति दायित्व छ ? हाम्रो भूमिका के-कस्तो हुनुपर्छ ? भन्नेबारे जानकार हुनुपर्‍यो भन्ने मान्यता राखिएको छ। अहिले विभिन्न पेशाका व्यक्तिहरुलाई तालीम प्रदान गर्ने विभिन्न संस्था, केन्द्रहरु छन्। यस्ता संस्थाहरुको पाठ्यक्रममा पनि मानवअधिकारको सवाललाई समावेश गर्नुपर्छ भन्ने कुरा कार्ययोजनामा उल्लेख छ।

जहाँसम्म आधारभूत तहका जनताको मानवअधिकार भन्ने कुरा छ, जनस्तरमै शिक्षा, स्वास्थ्य सेवा आदि पुऱ्याउने कुरा उल्लेख छ। अर्कातर्फ, नीतिगत तहमा पनि मानवअधिकारका कुराहरु पुऱ्याउन सकियो भने यो पञ्चवर्षीय योजनामा सबैले महसुस गर्नेखालको उल्लेखनीय प्रगति नभएता पनि विकास र परिवर्तनको प्रकृया भएको हुनाले उल्लेखनीय र सबैमा अनुभूत हुने खालको प्रगति पनि पक्कै हुनेछ।

कार्ययोजनामा उल्लेख गरिएका कुराहरु कार्यान्वयन होलान् त ?

यो श्री ५ को सरकार र यूएनडीपीको परियोजना हो। त्यसमाथि पनि कार्ययोजना कार्यान्वयनको जिम्मेवारी विभिन्न मन्त्रालय र निकायहरुमाथि भएको हुनाले यसको जिम्मा पनि श्री ५ को सरकारले लिएको छ। मुख्य सचिव नै स्टेयरिङ कमिटीको अध्यक्ष हुनुभएको छ। त्यो कमिटीमा अन्य ८ वटा मन्त्रालयका सचिवहरु पनि छन्। त्यसकारण परियोजना शुरुमा नै मन्त्रालयका उत्तरदायीपूर्ण व्यक्तिहरु समावेश भएर संचालित छ। कार्ययोजनामा मन्त्रिपरिषद् सचिवालयमा नै एउटा मानवअधिकार इकाई खडा गर्नुपर्ने कुरा गरिएको छ, जसले विभिन्न मन्त्रालयहरुबाट यस योजनाबमोजिम गर्नुपर्ने काम कारवाहीको अनुगमन र समन्वयको व्यवस्था गर्ने, त्यसको मूल्यांकन तथा प्रतिवेदन तयार गर्ने जस्ता कार्य गर्नेछ। यही कार्ययोजनामा राष्ट्रिय मानव अधिकार आयोगलाई पनि अनुगमन र मूल्यांकनका लागि सक्षम बनाउनुपर्ने कुरा उल्लेख छ। कानून मन्त्रालयमा पनि मानवअधिकार सम्बन्धी एउटा महाशाखा खोलेर नेपाल पक्ष भएका महासन्धिहरुको अध्ययन, अनुसन्धान गर्ने, त्यस बमोजिम गर्नुपर्ने कार्यहरु पहिचान गर्ने, सम्बन्धित मन्त्रालयहरुको ध्यानाकर्षण गर्ने, महासन्धिहरुको प्रतिवेदन पठाउने जस्ता काम हुन सक्छ। अर्को कुरा, यसलाई पञ्चवर्षीय योजनाको पूरक जस्तो बनाइएकाले राष्ट्रिय योजना आयोगको अनुगमन इकाईले पनि योजनाको अनुगमन गर्दा यसको पनि अनुगमन गर्दछ। नागरिक समाज र गैरसरकारी संस्था आफै पनि यो कार्ययोजना निर्माणमा संलग्न भएकाले उनीहरुले यसलाई ध्यान दिएका हुन्छन्। त्यसकारण राष्ट्रिय योजना आयोग, राष्ट्रिय मानव अधिकार आयोग, मन्त्रिपरिषद सचिवालयमा रहने मानवअधिकार सम्बन्धी इकाई, कानून तथा न्याय मन्त्रालयमा स्थापना हुने मानवअधिकार महाशाखा इत्यादीले कार्य गर्न थाले पछि र यसलाई रेखदेख, अनुगमन गर्ने र जिम्मेवारी लिने विभिन्न निकाय भएकाले अरु कार्ययोजना जस्तो थन्किने स्थिति रहँदैन।

सरकार र गैरसरकारी संस्थाबीच कस्तो समन्वय छ ?

कार्ययोजना बनाउने सवालमा नै स्टेयरिङ कमिटीमा मुख्य सचिवसमेत १७ जना भएकोमा ८ जना गैरसरकारी संस्था तथा नागरिक समाजका प्रमुखहरु र ८ जना श्री ५ को सरकारका सचिवहरु हुनुहुन्छ। जिल्लामा भएका कार्यक्रममा पनि श्री ५ को सरकारका पदाधिकारी र कतिपय ठाउँमा गैरसरकारी संस्थाका प्रमुखहरु श्रोतव्यक्तिको रुपमा संलग्न हुनुहुन्थ्यो। कार्ययोजना बनाउन गैरसरकारी संस्था र नागरिक समाजको तर्फबाट पनि सक्रिय भूमिका निर्वाह भएको छ। कार्ययोजनामा सरकारले लादेको वा गैरसरकारी संस्थाले भनेको कुरा मात्र छैन। सरकार, गैरसरकारी संस्था र जनताले भनेका कुराहरुलाई राखिएको छ। स्टेयरिङ कमिटी वा सरकारले ल्याएका समस्या मात्र होइन, जिल्ला-जिल्लाबाट व्यक्त समस्याहरुलाई सूचीबद्ध गरिएको छ। ती समस्या समाधान गर्न के-कस्तो काम गर्नुपर्छ भन्ने सुझाव पनि आएको छ।

जिल्लाबाट आएका सबै सुझावहरुलाई समेटिएको छ ?

प्रत्येक जिल्लाबाट आएका समस्याहरुलाई कार्ययोजनामा राखिएको छ। समस्या पहिचान एवम् समाधानका उपाय पत्ता लगाउने उद्देश्यले जिल्ला-जिल्लामा गोष्ठी संचालन गरिएको थियो। १३ जिल्ला र ५ विकास क्षेत्रमा सम्पन्न गोष्ठीबाट आएका समस्याहरुलाई सूचीबद्ध गरी, दोहोरिएकालाई हटाई एउटा निश्चित संरचनामा राखेर समस्या निराकरण गर्न के-कस्ता कार्यक्रम संचालन गर्नुपर्छ र त्यसले कुन उद्देश्य हासिल गर्ने कार्यक्रम संचालन गर्न कुन निकाय संलग्न हुनुपर्छ ? भन्ने जस्ता कुरा पनि उल्लेख छ।

कस्ता समस्याहरुमा बढी जोड दिइएको छ ?

अहिलेको सबैभन्दा ठूलो समस्या चेतनाको कमी हो। त्यसकारण जनचेतना जगाउने, पाठ्यक्रममा समावेश गर्ने, तालीम/प्रशिक्षण केन्द्रहरुमा पनि मानवअधिकारको अवधारणालाई राख्ने, स्थानीय निकायलाई संलग्न गराएर मानवअधिकारका कार्यक्रमहरु संचालन गर्ने, मानवअधिकारबारे जनता, सरकार वा विभिन्न ओहदाका पदाधिकारीहरु सबैले थाहा पाउनुपर्छ भन्ने कुरामा मुख्य जोड दिइएको छ। पहिलो प्रयासमा जनचेतना जगाउने, द्विविधापूर्ण कानूनहरुमा सुधार गर्ने जस्ता कार्य गर्नु पर्दछ। निरन्तररुपमा गर्नुपर्ने विकासका कार्यक्रमहरु सम्बन्धित मन्त्रालय, पञ्चवर्षीय योजना अन्तर्गत परेका छन्। कार्ययोजनामा आधारभूत कुराहरुमा नै जोड दिइएको छ। राजनीतिक, नागरिक, सामाजिक, साँस्कृतिक, आर्थिक अधिकारहरु कायम र वहाली गर्न यो कार्ययोजनाले शुरुको दस्तावेजका रुपमा काम गर्न गइरहेको छ।

अर्को पक्ष, भोगिरहेका समस्यालाई अधिकारमा आधारित भएर हेर्ने चेतनाको कमी छ। उदाहरणका रुपमा हाम्रो गाउँमा पानी आउँदैन भन्ने थाहा छ तर बाँच्न पाउने अधिकारअन्तर्गत पानीको सुविधा अधिकार हो। छोरीले पढ्न पाएन भन्ने थाहा छ तर विभिन्न महासन्धि, संविधान अन्तर्गत छोरीले पढ्न पाउने अधिकार हो भन्ने थाहा छैन। विकासको क्रमलाई अधिकारमा आधारित दृष्टिकोणबाट लैजाने प्रयत्न हुनु पर्दछ। अहिलेको सबैभन्दा ठूलो समस्या भनेको शिक्षा, स्वास्थ्य, पानी आदि सवाललाई देशका कुनाकाप्चामा पुऱ्याउनु पहिलो प्राथमिकता हो। त्यो सबै पुगेपछि मात्र मनोरञ्जन वा अन्य थप अधिकारहरुको कुरा आउँछ। अहिले आधारभूत कुरा मात्र पुऱ्याउनेतर्फ बढी ध्यान दिइएको छ।

यसको कुनै समयावधि निश्चित गरिएको छ कि छैन ?

प्रत्येक कार्यक्रम कहिले शुरु गर्ने र कति वर्षसम्म सिध्याउने भन्ने उल्लेख गरिएको छ। कतिपय कार्यहरु चाहीँ निरन्तर रुपमै संचालन गर्नुपर्ने हुन्छ। यी कुरालाई कार्ययोजनामा प्रष्ट लेखिएको छ। कुनै कार्यक्रमहरु, जस्तै: ऐनको पुनरावलोकन गर्ने जस्ता कुरा योजना कार्यान्वयनमा आउनेबित्तिकै शुरु गर्नुपर्ने हुन्छ। अन्य कुराहरु यथावत् रहेको अवस्थामा सबै व्यवस्था भयो भने योजना कार्यान्वयनमा आएको तीन वर्ष भित्र कानूनहरुको भागचाहीँ सकिने हिसाबले समयावधि तोकिएको छ।

कार्ययोजना कार्यान्वयनका लागि के-कस्ता चुनौति देख्नुभएको छ ?

सीमित साधन/श्रोतबाट चल्नुपर्ने भएकाले आवश्यक मात्रामा प्राप्त नहोला, श्रोत/साधन नजुट्ला भन्ने ठूलो चुनौति हो। दोश्रो चुनौति भनेको सम्बन्धित निकायहरु सक्रिय र प्रभावकारी रुपमा अगाडि नबढ्लान्, निस्क्रिय होलान् भन्ने हो। तर, यो गर्नुपर्ने काम हो भनेर सबै अगाडि आए भने श्रोत साधन कम भएको अवस्थामा पनि केही काम हुनसक्छ।

कार्ययोजना कार्यान्वयन हुन्छ भन्ने कुरामा कत्तिको विश्वस्त हुनुहुन्छ ?

यो संस्थागत स्थापना र सुदृढीकरणको प्रकृयामा सरकारी तथा गैरसरकारी संस्थाको समन्वयात्मक संलग्नता रहेको, पञ्चवर्षीय योजनाको पूरकको रुपमा आएको, विदेशी दातृ संस्थाहरुले पनि समर्थन गरेको र संयुक्त राष्ट्रसंघ स्वयम्को आव्हानमा तयार पारिएको हुनाले पनि यसको कार्यान्वयन हुन्छ र त्यसमा शंका गर्नुपर्ने ठाउँ छैन।

कार्ययोजना लागू भएको कुरा जनताले कहिलेदेखि प्रत्यक्ष थाहा पाउनेछन् ?

बनाउनुपर्ने कानूनहरु दुई-तीन वर्षभित्र नै बनाइसक्नु पर्छ। शिक्षामा मानवअधिकारको विषय समावेश गरिनासाथ प्रत्येक विद्यार्थीले त्यो कुरा कार्ययोजना बमोजिम आएको हो भन्ने थाहा पाउनेछन्। प्रत्येक शिक्षण संस्थामा तालीम दिने बेलामा पनि मानवअधिकारको सवाल राखियो भने त्यो प्रत्यक्ष देखिन्छ। त्यस्तै स्वास्थ्य चौकी, हेल्थपोष्टमा आवश्यक जनशक्तिको व्यवस्था भयो भने त्यसको अनुभूति त पक्कै हुन्छ।

No Child Should be Deprived of Education

का. जि. का. द. नं. २१/४९/५०



इन्सेकका पहिल्ला प्रकाशनहरु